news 24 दैनिक

वर्ष १३ अंक १६ राष्ट्रिय दैनिक | ५ भदौ २०८२, बिहीबार भदौ कृष्ण त्रयोदशी | नेपाल संवत् ११४५ | Thursday 21 August 2025 | www.news24dainik.com | पृष्ठ ८ | मूल्य १० रुपैयाँ

# भारत–चीन लिपुलेकमार्फत व्यापार सहमति

## परराष्ट्र मन्त्रालयले भन्यो– नेपालले आफ्नो भूमिमा दाबी छाडेको छैन

- नेपालकै भूभाग प्रयोग गरेर भारत-चीन व्यापार तयारी
- २०७७ सालमा जारी नक्साले प्रष्ट पारेको दाबीलाई बेवास्ता
- कूटनीतिक पहल तुरून्तै गर्नुपर्ने आवश्यकता

**काठमाडौं, भदौ ४**

भारत र चीनबीच विवादास्पद लिपुलेक पास प्रयोग गरी द्विपक्षीय व्यापार खोल्ने सहमति भएको छ। नेपालले आफ्नो भूभाग भएको दाबी गर्दै आएको लिपुलेकमार्फत छिमेकीले व्यापार गर्ने निर्णय गर्दा नेपाल सरकारले भने उक्त भूभागमा आफ्नो दाबी नछाडेको स्पष्ट पारेको छ। चिनियाँ विदेशमन्त्री वाङ यी दुई दिने भारत भ्रमणमा रहेका बेला भारतीय विदेशमन्त्री एस. जयशंकरसँगको वार्तामा लिपुलेकहुँदै व्यापार बढाउने द्विपक्षीय सहमति भएको भारतीय विदेश मन्त्रालयले बुधबार सार्वजनिक गरेको हो।

यो त्रिदेशीय नाकामा यसअघि पनि भारत र चीनले नेपाललाई छलेर द्विपक्षीय सम्झौता गर्दै आएका थिए। पछिल्लो सम्झौता तेस्रो चरण हो।


परराष्ट्र मन्त्रालयले बुधबार साँझ विज्ञप्ति जारी गर्दै नेपाली भूमि लिपुलेक हुँदै भारत-चीनबीच सीमा व्यापारका विषयमा मिडियाबाट सोधिएका प्रश्नका सम्बन्धमा परराष्ट्र प्रवक्ताको जवाफ भन्दै ३ बुँदामा आफ्नो भनाइ प्रष्ट पारेको छ।

'संविधानमा नेपालको आधिकारिक नक्सा समावेश भइसकेको र उक्त नक्सामा महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भू-भाग रहेको तथ्यमा नेपाल सरकार स्पष्ट छ,' विज्ञप्तिमा भनिएको छ, 'नेपाल सरकारले भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण/विस्तार, सीमा व्यापार जस्ता कुनै पनि क्रियाकलाप नगर्न आग्रह गर्दै आएको व्यहोरा पनि विदितै छ। उक्त क्षेत्र नेपाली भू-भाग रहेको विषय मित्रराष्ट्र चीनलाई समेत जानकारी गराइसकिएको बेहोरा पनि अवगत नै छ।'

विज्ञप्तिको तेस्रो बुँदामा 'नेपाल-भारतबीच रही आएको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको मर्म र भावनाअनुसार ऐतिहासिक सन्धि-सम्झौता, तथ्य, नक्सा र प्रमाणको आधारमा दुवै देशबीचको सीमा समस्या कूटनीतिक माध्यमबाट समाधान गर्न नेपाल सरकार प्रतिबद्ध रहिआएको छ,' भनिएको छ। यसैबीच लिपुलेकमा चीन र भारतको सहमतिको विरोधमा अखिल क्रान्तिकारीले काठमाडौंमा प्रदर्शन गरेको छ। नेपाली भूमि जोगाउने विषयमा सरकार मूकदर्शक भएर बस्न नहुने भन्दै उनीहरूले नाराबाजी गरे।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कर नीतिबाट आजित भएको अवस्थामा भारत र चीन नजिकिएका छन्। सम्बन्ध सुधारका लागि दुईदिने भ्रमणमा नयाँदिल्ली पुगेका चिनियाँ विदेशमन्त्री वाङले भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, विदेशमन्त्री एस जयशंकर र राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग भेट गरेका थिए।

बाँकी पृष्ठ २ मा...



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ विदेशमन्त्री वाङ यी नयाँ दिल्लीमा मंगलबार भेटवार्ता गर्दै। *तस्बिर : सिन्ह्वा*

### 'संवादका लागि खुला छौं'

सीमा विवादको विषयमा नेपालले गरेको टिप्पणीबारे सञ्चारमाध्यमको जिज्ञासाको जवाफमा भारतीय विदेश मन्त्रालयले आफ्नो भनाइ सार्वजनिक गरेको छ। प्रवक्ता रणधीर जैसवालले भनेका छन् - 'लिपुलेक भञ्ज्याङ हुँदै भारत र चीनबीच सीमा व्यापार पुनः सुरु गर्ने सम्बन्धमा नेपालको परराष्ट्र मन्त्रालयको टिप्पणीलाई हामीले ध्यानमा राखेका छौं। यस सम्बन्धमा हाम्रो अडान निरन्तर र स्पष्ट छ। लिपुलेक भञ्ज्याङ हुँदै भारत र चीनबीचको सीमा व्यापार सन् १९५४ मा सुरु भएको थियो र दशकौंदेखि चल्दै आएको छ। यो व्यापार हालैका वर्षहरूमा कोभिड र अन्य घटनाक्रमका कारण अवरुद्ध भएको थियो, र अहिले दुवै पक्ष यसलाई पुनः सुरु गर्न सहमत भएका छन्। जहाँसम्म क्षेत्रीय दाबीको सवाल छ, हाम्रो अडान यथावत छ कि त्यस्ता दाबीहरू न त न्यायोचित छन् न त ऐतिहासिक तथ्य र प्रमाणमा आधारित छन्। कुनै पनि एकपक्षीय रूपमा कृत्रिम तरिकाले क्षेत्रीय दाबी बिस्तार गर्नु अस्वीकार्य छ। सहमत भएका बाँकी सीमा विवादहरूलाई संवाद र कूटनीतिमार्फत समाधान गर्न भारत नेपालसँग रचनात्मक अन्तरक्रियाका लागि सदैव खुला छ।'

# सर्वोच्चमा संवैधानिक इजलास विवाद, मुद्दा सुनवाइ ठप्प

**काठमाडौं (संवाददाता)–** सर्वोच्च अदालतमा संवैधानिक इजलास बस्न नसक्दा मुद्दामा सुनुवाइ हुन सकेका छैनन्। गत असार १८ मा संवैधानिक निकायका ५२ जना पदाधिकारीको नियुक्ति सम्बन्धी विवादको फैसला भएयता संवैधानिक इजलास बस्न सकेको छैन। सर्वोच्चमा २३० वटा संविधानसँग बाझिएका संवैधानिक इजलासले हेर्नुपर्ने मुद्दा छन्।

- गोला प्रक्रिया आधारित गठन प्रस्तावले अवरोध
- बुधबारको फुलकोर्टले लिन सकेन ठोस निर्णय
- संविधानसँग बाझिएका मुद्दा हेर्नै बन्द

बुधबार र शुक्रबारका लागि संवैधानिक इजलास गठन हुँदै आएको थियो। संवैधानिक इजलासमा पनि गोला प्रक्रियाका माध्यमबाट तोक्नुपर्ने विषयले प्रवेश पाएपछि अवरोध खडा भएको हो। संसद्का विवाद, संविधानसँग बाझिएका विभिन्न विवादहरूलाई संवैधानिक इजलासमा दर्ता गरी निर्णय दिने गरिएको छ। पछिल्लो समयमा सर्वोच्चमा संवैधानिक इजलास गठनको विवाद बढेको छ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत अन्य इजलासमा जस्तै संवैधानिक इजलासमा पनि गोला प्रक्रियाबाट न्यायाधीश छान्ने मनस्थितिमा छन्। तर, वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्ललगायतका न्यायाधीशहरू साबिककै वरिष्ठतालाई आधार मानेर संवैधानिक इजलास गठन हुनुपर्ने पक्षमा छन्।

बाँकी पृष्ठ २ मा...

## भित्री पृष्ठमा



**किन असफल बन्दैछ लोकतन्त्र**

*प्रादेशिक सरकार कमजोर अधिकारको अवस्थामा छन्, जसले संघीयता र लोकतन्त्रको मूल उद्देश्यलाई कमजोर बनाइरहेको छ। (सूर्यप्रसाद श्रेष्ठको विचार)*

- हेटौंडाको अस्तव्यस्त अस्पताललाई एमबीबीएस कार्यक्रम
- दिल्लीकी मुख्यमन्त्री गुप्तालाई झापड, आरोपित पक्राउ
- इरानबाट फर्किंदै गरेका अफगानी सवार बस दुर्घटना, ७९ को मृत्यु
- रुपन्देहीमा ५ अर्ब ७९ करोडको इन्धन डिपो निर्माण तयारी

# बाल सुधारगृहमा ३० वर्षसम्मका !

**काठमाडौं, भदौ ४**

विराटनगर बाल सुधारगृहको ५० जना बालबालिका राख्ने क्षमता हो। त्यहाँ १२ देखि ३० वर्ष उमेर समूहका २५० जना बालबालिकासहित राखिएका छन्। गत साता त्यही बाल सुधारगृहमा झडप हुँदा नियन्त्रणमा लिन प्रहरीलाई हम्मे परेको थियो।

बालबालिका जानअञ्जानमा गरेका कानूनविपरीतका गतिविधिमा कसुरवार ठहर हुँदा सुधारका लागि राख्न देशभर ९ वटा बालगृह छन्। पाँचवटा सरकारले चलाएको छ भने चार गैरसरकारी संस्थाद्वारा सञ्चालित छन्।

- बालबालिकासँगै वयस्क राख्दा बालगृह असुरक्षित,
- संशोधन विधेयक संसद्मा
- संशोधनमा १२ वर्षमाथिलाई मुद्दा चलाउने व्यवस्था
- बाल अदालत र न्यूनतम बल प्रयोगले सुधारगृह असुरक्षित



कारागार व्यवस्थापन विभागको तथ्यांकअनुसार ती बालगृहमा जम्मा १ हजार ३ सय ७४ जना बालबालिका छन्। कानूनले १८ वर्ष मुनिकालाई बालबालिका मान्छ। तर, बालगृहमा वयस्कको संख्या बढ्दै जाँदा बालगृह पनि असुरक्षित हुँदै गएपछि सरकारले कानून संशोधन गर्न लागेको छ। बाल सुधारगृह, बालबालिकालाई व्यवस्थित गर्न सरकारले बालबालिकासम्बन्धी (पहिलो संशोधन) विधेयक २०८२ संसद्मा पुऱ्याएको छ। बुधबारको प्रतिनिधिसभा बैठकमा बाल सुधारगृहमा आएका समस्या समाधानका लागि कानून संशोधन गर्न लागिएकोबारे छलफल भएको थियो।

बाँकी पृष्ठ २ मा...

# एमालेले बोलायो केन्द्रीय कमिटी बैठक

काठमाडौं। सत्तारुढ दल एमालेले पार्टीको केन्द्रीय कमिटी बैठक बोलाएको छ। ललितपुरको च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयमा भदौ १३ गते बिहान ११ बजे केन्द्रीय कमिटीको १० औं बैठक बोलाइएको हो।

कार्यालय सचिव डा. भीष्म अधिकारीका अनुसार बैठक दोस्रो विधान महाधिवेशनको तयारीमा केन्द्रित रहनेछ। बैठकमा महाधिवेशनमा पेस गर्ने विधान संशोधन प्रस्ताव प्रतिवेदनबारे छलफल गरिने जानकारी उनले दिए। विधान संशोधन प्रस्ताव प्रतिवेदन पार्टी उपाध्यक्ष विष्णुप्रसाद पौडेलले पेस गर्नेछन्। एमालेले विधान संशोधन प्रस्तावमाथिको सुझाव पठाउन मातहतका कमिटीलाई यही भदौ १० गतेसम्मको समयसीमा दिएको छ।

बाँकी पृष्ठ २ मा...



## बाल सुधारगृहमा...

'१८ वर्ष उमेर पुगेपछि फेला परेमा त्यस्तो व्यक्तिलाई कानूनअनुसार कैदमा पठाउनुपर्नेछ। बाल सुधारगृहमा रहेको १८ वर्ष पूरा भएको व्यक्तिलाई फौजदारी कसूर मानिने काम गरेमा अदालतको अनुमतिमा हिरासतमा राखिनेछ। अदालतले धरौटी वा जमानत मागेर, कैदमा राख्न कारागार पठाउनसक्नेछ,' नयाँ व्यवस्था थपिएका छन्।

अबदेखि बाल अदालतको आदेशबमोजिम क्षतिपूर्ति रकम बालबालिकाले तिर्न नसके पनि बाल सुधारगृहमा नराखिनेगरी व्यवस्था गर्न लागिएको छ। हालसम्म क्षतिपूर्ति तिर्न नसके सुधारगृहमा राख्ने गरिएको छ। हालको कानूनमा कसूरजन्य कार्य गर्दा बालबालिकाको उमेर १० वर्षभन्दा कम भए मुद्दा नचल्ने र सजाय नहुने व्यवस्था छ। यसलाई संशोधन गरी अब यो उमेर बढाएर १२ वर्ष पुर्‍याइएको छ। अब १२ वर्षभन्दा कम उमेरका बालबालिकाले जरिवाना हुने कसुरजन्य काम गरेमा एक वर्षसम्म बाल सुधारगृहमा राखिँदै आएको व्यवस्थालाई परिवर्तन गरिँदैछ। 'कसुरको प्रकृति हेरी बाल सुधार गृहमा राखिने'गरी संशोधन हुँदैछ। बाल सुधारगृहमा कुनै कारण सुरक्षा कायम गर्न चुनौती देखिएमा सुरक्षाकर्मी प्रवेश गरी आवश्यक बल प्रयोगको सिद्धान्त बमोजिम न्यूनतम बल प्रयोग गर्नसक्नेगरी अधिकार कानूनमा दिइएको छ। लागूपदार्थको कुलतमा परेकालाई चिकित्सकको सिफारिसमा अन्यत्र ठाउँमा पनि सार्न सकिने व्यवस्था छ।

बुधबारको प्रतिनिधिसभा बैठकमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिशोर सुडी साहले प्रतिनिधिसभामा विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव गरेका थिए। मन्त्री सुडीले गतसाता विराटनगर बाल सुधारगृहमा भएको झडपपछि अनुमगनका लागि आफू पुगेको प्रसंग सुनाएका थिए। '५० जना बालबालिका राख्ने स्थानमा २५० जनालाई राखिएको रहेछ। त्यसमा पनि १८ वर्ष मुनिका १२० जना र १८ देखि ३० वर्षसम्मका १३० जना छन्,' उनले भने, '१०/१२ वर्षका बच्चा र ३० वर्षका पुरुष पनि एकै ठाउँमा छन्।'

देशभरिका बाल सुधारगृहमा देखिएका यस्तै समस्या समाधानका लागि कानून संशोधन प्रक्रियामा रहेको बताए। 'विधेयक एकैपटकमा पूर्ण हुँदैन। बिस्तारै क्रमिकरूपमा समयअनुसार सुधार हुँदै जान्छन्,' मन्त्री सुडीले भने। मन्त्रीले १८ वर्ष उमेर पूरा गरेमा र सकारात्मक सुधार आएमा कारागारमा राख्न सकिनेगरी कानून संशोधनको प्रक्रियामा संसदमा पुगेको बताए। कम उमेर बढी उमेरकालाई एकै ठाउँमा राखिँदा विभिन्न समस्या देखिएको विभिन्न अध्ययन प्रतिवेदनले देखाइसकेका छन्। १८ वर्षभन्दा माथिका व्यक्तिलाई बाल सुधारगृहमा राख्नु मुख्य समस्या बनेको देखिएको छ। 'सरकारको मातहतमा ५ वटा बाल सुधारगृह र गैरसरकारी संस्थाद्वारा ४ वटा बाल सुधारगृह सञ्चालित छन्,' मन्त्रीले भने।

सभामुख घिमिरेले बालबालिकासम्बन्धी संशोधन विधेयकलाई निर्णयार्थ प्रस्तुत गरेका थिए। विधेयक निर्णयार्थ प्रस्तुत गर्दा एक चौथाइ सदस्य गणपूरक हुनुपर्ने भन्दै सांसद ज्ञानु बस्नेतले प्रश्न उठाएकी थिइन। त्यसपछि तीन मिनेट घण्टी बजाएर संख्या गणना गरिएको थियो। गणपूरक ७९ हुनुपर्ने सांसद संख्या जम्मा ८० पुगेको थियो। त्यसपछि प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको छ। विधेयकमा संशोधन दर्ताका लागि सभामुखले सांसदहरूलाई आह्वानसमेत गरेका छन्।

**संसद्को अध्ययन भन्छ– वयस्कका कारण असुरक्षा**

प्रतिनिधिसभाको कानून, न्याय तथा मानव अधिकार समितिले बालगृहको एक वर्षअघि स्थलगत अध्ययन गरेको थियो। बाल सुधारगृहमा लगातार झडप हुन थालेपछि समितिले स्थलगत अध्ययन गरी बालगृहमा वयस्कका कारण असुरक्षित हुन पुगेको निष्कर्ष निकालेको थियो। बाल बिज्याइँका मुद्दामा सुधारगृहमा पुग्नेहरू वयस्क हुँदा समस्या देखिएको हो। 'बालबालिकालाई वयस्क व्यक्तिबाट जोखिम छ,' वीरगंज बाल सुधारगृहको अध्ययन प्रतिवेदनमा भनिएको छ, 'वयस्क व्यक्तिहरू विभिन्न आपराधिक क्रियाकलापमा संलग्न रहेको पाइयो।' २०८० भदौ ३ मा भक्तपुरको सानोठिमी बाल सुधारगृहमा भएको झडपमा एक बालकको मृत्यु भएको थियो। झडपपछि बालकहरू सुधारगृहको गेट फुटाएर बाहिर निस्केर भागेका थिए। झडपका घटनापछि केही वयस्कलाई वीरगंज र बाँके लगिएको थियो।

२०८० भदौ २६ को राति वीरगंज बाल सुधारगृहमा पनि दुई समूहबीच झडप हुँदा केही घाइते भएका थिए। त्यसको केही दिनपछि असोज ४ मा बाँकेको डुडुवास्थित जयेन्दु बाल सुधारगृहमा दुई समूहबीच झडप भएको थियो। झडपमा घाइते भएका एकजनाको ज्यान गएको थियो। बाँकेको सुधारगृहमा २०७९ पुस १४ मा झ्यालको भेन्टिलेसन तोडेर भागेका थिए। त्यसपछि माघमा आगजनी गरिएको थियो।

२०८२ वैशाख २ मा नेपालमा पहिलो पटक बाल अदालतको शुरुवात गरिएको थियो। कानूनको विवादमा परेमा बालबालिकाका मुद्दा बाल इजलासले टुंगो लगाउँदै र नयाँ दर्ता हुँदै आएका छन्। न्याय परिषद् बैठकले अदालत गठन सिफारिस गरेको थियो। काठमाडौं, भक्तपुर, ललितपुर र काभ्रेपलाञ्चोकलाई प्रादेशिक क्षेत्राधिकार कायम गरेर भक्तपुरमा अदालत गठन भएको हो।

## भारत–चीन...

मंगलबार भारतीय विदेश मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा लिपुलेक नाकाबाट द्विदेशीय व्यापार सुरु गर्ने उल्लेख छ।

विज्ञप्तिमा सहमतिका १२ बुँदा छन्। भारतले जारी गरेको विज्ञप्तिको नवौं बुँदामा 'दुवै पक्ष तोकिएका तीन नाकाहरू लिपुलेक पास, सिप्किला पास र नाथुला पासमार्फत सीमापार व्यापार पुनः सुरु गर्न सहमत भएका छन्' भन्ने उल्लेख छ। एस जयशंकरसँगको भेटसम्बन्धी नोटमा 'दुवै पक्षले दुई देशबीच व्यापार र लगानी प्रवाहलाई ठोस उपायहरूमार्फत सहज बनाउने सहमति जनाए' भन्ने मात्र उल्लेख भए पनि डोभालसँग वाङ यीले गरेको भेट सम्बन्धमा चीनको परराष्ट्र मन्त्रालयले जारी गरेको नोटमा भने नाकाको विषय उल्लेख छ। नोटमा 'रेनचिङगाङ-चाङ्गु, पुलान-गुञ्जी र जिउबा-नाम्ग्या गरी तीनवटा परम्परागत सीमा व्यापार बजारहरू पुनः खोल्ने सहमति गरियो' भन्ने उल्लेख छ।

उक्त नोटमा 'लिपुलेक' भन्ने प्रष्ट शब्द छैन। तर, उल्लेख भएको 'पुलान-गुञ्जी' नेपालसँग सम्बन्धित छ। पुलान हुम्लाको ताक्लाकोट नाकातर्फको चिनियाँ भूभाग हो भने गुञ्जी नेपालले जारी गरेको चुच्चे नक्सा भित्रको भूमि हो।

**विवादास्पद भूभाग : लिपुलेक–कालापानी–लिम्पियाधुरा**

लिपुलेक, कालापानी र लिम्पियाधुरासहित करिब ३७२ वर्ग किलोमिटर भूभाग नेपालले आफ्नो भूमि भएको प्रष्ट दाबी गर्दै आएको छ।

१८१६ को सुगौली सन्धिअनुसार काली नदीको पश्चिमतर्फ पर्ने सम्पूर्ण भूभाग नेपालमा पर्ने स्पष्ट व्यवस्था भए पनि भारतले त्यस क्षेत्रमा स्थायीरूपमा सैन्य उपस्थिति कायम राखेको छ। १९६२ को भारत-चीन युद्धपछि भारतले कालापानी क्षेत्रमा सैनिक क्याम्प स्थापना गरेको थियो। रणनीतिक दृष्टिले संवेदनशील मानिने यो भूभागमा भारत अझै सक्रिय छ।

**अघिल्ला सहमति र नेपालको आपत्ति**

यसअघि पनि, २०१५ मे महिनामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणका क्रममा भारत र चीनबीच लिपुलेकमार्फत व्यापार गर्ने सहमति भएको थियो। त्यो समयमा तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाको सरकारले तत्कालै आपत्ति जनाएको थियो। नेपालभर प्रदर्शनसमेत भएका थिए।

तर, यसपटक भारत-चीन सहमति सार्वजनिक भए पनि नेपाल सरकारले आधिकारिक प्रतिक्रिया दिएको छैन। परराष्ट्र मन्त्रालयले पत्रकारहरूको प्रश्नमा समेत टिप्पणी नगर्ने नीति अपनाएको देखिन्छ। कूटनीतिक विज्ञहरूका अनुसार तेस्रो मुलुकको भूमि प्रयोगबारे दुई देशबीच हुने कुनै पनि सहमति अन्तर्राष्ट्रिय कानूनविपरीत हुन्छ। नेपालले तुरुन्तै विरोधपत्र नपठाए अन्तर्राष्ट्रिय समुदायमा भारत-चीन सहमति वैधानिक ठानिन सक्छ, जसले भविष्यमा उक्त भूभाग नेपालले गुमाउने जोखिम बढ्छ। नेपालले २०७७ जेठ २० मा नयाँ राजनीतिक नक्सा जारी गरी लिपुलेक, कालापानी र लिम्पियाधुरालाई आफ्नो भूभागमा समेटेको सार्वजनिक थियो। उक्त नक्सा संसदमा सर्वसम्मत पारित गरी संविधानमा समेत समावेश गरिएको छ। यसरी नेपालले आफ्नो अडान प्रष्ट पारे पनि भारतले अस्वीकृत गरेको थियो भने चीनले प्रत्यक्ष टिप्पणी गरेको थिएन।

सन् २०१५ को घटनापछि नेपाली राजनीतिक दलहरूले सडकदेखि संसद्सम्मै विरोध गरेका थिए। तर अहिले प्रमुख दलहरू मौन छन्। सत्तारूढ दलका नेताहरूले यसबारे बोल्न चाहेका छैनन् भने विपक्षी दलले समेत कुनै आधिकारिक अभिव्यक्ति दिएका छैनन्। यसले राष्ट्रिय हितभन्दा सत्ता-राजनीति अगाडि आएको टिप्पणी भइरहेका छन्।

## सर्वोच्चमा सैद्धान्तिक...

गत सोमबार सर्वोच्चको कार्ययोजनासम्बन्धी वार्षिक समीक्षा बैठकमा पनि संवैधानिक इजलास गठनमा पनि अन्य मुद्दामा झैं गोला प्रक्रियाको विषय उठेको थियो। तर, वरिष्ठतम न्यायाधीश मल्लले संविधानविपरीत काम गर्न नहुने अडान लिँदै आएकी छन्। संवैधानिक पदाधिकारी नियुक्ति विवादमा प्रधानन्यायाधीश राउतसहित न्यायाधीशहरू दुई भागमा बाँडिएका बताइएको छ। प्रधान्यायाधीश राउत र अन्य न्यायाधीशहरूबीच इजलास गठनको विषयमा मतभेद देखिएपछि संविधानसम्बन्धी विवादका मुद्दा ठप्प छन्।

बुधबार सर्वोच्चमा पूर्ण (सबै न्यायायाधीश सम्मिलित) बैठक बसेको थियो। उक्त बैठकमा संवैधानिक इजलासको बारेमा एजेण्डा नै नभएको अदालतका सहायक प्रवक्ता निराजन पाण्डेले बताए। 'आजको फुल कोर्ट बैठक नियमित र सामान्य भएको' उनले बताए। विशेष निर्णय केही नभएको र बुधबार सधैं फुलकोर्ट बैठक हुँदै आएको उनले प्रष्ट्याए।

संविधानको धारा १३७ ले संवैधानिक इजलासको गठन, काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ। संविधानमै 'एक संवैधानिक इजलास रहने र त्यस्तो इजलासमा प्रधान न्यायाधीश र न्यायपरिषद्को सिफारिसमा प्रधान न्यायाधीशले तोकेका अन्य चार जना न्यायाधीश रहनेछन्' भन्ने व्यवस्था छ। संवैधानिक इजलासले तीनै तहका विधायिकी निर्वाचन र प्रदेश तथा संघ र प्रदेश प्रदेशबीचको विवाद, सामान्य इजलासले सिफारिस गरेका मुद्दाहरू एवं संवैधानिक इजलासबाट हेरिनुपर्ने प्रकृतिका विवादको निर्क्योल गर्ने अधिकार संवैधानिक इजलासको जिम्मेवारीमा छ। संविधान आउनुअघि सर्वोच्च अदालत नियमावलीमा यसको व्यवस्था गरिएको थियो। बृहत् पूर्ण इजलासबाट संवैधानिक विवादहरूको निरूपण हुने गरेको थियो। संसद् विघटनका मुद्दा, संविधानसँग कुनै निर्णय बाझिएका मुद्दा, राजाले मागेको राय प्रदान गर्ने विषयका मुद्दाहरूमा बृहत् पूर्ण इजलास गठन हुने गरेको थियो।

## एमालेले बोलायो...

विधान संशोधनसम्बन्धी सुझावलाई समेटेर प्रतिवेदन केन्द्रीय कमिटी बैठकमा पेस गरिने र छलफलपछि पारित गर्ने तालिका छ। यसअघि केन्द्रीय कमिटीको नवौं बैठक गत साउन ५ र ६ गते भएको थियो। दोस्रो विधान महाधिवेशनमा २ हजार १ सय २८ जना प्रतिनिधि र थप २६४ जना आयोजक गरी २ हजार ३ सय ९२ जनाको सहभागिता हुनेछ। एमालेको दोस्रो विधान महाधिवशेन ललितपुरको गोदावरीस्थित सनराइज हलमा यही भदौ २० देखि २२ सम्म हुने भएको छ।


**आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडको** ICFC

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३, ४ र सूचनाको हक सम्बन्धी नियमवली, २०६५ को नियम ३ बमोजिमको विवरण यस फाइनान्सको वेबसाइट www.icfc.com.np बाट प्राप्त गर्न सकिनेछ।**

प्रकाशित मितिः २०८२/०५/०५

१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२

www.icfc.com.np

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**पुष्पाञ्जली फेसन एण्ड इभेन्ट प्रा.लि.को २०८२/०५/०१ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको प.सं. ८२/८३, च.नं. कम्पनी प्र./३३५७३, मिति २०८२/०५/०३ को पत्र अनुसारको निर्णयबाट साविकको पुष्पाञ्जली फेसन एण्ड इभेन्ट प्रा.लि.को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम पुष्पाञ्जली इभेन्ट प्रा.लि. कम्पनीले सकार्ने व्यहोर्ने गरी साबिकको नाम परिवर्तन गर्न स्वीकृती प्राप्त भए बमोजिम यस कम्पनीको नाम पुष्पाञ्जली इभेन्ट प्रा.लि. (Pushpanjali Event Pvt Ltd) कायम गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

# आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC FINANCE LIMITED

## कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी पुन ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गारिएको सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८२/०५/०५ गते**

यस फाइनान्सको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने कर्जाको बक्यौता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट तरताकेता गर्दा एवं राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने कर्जाको सावाँ ब्याज रकम चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ र ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई फाइनान्ससँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले धितो स्वरुप यस फाइनान्सको नाममा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन तथा फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी फाइनान्सको लेना रकम असूल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। साथै, सुरक्षणमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्री गर्दा पनि फाइनान्सको सम्पूर्ण लेना असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ तथा सोको नियमावली २०५९ अनुसार ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल-अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणीहरु, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानी दिनुहुने व्यक्तिहरुले सो दिन अगावै फाइनान्समा उपस्थित भई सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य स्थगित गरिने व्यहोरा समेत जानकारी गराईन्छ। अन्यथा, नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा सम्बन्धित सबै पक्षहरुलाई कालोसूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपशिल**

**प्रधान कार्यालय, भाटभटेनी काठमाण्डौ**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/१/२७ मा दर्ता. नं. १८९११४/७४/०७५ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, टंगाल, काठमाण्डौबाट स्थायी लेखा नं. ६०६७१४८७७ को प्रमाणपत्र प्राप्त **सिवानी ग्रुप अफ कम्पनीज प्रा.लि.।**

**संचालक : निश्चल खडका/गंगा कुमारी गुरुङ**

ठेगाना : का.म.न.पा. वडा नं. ४, धुम्बाराही।

**व्यक्तिगत जमानी दिनेहरुको विवरण**

| | |
|---|---|
| **क) नाम : निश्चल खड्का**<br>बाबु : तोयानाथ खड्का<br>बाजे : नन्दलाल खड्का<br>ना.प्र.नं. : २७-०१-७२-०१७७२, जि.प्र.का., काठमाण्डौ<br>जारी मिति : २०७२/०३/०६<br>स्थायी ठेगाना : का.म.न.पा वडा नं. ०५, काठमाण्डौ<br>हाल : धापासी वडा नं. २, काठमाण्डौ | **ख) नाम : गंगा कुमारी गुरुङ्ग**<br>बाबु : मेहर सिंह गुरुङ्ग<br>पति : दिल बहादुर गुरुङ्ग<br>ससुरा : पुर्ण बहादुर गुरुङ्ग<br>ना.प्र.नं. : १००३/४०४११, जि.प्र.का., काठमाण्डौ<br>जारी मिति : २०४०/०७/२३<br>स्थायी ठेगाना : का.म.न.पा वडा नं. २६, काठमाण्डौ<br>हाल : धापासी वडा नं. २, काठमाण्डौ |
| **ग) नाम : दिल वहादुर गुरुङ्ग**<br>बाबु : पुर्ण बहादुर गुरुङ्ग<br>बाजे : सम्सेर गुरुङ्ग<br>ना.प्र.नं. : १४८४/२२५७/१७९, जि.प्र.का., काठमाण्डौ<br>जारी मिति : २०४३/०१/०२<br>स्थायी ठेगाना : बन्दीपुर वडा नं. ०७, तनहुँ<br>हाल : धापासी वडा नं. २, काठमाण्डौ | **घ) नाम : सुरेन्द्र गुरुङ्ग**<br>बाबु : दिल बहादुर गुरुङ्ग<br>बाजे : पुर्ण बहादुर गुरुङ्ग<br>ना.प्र.नं. : ४२०५४, जि.प्र.का., तनहुँ<br>जारी मिति : २०५७/०१/२१<br>स्थायी ठेगाना : बन्दीपुर वडा नं. ०७, तनहुँ<br>हाल : धापासी वडा नं. ७, काठमाण्डौ |

**धितोमा रहेको सुरक्षणको विवरण**

क) मालपोत कार्यालय रुपन्देहीमा सिवानी ग्रुप अफ कम्पनीज प्रा.लि को नाममा दर्ता कायम रहेको रुपन्देही जिल्ला आ.अमवा गा.वि.स. वडा नं. ३/ग, स्थित कित्ता नं. २७५ र ४१६, को क्षेत्रफल ०-०-११-० र ०-२-०-० (बि-क-धु) को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत।

ख) मालपोत कार्यालय बुटवल रुपन्देहीमा सिवानी ग्रुप अफ कम्पनीज प्रा.लि को नाममा दर्ता कायम रहेको रुपन्देही जिल्ला आनन्दवन गा.वि.स. वडा नं. ८/ख, स्थित कित्ता नं. १६७८, को क्षेत्रफल ०-०-११-० (बि-क-धु) को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत.।

ग) मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा सिवानी ग्रुप अफ कम्पनीज प्रा.लि को नाममा दर्ता कायम रहेको नवलपरासी जिल्ला माकर गा.वि.स. वडा नं. २/६, स्थित कित्ता नं. ४०८, को क्षेत्रफल ०-१-२-० (बि-क-धु) को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत।

घ) धनी आइ.सि.एफ.सि. फाइनान्स लि. ऋणी सिवानी ग्रुप अफ कम्पनीज प्रा.लि कायम रहेको यातायात व्यवस्था कार्यालय, वागमती प्रदेश, ललितपुरमा दर्ता कायम रहेको प्रदेश ३-०१-०२४ च-७६०७, इन्जिन नं. : १५CRATL01SPYW१९८८५ च्यासिस नं. MAT६२७१२१KLJ३६४०३ भएको १ थान TATA NEXON CAR।

**शाखा कार्यालय, भैरहवा रुपन्देही**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग वाणिज्य कार्यालय, भैरहवा, रुपन्देहीमा प्राईभेट फर्म रजिस्ट्रेसन ऐन २०१४ अन्तर्गत मिति २०७२/०२/१८ मा प्रा.फ.र.नं. ३५३४०/०७१ भई नेपाल सरकार, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय भैरहवा, रुपन्देहीमा स्थायी लेखा न. ६०३२२०६१० को प्रमाणपत्र प्राप्त **नव सिद्धिविनायक ट्रेडर्स।**

**प्रोप्राईटर : दिपेन्द्र श्रेष्ठ**

ठेगाना : सिद्धार्थनगर न.पा. ५, रुपन्देही।

**व्यक्तिगत जमानी दिनेहरुको विवरण**

| | |
|---|---|
| **क) नाम : दिपेन्द्र श्रेष्ठ**<br>बाबु : नन्द लाल श्रेष्ठ<br>बाजे : चन्द्र लाल श्रेष्ठ<br>ना.प्र.नं. : २३५१९, जि.प्र.का., रुपन्देही<br>जारी मिति : २०६०/०५/२१,<br>ठेगाना : सिद्धार्थनगर न.पा. ५, मैत्रीपथ, रुपन्देही। | **ख) नाम : उपेन्द्र श्रेष्ठ**<br>बाबु : नन्द लाल श्रेष्ठ<br>बाजे : चन्द्र लाल श्रेष्ठ<br>ना.प्र.नं. : १३८४२, जि.प्र.का., रुपन्देही<br>जारी मिति : २०५५/१२/०३,<br>ठेगाना : सिद्धार्थनगर न.पा. ५, मैत्रीपथ,रुपन्देही। |
| **ग) नाम : नन्द लाल श्रेष्ठ**<br>बाबु : चन्द्र लाल श्रेष्ठ<br>बाजे : जनक लाल श्रेष्ठ<br>ना.प्र.नं. : २७१९१, जि.प्र.का., रुपन्देही<br>जारी मिति : २०३५/११/०१<br>ठेगाना : सिद्धार्थनगर न.पा. ५, मैत्रीपथ, रुपन्देही। | **घ) नाम : श्रीमती सरस्वति श्रेष्ठ**<br>बाबु : पुर्ण प्रसाद शर्मा<br>पति : नन्द लाल श्रेष्ठ<br>ससुरा : चन्द्र लाल श्रेष्ठ<br>ना.प्र.नं. : २२५०, जि.प्र.का., रुपन्देही<br>जारी मिति : २०४३/०९/२९<br>ठेगाना : सिद्धार्थनगर न.पा. ५, मैत्रीपथ, रुपन्देही। |

| **२. ऋणीको विवरण** | **व्यक्तिगत जमानी दिनेहरुको विवरण** |
|---|---|
| **नाम : श्रीमती सरस्वति श्रेष्ठ**<br>बाबु : पुर्ण प्रसाद शर्मा<br>पति : नन्द लाल श्रेष्ठ<br>ससुरा : चन्द्र लाल श्रेष्ठ<br>ना.प्र.नं. : २२५०, जि.प्र.का., रुपन्देही<br>जारी मिति : २०४३/०९/२९<br>ठेगाना : सिद्धार्थनगर न.पा. ५, मैत्रीपथ, रुपन्देही। | **क) नाम : दिपेन्द्र श्रेष्ठ**<br>बाबु : नन्द लाल श्रेष्ठ<br>बाजे : चन्द्र लाल श्रेष्ठ<br>ना.प्र.नं. : २३५१९, जि.प्र.का., रुपन्देही<br>जारी मिति : २०६०/०५/२१<br>ठेगाना : सिद्धार्थनगर न.पा. ५, मैत्रीपथ,रुपन्देही। |
| **ख) नाम : उपेन्द्र श्रेष्ठ**<br>बाबु : नन्द लाल श्रेष्ठ<br>बाजे : चन्द्र लाल श्रेष्ठ<br>ना.प्र.नं. : १३८४२, जि.प्र.का., रुपन्देही<br>जारी मिति : २०५५/१२/०३<br>ठेगाना : सिद्धार्थनगर न.पा. ५, मैत्रीपथ, रुपन्देही। | **ग) नाम : नन्द लाल श्रेष्ठ**<br>बाबु : चन्द्र लाल श्रेष्ठ<br>बाजे : जनक लाल श्रेष्ठ<br>ना.प्र.नं. : २७१९१, जि.प्र.का., रुपन्देही<br>जारी मिति : २०३५/११/०१<br>ठेगाना : सिद्धार्थनगर न.पा. ५, मैत्रीपथ, रुपन्देही। |
| **घ) नाम : सृष्टि लाकौल**<br>बाबु : बसन्त किसोर लाकौल<br>पति : उपेन्द्र श्रेष्ठ<br>ससुरा : नन्द लाल श्रेष्ठ<br>ना.प्र.नं. : ३८२८४, जि.प्र.का., रुपन्देही<br>जारी मिति : २०६३/०४/२२<br>ठेगाना : बुटवल वडा नं. २, रुपन्देही<br>हाल : सिद्धार्थनगर न.पा. ५, मैत्रीपथ, रुपन्देही। | **ङ) नाम : बर्षा श्रेष्ठ**<br>बाबु : महेन्द्र कुमार श्रेष्ठ<br>पति : दिपेन्द्र श्रेष्ठ<br>ससुरा : नन्द लाल श्रेष्ठ<br>ना.प्र.नं. : ३७१०२३/३५६६४, जि.प्र.का., रुपन्देही<br>जारी मिति : २०६४/११/१६,<br>ठेगाना : सिद्धार्थनगर न.पा. १३, रुपन्देही<br>हाल : सिद्धार्थनगर न.पा. ५, मैत्रीपथ, रुपन्देही। |

**धितोमा रहेको सुरक्षणको विवरण**

क) मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा नन्द लाल श्रेष्ठको नाममा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला सि.न.पा. वडा नं. ५, सीट नं. १०४०२३७१९ स्थित कि.नं. ४४ को क्षेत्रफल ६५.७९ वर्ग मिटर भएको घरजग्गा तथा त्यसमा भए गरेका अन्य निर्माणहरु, लिगलगापात समेत।

ख) मालपोत कार्यालय नवलपरासीमा श्रीमती सरस्वति श्रेष्ठको नाममा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला दाउन्नेदेवि वडा नं. ७ग, स्थित कि.नं. १०८२, १०८३, १०८४, १०८५ र १०८६ को क्षेत्रफल क्रमश : ०-१-१६-०, ०-१-१६-०, ०-१-१६-०, ०-२-३-० र ०-१-१६-० (बि-क-धु) भएको जग्गा तथा त्यसमा भए गरेका अन्य निर्माणहरु, लिगलगापात समेत।

**लिलाम बिक्री सम्बन्धी शर्तहरु**

(१) बोलपत्र फारम फाइनान्सको मुख्य कार्यालय, भाटभटेनी, काठमाडौं तथा फाइनान्सको सबै शाखा कार्यालयहरुबाट रु. १,०००।- तिरी प्राप्त गर्न सकिने छ।

(२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले मिति २०८२/०५/११ गते भित्र फाइनान्सको प्रधान कार्यालय, भाटभटेनी काठमाडौं वा सबै शाखा कार्यालय मध्ये कुनै एकमा प्राप्त भैसक्नुपर्ने छ र प्राप्त बोलपत्रहरु मिति २०८२/०५/१३ गते दिनको १:०० बजे फाइनान्सको सम्बन्धित कार्यालयहरुमा बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन।

(३) बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित समयमा नै बोलपत्र खोलिनेछ।

(४) उल्लेखित सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको सूचनामा उल्लेखित चल-अचल सम्पत्ति एकमुष्ठ वा अलग्ग अलग्गै खरिद गर्ने गरी बोलपत्र फारम पेश गर्नुपर्ने छ। बोलपत्र फारममा आफुले लिन चाहेको चल-अचल सम्पत्तिको आवश्यक विवरण प्रष्ट बुझिनेगरी भर्नुपर्ने छ। बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।

(५) बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरले लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ र धेरै नै केरमेट भै कवुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन। आफूले कबूल गरेको रकमको कम्तीमा १०% ले हुन आउने रकम फाइनान्सको Tender Deposit Margin खाता नम्बर 9264013851014 मा धरौटी वापत नगदै जम्मा गरी सोको नगदी रसिद वा यस फाइनान्सको नाममा खिचिएको चेक वा ड्राफ्ट/पेमेन्ट अर्डर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ। धरौटी वापत जम्मा गरिएको रकमको ब्याज दिईने छैन।

(६) नेपाल सरकारको आर्थिक नियम तथा प्रचलित कानून बमोजिम खरिद गरि लिन चाहेको सम्पत्तिको नामसारी/दाखिल खारेज गर्दा लाग्ने कर, शुल्क, दै-दस्तुर लगायत सम्पूर्ण खर्चहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ।

(७) बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सोको जानकारी भएको मितिले ७ (सात) दिन वा फाइनान्सले तोकेको समयावधिभित्र कबोल गरेको सम्पूर्ण रकममा धरौटी राखेको रकम घटाई बाँकी रकम जम्मा गर्नुपर्नेछ। उक्त समयभित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखेको जमानत रकम फाइनान्सले जफत गर्न सक्नेछ।

(८) रितपूर्वक पेश नभएको बोलपत्रहरु लिलाम बढाबढ प्रकृयामा समावेश गरिने छैन। बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोसिएशन गर्ने सम्पूर्ण अधिकार फाइनान्समा सुरक्षित रहनेछ।

(९) लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनु हुने महानुभावले फाइनान्सको प्रधान कार्यालय, भाटभटेनी काठमाडौं र शाखा कार्यालय भैरहवा रुपन्देहीमा सम्पर्क राख्न सक्नु हुनेछ।

(१०) लिलाम बिक्री हुने भनिएको उल्लेखित सम्पत्ति कसैले सकार नगरेमा, वा शिलबन्दी बोलपत्रमा उल्लेखित रकम फाइनान्सलाई चित्त बुझ्दो नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित ऐन कानून तथा फाइनान्सको नीति नियम अनुसार उक्त सम्पत्ति बिक्री गर्न वा यस फाइनान्सले आफै सकार गरी सोको स्वामित्व लिन वा अन्य कुनै व्यवस्था गर्न सक्नेछ।

१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२, www.icfc.com.np


## आजको राशिफल

**मेष**
कामना विशेष ध्यान दिनुपर्ने दिन छ। आर्थिक पक्षमा सुधार आउनेछ। स्वास्थ्य सामान्य रहनेछ।

**वृष**
परिवार र साथीहरूसँग रमाइलो समय बित्नेछ। व्यापार वा काममा नयाँ अवसर आउन सक्छ।

**मिथुन**
सहकर्मी र मित्रहरूको सहयोग पाइनेछ। यात्रा वा भेटघाट सफल रहनेछ। मन प्रसन्न हुनेछ।

**कर्कट**
आर्थिक मामिलामा सजग रहनुपर्छ। स्वास्थ्यमा सामान्य समस्या आउन सक्छ। घरपरिवारमा सान्त्वना मिल्नेछ।

**सिंह**
नयाँ योजना सुरु गर्न दिन अनुकूल छ। मानसम्मान बढ्नेछ। खुशीको खबर पाइनेछ।

**कन्या**
काममा चुनौती आइपर्न सक्छ। मेहनतको उचित परिणाम पाइनेछ। स्वास्थ्य सामान्य रहनेछ।

**तुला**
सिर्जनात्मक कार्यमा सफलता मिल्नेछ। प्रेम सम्बन्ध प्रगाढ हुनेछ। व्यवस्तता बढ्नेछ।

**वृश्चिक**
गरिरहेका काममा फाइदाको योग छ। सुख शान्ति अनुभव हुनेछ। थालेका काम पुरा हुनेछन्।

**धनु**
विदेश वा यात्रा सम्बन्धी योजना अघि बढाउन सकिन्छ। शुभ समाचार पाइने छ। धनलाभ हुनेछ।

**मकर**
आर्थिक लाभ हुने योग छ। व्यवसाय वा काममा प्रतिष्ठा बढ्नेछ। नयाँ योजना अघि बढाउन दिन अनुकूल छ।

**कुम्भ**
नयाँ सीप सिक्ने अवसर पाइनेछ। अध्ययन, शिक्षा वा अनुसन्धानमा सफलता मिल्नेछ। साथीभाइसँग सम्बन्ध राम्रो रहनेछ।

**मीन**
तनाव बढ्न सक्छ। आर्थिक निर्णयमा सावधानी अपनाउनु उचित होला। धार्मिक वा आध्यात्मिक कार्यमा मन जानेछ।

# भुम्लुबासीले ५० वर्षपछि पाए लालपूर्जा



काभ्रेपलाञ्चोक । काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिकाको दुई वडाबासीले ५० वर्षपछि आफ्नो जग्गाको लालपूर्जा पाएका छन् । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले मंगलबारदेखि लालपूर्जा वितरण सुरु गरेका हुन् ।

विसं २०३२ देखि गाउँपालिकाको (तत्कालीन भुम्लु र फलाँटे गाविस) हालका दुई वडाका बासिन्दा लालपूर्जाको पखाईमा थिए । प्रारम्भिक चरणमा भुम्लु गाउँपालिका वडा नं ७ र ८ का ४३१ जग्गाधनीलाई लालपुर्जा वितरण गरिएको हो । वडा नं ७ का १८५ र वडा नं ८ मा २४६ जग्गाधनीलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको कार्यालयले जानकारी दिएको छ ।

यसका लागि नापी कार्यालय काभ्रेपलाञ्चोकले विसं २०७१ जेठ २५ गतेदेखि स्थानीय तहमा नापी टोलीले काम गरिरहेको थियो । काभ्रेपलाञ्चोकको सांसद एवं तत्कालीन मन्त्री गोकुल बाँस्कोटाले विसं २०७६ मसिंर २० गते भुम्लु गाउँपालिकामा फिल्ड कार्यालयको शुभारम्भ गरेका थिए ।

कार्यालयका अनुसार हाल दुई वडाको ४५० वटा लालपूर्जा बनेको छ भने सोही हाराहारीको संख्यामा छानविन गरी लालपूर्जा बनाउन बाँकी छ । कार्यालय प्रमुख अशोककुमार भुसालले वडा नं ७ मा ३०० र वडा ८ मा ६०० लालपूर्जा बनाउनुपर्ने देखिएको बताए ।

साविकको पिपलटार गाविस हुँदादेखि नै कमाई गर्दै आइएको 'टार' भन्ने खेतियोग्य जमिन पिपलटार गाविस फुट्दा भुम्लुटार र फलाँटे दुवै गाविसमा परेको थियो । तत्कालीन समयमा खेतियोग्य जमिनमा दुवै गाविसले दाबी गरेपछि विवाद भएको थियो । २०३२ सालमा नापी गर्न गएको टोली र दुई गाविसका नेतृत्वको विवादका कारण काम हुन सकेको थिएन । २०३५ सालमा पनि काम हुन नभएपछि स्थानीयले जग्गाको लालपूर्जा पाउन सकेका थिएनन् ।

# अस्तव्यस्त अस्पतालमा एमबीबीएस कार्यक्रम




हेटौंडा । बागमती प्रदेशको राजधानी हेटौंडामा अवस्थित मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले चिकित्सा शिक्षामा ऐतिहासिक उपलब्धि हासिल गर्दै चालु शैक्षिक सत्रदेखि एमबीबीएस कार्यक्रम सञ्चालन थालेको छ । प्रतिष्ठानलाई चिकित्सा शिक्षा आयोगले ५० सिटमा एमबीबीएस अध्यापन अनुमति दिएको हो । यससँगै बागमती प्रदेशमै पहिलोपटक सरकारी मेडिकल कलेजमार्फत् चिकित्सक उत्पादन सुरु भएको छ ।

स्नातक र स्नातकोत्तर तहमा विभिन्न स्वास्थ्य शिक्षाका कार्यक्रमहरू सञ्चालनमा रहेका प्रतिष्ठानले बीएससी नर्सिङमा सिट संख्या बढाएको छ भने एमडी तहमा ७ विषयमा ८ सिटमा अध्यापन सुरु गरेको छ । प्रतिष्ठानलाई प्रदेश सरकारको 'गौरव आयोजना' को रूपमा अघि बढाइएको छ ।

तर यति महत्त्वपूर्ण संस्थाले प्रत्यक्ष सम्हाल्दै आएको हेटौंडा अस्पतालमा सेवा प्रवाह अत्यन्तै कमजोर रहेको गुनासो चुलिँदै गएको छ । अस्पतालमा पाँच सय ४५ जना जनशक्ति कार्यरत भए पनि दैनिक सेवा ढिलासुस्ती, सरसफाइको कमजोरी, औषधि अभाव र रिपोर्टमा ढिलाइजस्ता समस्याले सेवाग्राही असन्तुष्ट छन् ।

अस्पतालमा कार्यरत ५४ जना कन्सल्टेन्ट, ४८ मेडिकल अफिसर, १०५ स्टाफ नर्स, र अन्य प्राविधिक कर्मचारीहरूको व्यवस्थापन प्रभावकारी हुन नसक्दा सेवाको गुणस्तर खस्किएको सेवाग्राहीहरूको आरोप छ ।

अस्पताल आउने बिरामीले रिपोर्ट आउन दिउँसोसम्म पर्खनु पर्ने, कतिपय सेवाका लागि अर्को दिन आउनुपर्ने अवस्था भोग्नु परेको गुनासो गरेका छन् । अस्पतालअन्तर्गतको डायलाइसिस सेवा केन्द्रमा समेत चरम समस्या देखिएको छ । १४ बेड र २२ मेसिनमध्ये ४ वटा मेसिन बिग्रिएर प्रयोगबिहीन छन् । हाल १०२ जना बिरामी नियमित सेवा लिइरहेका छन् भने ६२ जना बिरामी वेटिङ सूचीमा छन् । उपकरण मर्मत, बेड थप र सेवा विस्तारमा सरकार र अस्पताल प्रशासनको चासो नदेखिएको सेवाग्राहीको गुनासो छ ।

### 'जनशक्ति होइन, व्यवस्थापनको अभाव'

हेटौंडा अस्पताल बचाऊ तथा सुधार अभियानका संयोजक विशालराज महतका अनुसार अस्पतालमा जनशक्ति नभएको होइन, तर जवाफदेही नेतृत्व, स्पष्ट नीति र प्रभावकारी व्यवस्थापनको अभाव नै सेवामा अव्यवस्था ल्याउने मुख्य कारण हो । प्रतिष्ठानका रजिस्ट्रार डा. भीमसागर गुरागाईंले भने सेवा सुधारका लागि योजनाबद्ध प्रयासहरू भइरहेका बताएका छन् । तर, सेवाग्राहीले सुधारको अनुभूति नगरेसम्म यस्ता पहल कागजमै सीमित हुने देखिन्छ ।

### गौरवका आयोजनामाथि नै प्रश्न

एकातिर चिकित्सा शिक्षामा ऐतिहासिक फड्को मार्ने भनिएको प्रतिष्ठान, अर्कोतिर सोही संस्थाबाट सञ्चालित अस्पतालमा उपचार सेवाको चरम संकटमा रहेको यो विरोधाभासले 'गौरव आयोजना'को औचित्यमाथि नै प्रश्न उठाएको छ ।

शिक्षा र सेवा दुबै क्षेत्रमा सन्तुलन कायम गर्न, अस्पतालको भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन, उपकरण मर्मत, र निगरानी संयन्त्रमा सुधार नगरेसम्म, एमबीबीएस जस्ता कार्यक्रमको प्रभावकारिता धरापमा पर्ने चेतावनी सरोकारवालाहरूले दिएका छन् ।

## राजविराज-कुनौली खण्डको बिजोग

# मन्त्री हेर्छन्, बजेटको प्राथमिकतामा राख्दैनन्

**प्रवेशकुमार मिश्र**
**सप्तरी, भदौ ४ ।**



सप्तरी जिल्लाको सदरमुकाम राजविराजलाई भारतको प्रमुख नाका कुनौलीसँग जोड्ने मुख्य सडक वर्षौंदेखि जीर्ण अवस्थामा रहेको छ । वर्षौंदेखि तीनै तहका सरकार र सम्बन्धित निकायले यसतर्फ कुनै चासो देखाएका छैनन् ।

राजविराज-कुनौली सडकखण्ड अन्तर्गत तिलाठी कोइलाडी गाउँपालिका-१ मा रहेको राजविराज भन्सार कार्यालयदेखि झण्डै ३००-४०० मिटरपूर्वको सडक खण्ड हरेक वर्षाको समयमा कटानमा पर्छ । यसले गर्दा गाडी त के, पैदल हिँड्नसमेत मुस्किल हुने अवस्था हुन्छ ।

वर्षा लागेसँगै बाटोमा गाडी आवतजावतमा रोक लाग्छ भने पैदल हिँडने अवस्था पनि हुँदैन ।

अहिले सुख्खा मौसममा स्थानीय बासिन्दा र सवारी चालकहरूले माटो हालेर अस्थायी रुपमा सडक खुल्ला गरे पनि दुर्घटनाको जोखिम यथावत् रहेको स्थानीय चालक दिनेश खंग बताउँछन् ।

उनी भन्छन्, 'कटानपछि पुलसमेत भासिएको थियो । वर्षामा त यहाँ हिँड्नै नमिल्ने गरी नदीजत्रै ठूलो खोला बग्छ । अहिले माटो हालेर चलाएका छौं, तर गाडी कुन बेला दुर्घटनामा पर्छ भन्ने डर लागिरहन्छ ।'

करिब चार वर्षअघि बाढी आएको समय यही सडक पार गर्ने क्रममा दुई युवाको ज्यानसमेत गएको थियो ।

स्थानीय बासिन्दा सुशील यादव सरकारको उदासीनताप्रति आक्रोशित छन् । 'यो बाटो बिना राजविराज वा भारतका आफन्त कहाँ पुग्न सकिँदैन ।

तिलाठी, बेल्ही, लोखरम, गोरगमा, विपरपुर, रम्पुरा, मल्हनियाँ, डलवा, बिसनपुर लगायत दर्जनौं गाउँका बासिन्दालाई यही बाटो भएर जानुपर्छ । तर तीन तहका सरकार कसैलाई पनि यो बाटोबारे कुनै चासो छैन,' उनले भने ।

यही सडक भएर भारतको कुनौलीबाट राजविराज भन्सारसम्म मालबाहक गाडी आउँछन् । तर सडकको खराब अवस्थाले गाडी चल्न नसक्दा राजश्व संकलनमा पनि असर परेको छ ।

राजविराज भन्सार प्रमुख सत्य नारायण सिंह भन्छन् 'हामीले लक्ष्यअनुसार राजश्व संकलन गरेका छौं तर यो बाटो वर्षायाममा पूर्ण रुपले बन्द भएपछि राजश्वमा स्वभाविक रुपमै कमी आउने हो, त्यसमा अहिले पनि सबै गाडीहरू आउन सक्ने अवस्था छैन ।' कटानको समस्या समाधान गरी सडक बनेको खण्डमा राजश्व संकलनमा निकै वृद्धि हुने उनको भनाइछ ।

उनले यस सडकबारे जिल्ला प्रशासन कार्यालय, सडक डिभिजन कार्यालय र भन्सार विभागमा समेत जानकारी गराएको तर अहिलेसम्म सडकको समस्या समाधान गर्न कुनै निकायले काम थालेको अवस्था नरहेको बताए ।

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह र बहालवाला संघीय मन्त्री नवल किशोर साह सुडीको गृहपालिका पनि यही बाटोमा जोडिएको छ । उनीहरू यो बाटो हुँदै प्रायः आवतजावत गर्ने गर्छन् । यद्यपि यसको समाधान गर्न कुनै तदारुकता नदेखाएकामा स्थानीय दुःखी छन् ।

# बागलुङमा नांखा पूजाको अनौठो परंपरा

**डम्मर बुढामगर**
**बागलुङ, भदौ ४**



अर्धनग्न शरीर, मोसोले छोपिएको अनुहार र छाति, कम्मरमा सेतो कपडा बाँधेर हातमा धुपीको हाँगो समातेर केही युवा दौडिँदै थिए । ती युवाका पछि ढ्यांग्रो ठट्याउँदै आइरहेका थिए, झाँक्री । माथिदेखि दौडिँदै आएको झाँक्री र एक हुल युवाको दृश्य अनौठो थियो । यो अवसरको साक्षी बन्न निसेलढोरमा सयौं मानिस जम्मा भएका थिए ।

यसलाई निसीवासीले नांखा (गाउँ) पूजा भन्छन् । यो पूजा एक हजार वर्ष पुरानो भएको स्थानीयको विश्वास छ । हरेक दुई/दुई वर्षमा हुने गाउँ पूजा पछिल्लो समय मेलाकै रुपमा लिन थालिएको छ । गाउँ पूजालाई मगर खाम भाषामा नांखा पूजा भन्ने गरिन्छ । यो अन्य पूजाभन्दा भिन्न छ । भदौ १ गते निसीवासीले गाउँ पूजालाई धुमधामका साथ मनाउने गर्छन् ।

स्थानीयले साउन मसान्तकै दिनदेखि विभिन्न देवीदेवताका नाममा पूजा गर्ने र साँझ गाउँभरीका झाँक्रीहरू एकै ठाउँमा जम्मा भएर तन्त्रमन्त्र गर्छन् । बिहान सबेरै निसेलढोर गाउँभन्दा माथि रहेको बराह थानमा पुगेर पूजा गर्छन् । बराह थानमा पुगेपछि युवाहरूले अर्ध नग्न बनेर अनुहार र शरीरमा मोसो दली राक्षसको स्वरुप धारण गर्ने गर्छन् । झाँक्री र राक्षसको स्वरुप धारण गरेका कापैले गाउँमा अनिष्ट गर्ने भुतप्रेत र राक्षेसी आत्मालाई उत्तरगंगा नदीमा खसाल्ने बुढापाका बताउँछन् ।

सुरुआती समयमा निसेलढोर गाउँमा अनिष्ट हुन थालेपछि गाउँलेले गाउँ पूजा गर्न थालेको इतिहास रहेको निसीखोला गाउँपालिकाका उपाध्यक्ष प्रेमबहादुर घर्ती मगरको भनाइ छ । एक हजार वर्ष पहिले निसेलढोरबाट स्थानीय बसाइँसराइ गरेर अन्तै जाँदा हिँड्न नसक्ने बुढाबुढी (जुजाजुजी) लाई गाउँमाथिको ओडारमा लगेर छोडेको र महिनौँपछि हेर्न पुग्दा उनीहरूको मृत्यु भइसकेको हुँदा उनीहरूको आत्माको शान्तिका लागि गाउँ पूजा थालिएको बुढापाकाले सुनाएको घर्ती बताउँछन् ।

ओडारमा मृत्यु भएका जुजाजुजी राक्षसको रुपमा गाउँ पसेर पछि मान्छे मर्ने, धन सम्पत्ति, बालीनालीको क्षति हुने, पशुचौपायासमेत मर्ने गरेपछि सुरु शान्तिका लागि सुरु गरिएको गाउँ पूजा अहिलेसम्म चल्दै आएको उनको भनाइ छ । पहिले निसेलढोर आसपासमा ठूलो बस्ती रहेको प्रमाणित गर्ने अवशेषहरू अहिले भेटिने गरेको उपाध्यक्ष घर्तीमगरले बताउँछन् । गाउँ पूजा गर्दा मृत आत्माले शान्ति पाउने र गाउँमा अनिष्ट नहुने उनी बताउँछन् ।

बराह थानबाट पूजा गरेर फर्किएका राक्षसको रुप धारण गरेका कापै अग्लो झोलुंगे पुलबाट उर्लिएको उत्तरगंगा नदीमा हाम फल्छन् । जसलाई स्थानीयले भूत प्रेतलाई धपाएको भन्ने गर्छन् । यसरी भूत धपाएपछि गाउँमा कुनै पनि किसिमको अनिष्ट नहुने स्थानीय राजमन बुढा मगरले बताए ।

यस पुलमा दैविक शक्ति रहेको हुँदा उत्तरगंगामा हाम फाल्ने कापैलाई चोट पटक नलाग्ने र नदीले नबगाउने बुढा मगरले बताए । पहिले झोलुंगे पुल नबन्दा काठको साँघुबाटनै कापैले खोलामा हाम फल्ने गरेको उनको भनाइ छ । भूतलाई खोलामा खसाएपछि गाउँलाई रोग व्याधी नलाग्ने, वस्तुभाउ र बालीनाली पनि राम्रो हुने बुढा मगरको भनाइ छ ।

'झाँक्रीले विधिअनुसार कापैलाई तन्त्रमन्त्र गरेको हुन्छ, कापैले अनुहारमा लगाएको मोसो, शरीरमा लेखिएको विभिन्न अक्षर र राक्षसको जस्तो पहिरनले भूत प्रेतलाई फकाउने र लखेट्दै लगेर खोलामा खसाल्ने गरिन्छ,' उनले भने, 'हाम्रो पुर्खाहरूले मान्दै आएको परम्परा अहिलेसम्म चल्दै आएको छ, यसमा धार्मिक विश्वास छ, हाम्रो आस्था छ ।'

गाउँ पूजालाई लोप हुन नदिन निसीखोला गाउँपालिका-५ का युवाले चासो दिएका छन् । यसवर्ष गाँउ (नांखा) पूजा सञ्चालक तथा व्यवस्थापन समितिमार्फत पूजा सञ्चालन गरिएको थियो । युवाले चासो नदिँदा लोप हुने हुँदा संरक्षणका लागि आफूहरू लागेको गाउँ (नांखा) पूजा सञ्चालक तथा व्यवस्थापन समिति अध्यक्ष लक्ष्मण छन्त्यालले बताए । युवालाई एकताबद्ध गराएर पूजा संरक्षणमा लागेको उनको भनाइ छ ।

निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले कला संस्कृति संरक्षणका लागि गाउँपालिका हरेक वर्ष बजेट विनियोजन गरी काम गर्दै आएको बताए । लोपोन्मुख संस्कृतिको संरक्षणका लागि पाका पुस्ता र नयाँ पुस्तालाई एकै ठाउँमा राखेर पुस्तान्तरण गर्ने काम गाउँपालिकाले गर्दै आएको उनको भनाइ छ । गाउँ पूजा निसीखोलाको विशिष्ट मौलिक संस्कृति भएको हुँदा पालिकाले प्राथमिकतामा राखेरै संरक्षणमा जोड दिएको अध्यक्ष घर्ती बताउँछन् । **रासस**

# लोमान्थाङमा जनप्रतिनिधिको घर बन्यो संग्रहालय

मुस्ताङ । उत्तरी चीनसँग सिमाना जोडिएको उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकास्थित पर्खालले घेरिएको माटोको सहरका रुपमा परिचित लोमान्थाङमा संग्रहालय स्थापना गरिएको छ । यहाँका स्थानीय जनप्रतिनिधि छेवाङ रिनजिन गुरुङले व्यक्तिगत रुपमा त्यहाँ संग्रहालय स्थापना गरेका हुन् ।

उपल्लो मुस्ताङस्थित पर्खालले घेरिएको माटोको सहर लोमान्थाङको विगत र वर्तमान अवस्थामा भइरहेका विद्यमान परिवर्तित विकासलाई त्यहाँ पुग्ने पर्यटक माझ पस्किन लोमान्थाङका वडा सदस्य छेवाङले संग्रहालय स्थापना गरेका हुन् । त्यहाँ वडा सदस्य छेवाङले आफ्नो पूर्वजले बनाएको दुई सर्य वर्ष पुरानो ढुङ्गा र माटोले निर्मित पुरानो दुईतलाको घरमा संग्रहालय स्थापना गरेका हुन् ।

उपल्लो मुस्ताङमा बर्सेनि विदेशी पर्यटकले महँगो शुल्क तिरेर जाने गर्छन् । पछिल्लो समय सडक सहज भइसकेकाले स्वदेशी पर्यटक उल्लेख्य मात्रामा घुम्न पुग्छन् । त्यहाँ पुग्ने स्वदेशी तथा विदेशी पर्यटकले लोमान्थाङको ऐतिहासिकता, धर्म, संस्कृति र परम्पराको बारेमा खासै जानकारी हासिल गर्न सक्दैनन् । यसर्थ उपल्लो मुस्ताङको भ्रमण गर्ने पर्यटकलाई त्यहाँ पर्खालले घेरिएको लोमान्थाङको पर्याप्त जानकारी उपलब्ध गराउने उद्देश्यले वडा सदस्य छेवाङले संग्रहालय स्थापना गरेको बताउँछन् ।

सन् १९९२ पछि उपल्लो मुस्ताङमा धेरै विकासका नमूना कोरिएको संग्रहालय सञ्चालन छेवाङले उल्लेख गरे । 'यहाँ पाँच सय वर्षमा हुन नसकेको विकास पछिल्लो ३० वर्षमा भएको छ, यहाँ सडक, बिजुली, इन्टरनेटका सुविधा जोडिएका छन्,' सञ्चालक वडा सदस्य छेवाङले थपे,' यहाँ लोमान्थाङको पहिलेको जीवनशैली र वर्तमानको जीवनशैलीलाई अहिलेको पुस्तालाई देखाउन र पर्यटकलाई परिवर्तित लोमान्थाङको सचित्र उजागर गर्ने गरी संग्रहालयमा त्यसका तस्बिरहरू राखिएको छ ।

पर्खालले घेरिएको लोमान्थाङभित्र दर्जनौं पुराना ढुंगा र माटोले बनेका ऐतिहासिक गुजमुच्च एकआपसमा जोडिएका परम्परागत घर अवस्थित छन् । तिनै पुराना घरहरूमा पर्यटकले रात कटाउँथे । अहिले त्यस्तो अवस्था नरहेको वडा सदस्य छेवाङको भनाइ छ । लोमान्थाङमा आधुनिक घरहरू निर्माण हुँदै गरेको र पर्यटकका लागि भीआइपी होटलहरू सञ्चालनमा रहेको उनले बताए । यहाँ संग्रहालयमा पर्यटकलाई विगत र वर्तमान लोमान्थाङको परिवर्तित अवस्थालाई संग्रहालय अवलोकनबाट सबै कुरा जानकारी प्राप्त हुने बताए ।



संग्रहालयमा यहाँको हिउँदयाम र बर्खायाममा हुने मौसम परिवर्तन र जीवनशैलीको थुप्रै तस्बिरहरू व्यवस्थापन गरेका छन् । यहाँका कृषि, पशुपालक, चाडपर्व, ऐतिहासिक तथा धार्मिक सम्पदाको तस्बिर ग्यालरी संग्रहालयमा पुगेर अवलोकन गर्न पाइने वडा सदस्य छेवाङले बनाए ।

लोमान्थाङको ऐतिहासिक तिजी र यार्तुङ लगायतका विभिन्न चाडपर्व मनाउने प्रचलन र तरिकालाई संग्रहालयमा समेटिएको उनले बताए । 'यहाँको महत्वपूर्ण चाडपर्व अवलोकन गर्न नसकेका पर्यटकले संग्रहालयबाट धेरै कुरा जानकारी प्राप्त हुन्छ,' यसले यहाँ आइपुग्ने पर्यटक तथा विभिन्न खोज अनुसन्धान गर्नेका लागि संग्रहालय उपयोगी बन्न सक्नेछ,' उनले भने ।

छेवाङले संग्रहालयभित्र सदियौं वर्ष पहिले प्रयोग हुने भाडावर्तन, खेतीपातीमा प्रयोग हुने घरेलु औजार, पूजाका सामग्रीलगायत समान सजाइएका छन् । निकै लामो समय युरोप बसेर स्वदेशमै केही गर्न सकिन्छ भन्ने हेतुले पुर्ख्यौली थलो लोमान्थाङ फर्किएका छेवाङ सामाजिक अभियान्ताका साथै पर्यटन पथप्रर्दशक छन् । उनी लोमान्थाङ-५ को वडा सदस्यमा निर्वाचित भएपछि त्यहाँका विकास र समृद्धिका लागि परेका छन् ।

गाउँठाउँमै बसेर केही आयआर्जन गर्न सकिन्छ भनेर अरूले गर्न नसकेको फरक खालको व्यवसाय सुरु गरेको वडा सदस्य छेवाङ बताउँछन् । उनले संग्रहालयमा उपल्लो मुस्ताङ ल्यान्डस्केप तस्बिर र जैविक विविधतालगायत तस्बिर ग्यालरी राखेको बताउँछन् ।

उपल्लो मुस्ताङको लोमान्थाङ आउने पर्यटकले लोमान्थाङको विगत र वर्तमान अवस्था, मुस्ताङी राजाको दरबार, साँघुरो गल्ली, पर्खालले घरिएको माटोको सहर लोमान्थाङ, यहाँका गुम्बा, मार्ने, छोर्तेनलगायत तस्बिर राखिएको छेवाङले बताए ।

छेवाङले भदौ १ गतेदेखि लोमान्थाङमा संग्रहालय स्थापना गरेका हुन् । त्यसो त लोमान्थाङमा आमची घ्याचो बिष्टको आयुर्वेद संग्रहालय पनि छ । छेवाङले स्थापना गरेको संग्रालय परिवारका सदस्यहरूले आलापालो गरी चलाउने गरेको जानकारी दिए । यहाँ संग्रहालय अवलोकन गर्ने स्वदशी तथा विदेशी पर्यटकलाई अवलोकन शुल्क वापत दुई सय रुप शुल्क उठाउन गरेको वडासदस्य छेवाङले बताए ।

तर, स्कुल र क्याम्पसमा पढ्ने विद्यार्थीहरूका लागि परिचय पत्र देखाएमा निःशुल्क अवलोकन गर्न पाउँने व्यवस्था गरिएको वडा सदस्य छेवाङको भनाइ छ । रासस

## सम्पादकीय

# विष बन्ने विषादी नियन्त्रण होस्

*नेपालका कृषकहरूले उत्पादन बढाएर अधिक आर्थिक लाभको लोभमा परेर रासायनिक विषादीको अत्यधिक र जथाभावी प्रयोग गर्नु चिन्ताको विषय हो। खासगरी आमजनताले दैनिक उपभोग गर्ने तरकारी तथा अन्य खाद्यान्नहरू गोलभेंडा, आलु, केरा, मकैलगायतमा अत्यधिक विषादी प्रयोग हुनु मानवीय स्वास्थ्यमा सिधै आघात गर्ने विषय हो। त्यसबाहेक अत्यधिक विषादीले पर्यावरणीय चक्र भत्काउने हुँदा पछि गएर सामाजिक संरचना नै पनि खल्बल्याउने खतरा हुन्छ।*

*प्रत्येक वर्ष विषादीको प्रयोग १० प्रतिशतले बढ्दै गएको तथ्यांकले हामीलाई अब यसको नियन्त्रण कसरी गर्ने भन्नेतर्फ सोच्न र काम गर्न झक्झकाइरहेको छ। किनभने यी कतिपय विषादीमा शरीररमा क्यान्सर उत्पन्न गराउने रसायन पाइन्छन्। विषादीको नियमित उपयोग गर्ने किसानहरूमा टाउको दुख्ने, छाला चिलाउने, वाकवाकी लाग्ने समस्या तत्काल देखिएका परिणाम हुन् भने त्यसले दीर्घकालमा क्यान्सर गराउने, मिर्गौला बिगार्ने, अपांगता गराउने जोखिम पनि उत्तिकै छ। अर्कोतिर खेतीका लागि गुणी मानिएका परागसेचनमा सहयोग पुऱ्याउने मित्र किराहरूको संख्या पनि लोप हुने डर छ। मान्छेले जुन सुखको लोभमा अहिले विषादीको प्रयोगलाई बढाइरहेको छ, पछि त्यही नै दुःखको कारक बन्न जाने हुँदा बेलैमा सचेत हुनुको विकल्प छैन।*

*यसको न्यूनीकरण गर्न किसानहरूलाई खेती गर्ने उन्नत प्राविधिक ज्ञान दिनुपर्ने देखिन्छ। विषादी बेच्ने एग्रोभेटहरूको नियमनलाई बलियो बनाउनुपर्छ। हुन त 'विषादी व्यवस्थापन ऐन २०७६' मा नियन्त्रण र नियमनको केही विधि र बुँदा उल्लेख भए पनि तिनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन भन्ने पुष्टि भएको छ। यसतर्फ अबका दिनमा स्थानीय सरकारले पनि प्रभावकारी कदम चाल्नुपर्ने हुन्छ। सरकार, गैरसरकारी संस्थाहरू र कृषि विस्तार सेवा प्रदायक निकायले एकीकृत रणनीति बनाएर किसानहरूलाई कीट व्यवस्थापनका बारेमा सचेतना दिनु आवश्यक छ। कृषिका सम्बन्धित निकायहरू मन्त्रालय, अनुसन्धान केन्द्र, विश्वविद्यालयले दिगो कृषि खेती अभ्यासका बारेमा अनुसन्धान अघि बढाउनुपर्ने देखिन्छ। स्थानीय नगरपालिका र वडा कार्यालयहरू जो किसानको नजिक हुन्छन् उनीहरूलाई कीटनाशक प्रयोगको अनुगमन गर्न, निरीक्षण गर्न स्रोत र साधनको व्यवस्था गर्न प्रदेश सरकार र संघीय सरकार जागरुक हुनुपर्नेछ। यसका साथै, सरकारले जैविक खेतीका लागि कार्यक्रमहरू विस्तार गर्नुपर्छ भने विषादीको अत्यधिक प्रयोगलाई न्यूनीकरण गर्न किसान, सरकारी तथा गैरसरकारी निकायको सामूहिक प्रयास अघि बढाउनुपर्छ।*

*विगतमा नेपालमा चाउचाउ भित्र्याउने गण्डकी नुडल्सले सुरुमा चाउचाउ यसरी खाने भनेर सिकाउनुपरेको थियो। चाउचाउ बारे अनभिज्ञ नेपाली समाजलाई त्यसको खपत कसरी गर्ने भन्ने थाहा थिएन। पछि आएका कम्पनीलाई चाउचाउ कसरी पकाउने, कसरी खाने भन्ने सिकाउने परेन। त्यस्तै, विगतमा सार्वजनिक बसमा पनि डुङडुङ्ती चुरोट खाने चलन थियो, अहिले छैन। यी दुई उदाहरणले मान्छेलाई सिकाउँदा सिक्छ, मनाउन सक्दा मान्छ भन्ने पुष्टि हुन्छ। तर, त्यो त्यसै हुँदैन। योजनाबद्ध ढंगले काम गरेर आएका परिणति हुन् ती। त्यस्तो हुनको लागि एउटा त चेतनाको अभिवृद्धि गर्ने अभियान चलाउनुपर्छ। विषादीको अनावश्यक र अत्यधिक प्रयोगले मान्छेको ज्यानमै असर पर्छ भन्ने भएपछि मान्छेले त्यसको उपयोगलाई कम गर्नतिर लाग्छ। उपयोगको न्यूनीकरणकै लागि नियम, कानून बनाउन सकिन्छ, र बनेका कानून छन् भने तिनलाई कार्यान्वयन गर्नुपर्दछ। जसले अपेक्षित परिणाम हासिल गर्न सकियोस्।*

*किसानले डेक्लोफेनेक नामक औषधिको उपयोग गर्दा सो औषधि ख्वाइएका मृत पशुको सिनो खाने गिद्धहरू भटाभट मर्न थालेपछि सो औषधि प्रतिबन्धित गरियो। सचेतना जगाइयो। कानून बनाइयो। पछि क्रमशः लोपोन्मुख गिद्धको संख्या सुधार हुँदै आयो। त्यसकारण हाम्रा विगतका सफलताका अनुभवलाई पनि तरकारीमा हुने अत्यधिक विषादीको नियन्त्रण गर्न योजना, सचेतना, कानून निर्माण र कार्यान्वयनका तहमा लागू गर्नुपर्ने देखिन्छ। केहीको स्वार्थका खारित जनताको ज्यान जोखिममा पार्ने र प्रकृतिलाई हानी गर्ने कामको अन्त्य गर्ने पहलकदमी रोकिनुपर्छ।*

# किन असफल बन्दैछ लोकतन्त्र ?



news 24 दैनिक

**सूर्यप्रसाद श्रेष्ठ**



लोकतन्त्र आधुनिक शासन व्यवस्थाको आधार स्तम्भ भए पनि हालका दिनमा यसको प्रभावकारिता र स्थायित्वमाथि गम्भीर प्रश्न उठ्न थालेका छन्। विश्वव्यापीरूपमा राजनीतिक ध्रुवीकरण, विभाजनकारी विचारधाराको प्रवर्द्धन र जनताको सरकारप्रति बढ्दो असन्तुष्टिले लोकतन्त्रलाई कमजोर बनाएको छ। धेरै देशमा जनताले अपेक्षाअनुरूप सेवा र सुविधा नपाउँदा शासन प्रणालीप्रति नै निराशा देखिएको छ। नेपालमा पनि राजनीतिक गुटबन्दी, स्वार्थपूर्तिका लागि गरिने सम्झौता र अल्पकालीन योजनाले जनतामा लोकतन्त्रप्रतिको भरोसा घटाउँदै लगेको छ। विशेषतः युवापुस्ताको आर्थिक, सामाजिक र विकासका आवश्यकतालाई पूरा गर्न नसक्दा लोकतन्त्रप्रति आकर्षण घटिरहेको छ। विश्वव्यापीरूपमा प्रविधिको बढ्दो प्रभावले पनि गलत सूचना, 'हेट स्पिच' र प्रचारको माध्यमबाट लोकतन्त्रलाई चुनौती दिइरहेको छ, जसको प्रभाव नेपालमा पनि प्रत्यक्षरूपमा परिरहेको छ।

भ्रष्टाचार, पारदर्शिताको अभाव र निर्वाचन प्रक्रियाको कमजोर पक्षले लोकतन्त्रलाई थप संकटमा पुऱ्याएको छ। लोकतन्त्रको मेरुदण्ड मानिने निर्वाचन प्रणाली निष्पक्ष र विश्वसनीय हुन नसक्दा यसको वैधतामाथि नै प्रश्न उठ्छ। नेपालजस्ता देशमा बारम्बार निर्वाचन प्रक्रियामा हुने हेरफेरले जनतामा भ्रम र असन्तुष्टि फैलाएको छ। निर्वाचन क्षेत्रको विभाजनमा असमानता, स्वार्थयुक्त चुनावी गठबन्धन, चरम भ्रष्टाचार, राजनीतिक गुटबन्दी, मतदातामाथिको राजनीतिक दबाब र राजनीतिक शक्तिका लागि हुने चलखेलले लोकतन्त्रको आधारभूत मूल्य र मान्यतालाई कमजोर बनाएको छ।

यसबाहेक अन्तर्राष्ट्रिय स्तरमा सर्वसत्तावादी प्रवृत्तिको उदयले पनि लोकतन्त्रप्रतिको चुनौती थपिएको छ। सर्वसत्तावादी मुलुकहरूले उदार लोकतन्त्रको स्थानमा आफ्नो प्रभाव बढाउँदै गर्दा विश्वव्यापी लोकतान्त्रिक अभ्यासलाई कमजोर बनाउँदै गएका छन्। नेपाल पनि यस प्रकारका अन्तर्राष्ट्रिय कूटनीतिक चापको प्रभावमा रहेको छ, जसले स्वतन्त्र लोकतान्त्रिक पारदर्शिता, जवाफदेहिता र समावेशिताको सुनिश्चितता गर्नु आवश्यक छ। प्रक्रियामा खलल पुऱ्याएको छ। लोकतन्त्रको असफलताको समाधानका लागि सरकारको विश्वसनीयता कायम गर्न सही नेतृत्व, बलियो राजनीतिक संगठन, जनताको आवश्यकतालाई सम्बोधन गर्ने दीर्घकालीन नीति आवश्यक छ।

हुन त नेपाली लोकतन्त्रको विकासलाई हेर्ने हो भने बटारिएर हिँडिरहेका वामपन्थी शक्तिहरू लोकतान्त्रिक प्रक्रियामा समाहित हुँदै आउनु नेपालको लोकतान्त्रिक विकासको महत्त्वपूर्ण सफलता हो तर पनि नेपालमा समृद्ध लोकतन्त्र निर्माणका लागि राजनीतिक स्थायित्व, समावेशी नीति र सुशासनलाई प्राथमिकता दिनुपर्ने देखिन्छ।

**निर्वाचन क्षेत्रको विभाजनमा असमानता, स्वार्थयुक्त चुनावी गठबन्धन, चरम भ्रष्टाचार, राजनीतिक गुटबन्दी, मतदातामाथिको राजनीतिक दबाब र राजनीतिक शक्तिका लागि हुने चलखेलले लोकतन्त्रको आधारभूत मूल्य र मान्यतालाई कमजोर बनाएको छ।**

साथै, युवा पुस्ताको अपेक्षा पूरा गर्न शिक्षा, रोजगारी र सामाजिक न्यायका क्षेत्रमा उल्लेखनीय सुधार गर्नुपर्दछ। जनताको सक्रिय सहभागिता, सरकारप्रतिको भरोसा र निर्वाचन प्रक्रियाको सुधारले मात्र लोकतन्त्रलाई बलियो बनाउन सकिन्छ। समग्रमा लोकतन्त्रको भविष्य नागरिकहरू, नेतृत्ववर्ग र समर्थकहरूले कस्तो प्रयास र प्रतिबद्धता देखाउँछन् भन्ने कुरामा निर्भर गर्दछ।

लोकतन्त्रमा राजनीतिक दलहरूको भूमिका राजनीतिक दलहरू लोकतन्त्रका लागि आधारभूत स्तम्भ हुन्। तिनीहरूले जनताको अभिमत प्रतिनिधित्व गर्ने, सरकार गठन गर्ने र नीति निर्माणका लागि महत्त्वपूर्ण भूमिका खेल्छन्। तथापि, विश्वव्यापीरूपमा लोकतन्त्र कमजोर भइरहेको सन्दर्भमा राजनीतिक दलहरूले थप जिम्मेवार र पारदर्शी अपरिहार्य छ। नेपालको सन्दर्भमा पनि राजनीतिक दलहरूभित्र आन्तरिक लोकतन्त्रको अभाव, आर्थिक अपारदर्शिता र गुटबन्दीले जनताको विश्वासलाई कमजोर बनाउँदै गएको छ। नेपालको लोकतान्त्रिक अभ्यासमा राजनीतिक संगठनको भूमिका सबल र सक्षम हुन नसकेको वा हुन नदिइएको विदितै छ। यसले मुलुकमा अन्योल, अस्थिरता र अविश्वासको वातावरण सिर्जना गरेको ऐतिहासिक तथ्य हो। नेपालजस्तो विकासोन्मुख लोकतन्त्रमा राजनीतिक दलहरूको भूमिका अझ सशक्त बनाउन आन्तरिक लोकतन्त्रको सुदृढीकरण, आर्थिक पारदर्शिता र सुयोग्य नेतृत्व विकासमा ध्यान दिनुपर्नेछ।

बलियो संगठन र योग्य नेतृत्वकै आधारमा मात्र जनताको अपेक्षा पूरा गर्दै लोकतन्त्रलाई सबलीकरण गर्न सकिन्छ। राजनीतिक दलहरूले समाजका सबै वर्ग र समुदायका आवश्यकतालाई सम्बोधन गर्दै दीर्घकालीन नीति तथा कार्यक्रम ल्याउन सक्नुपर्दछ। नेपालजस्तो सामाजिक, सांस्कृतिक एवम् भौगोलिक विविधतापूर्ण देशमा राजनीतिक दलहरू भनेको विविधताभित्रको एकताको माध्यम पनि हो, यस दृष्टिले राजनीतिक दलहरू राष्ट्रिय एकता र समन्वयको भूमिका निर्वाह गर्ने माध्यमका रूपमा विकसित गर्नु आवश्यक छ। यसले मात्र लोकतन्त्रप्रतिको जनआस्था कायम राख्न र देश समृद्ध बनाउन सकिन्छ। विश्वव्यापीरूपमा पनि लोकतन्त्रको प्रभावकारिता जोगाउन राजनीतिक दलहरूले जिम्मेवार भूमिका खेल्नुपर्दछ।

चुनावी प्रक्रिया सुधार, जनताको सक्रिय सहभागिताको सुनिश्चितता र पारदर्शिता कायम राख्नु लोकतन्त्र स्थायित्वका लागि राजनीतिक दलहरूले गम्भीर आत्मसमीक्षा गर्दै जनताको बलियो बनाउनका लागि महत्त्वपूर्ण पहल हुन्। नेपालमा समेत, लोकतन्त्रको आवश्यकता र विश्वासलाई प्राथमिकता दिनुपर्दछ, किनभने लोकतन्त्रको विकल्प भनेको लोकतन्त्र नै हो, जसको निर्णायक माध्यम जनताद्वारा अभिव्यक्त जनमत नै हो।

### प्रादेशिक सरकारको महत्त्व

नेपालमा संघीय शासन प्रणालीको अभ्यास भइरहेको छ, तर यस प्रणालीको प्रभावकारिता संघीय, प्रादेशिक र स्थानीय सरकारबीचको सन्तुलित अधिकार र भूमिकाको वितरणमा निर्भर रहन्छ। हाल नेपालमा प्रादेशिक सरकार कमजोर अधिकारको अवस्थामा छन्, जसले संघीयता र लोकतन्त्रको मूल उद्देश्यलाई कमजोर बनाइरहेको छ। संघीय सरकारले प्रादेशिक सरकारलाई पर्याप्त अधिकार नदिँदा यी सरकार निष्क्रिय जस्तो देखिन्छ, जसले जनतामा निराशा पैदा गरिरहेको छ।

प्रादेशिक सरकारलाई अधिकार दिनु संघीय शासन प्रणालीलाई बलियो बनाउने आधार हो। उदाहरणका लागि, प्रादेशिक सरकारले स्थानीय निर्वाचन सञ्चालन गर्ने अधिकार पाउनुपर्दछ। अहिलेका अवस्थामा स्थानीय निर्वाचन संघीय सरकारले सञ्चालन गर्दछ, जसले प्रादेशिक सरकारको अस्तित्व र भूमिकामा प्रश्नचिह्न उठाउँछ। प्रादेशिक सरकारले निर्वाचन सञ्चालन गर्ने अधिकार पाएपछि, स्थानीय सरकारप्रति यसको उत्तरदायित्व र विश्वास बढ्नेछ, जसले जनतासँगको सम्बन्धलाई थप सुदृढ बनाउँछ।

विश्वव्यापी अभ्यास हेर्दा, प्रादेशिक सरकारलाई बलियो अधिकार दिइने प्रचलन छ। जर्मनी, भारत, अमेरिकाजस्ता संघीय मुलुकमा प्रादेशिक सरकारलाई आर्थिक, प्रशासनिक र कानुनी अधिकार दिइएको छ, जसले यी मुलुकको संघीय प्रणालीलाई प्रभावकारी बनाएको छ। नेपालमा पनि प्रादेशिक सरकारलाई शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, आन्तरिक प्रशासनजस्ता क्षेत्रका प्रमुख अधिकार पूर्णरूपमा दिनुपर्दछ। यी अधिकारले जनताको दैनिक जीवनमा सकारात्मक प्रभाव पार्नेछ तर सुरक्षा, परराष्ट्र र अन्य कूटनीतिक मामलामा केन्द्र मातहत हुनुपर्दछ।

प्रादेशिक सरकारलाई अधिकार नदिँदा यसको औचित्यमा शंका उठ्न सक्छ। यसले संघीयता कमजोर बनाउन सक्छ र जनतालाई सरकारको निकटता अनुभव गर्नबाट वञ्चित गराउन सक्छ। अधिकारविहीन प्रादेशिक सरकारको उच्च खर्च र न्यून प्रभावकारिताले राष्ट्रिय स्रोतको सही सदुपयोगमा बाधा पुऱ्याउन सक्छ। अधिकारसहितको प्रादेशिक सरकारले स्रोतको स्थानीय व्यवस्थापन गर्न सक्ने र समुदायको आवश्यकता अनुरूप नीति निर्माण गर्न सक्नेछ।

संघीयता र लोकतन्त्रको सुदृढीकरणका लागि प्रादेशिक सरकारलाई अधिकार सम्पन्न बनाउनु आवश्यक छ। संघीय, प्रादेशिक र स्थानीय सरकारबीचको सन्तुलित सम्बन्धले मात्र लोकतन्त्रलाई दीर्घकालीन बनाउन र जनतामा सरकारप्रति विश्वास कायम गर्न सकिन्छ। यसका लागि प्रादेशिक सरकारलाई संविधानतः अधिकार प्रदान गर्नुका साथै तिनको भूमिकालाई स्पष्ट परिभाषित गर्नुपर्दछ, जसले नेपालमा संघीय शासन प्रणालीलाई स्थायित्व र समृद्धि प्रदान गर्न सहयोग पुऱ्याउनेछ।

***पूर्व प्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठको हालै प्रकाशित कृति 'लोकतन्त्र र जनअभिमत: नेपालको निर्वाचन नालीबेली'बाट साभार।***

## जेन कथा

# आगो लागेको घर



निकै पुरानो कुरा हो। कुनै नगरमा एउटा ज्यादै धनी मानिस बस्थ्यो। उसको घर निक्कै ठूलो थियो तर घरबाट बाहिर निस्कने ढोका एउटामात्रै थियो। एक दिन घरको एउटा कुनामा आगो लाग्यो। आगोको लपेटाले घरलाई चाँडै नै लिन थाल्यो। त्यो घरधनीका धेरै सन्तान थिए, १० जनाभन्दा पनि बढी। उनीहरू सबै एउटा कोठामा खेलिरहेका थिए। उनीहरूलाई आगो लागेको कुरा थाहा थिएन।

घरधनीले आफ्ना सन्तान बचाउन बच्चा खेलिरहेको कोठातिर बेस्कन दगुर्दै पुग्यो। उसले हतारहतार आगो लागेको कुरा जनाउ दियो। उसका सन्तान खेल्न यति मग्न थिए, आफ्ना बाउको कुरा सुन्ने फुर्सद उनीहरूलाई थिएन। घरधनीले आफ्ना सन्तानलाई चिच्याउँदै भन्यो, 'तिमीहरू अहिले नै यो घरबाट निस्केनौ भने तिमीहरूलाई आगोले पोल्नेछ।'

केटाकेटीहरूले बाउको कुरा त सुने तर उनीहरूले अवस्थाको गम्भीरता बुझ्न सकेनन्। बरु, खेल्नलाई नै निरन्तरता दिन थाले।

आफ्ना सन्तानले परिस्थितिको गम्भीरता बुझ्न नसकेको देखेर बाउ दिक्क भयो। उसले अन्तिम अस्त्र फ्याँक्दै भन्यो, 'तिमीहरू चाँडो बाहिर गएर हेर, मैले एक गाडी खेलौना ल्याएको छु। अब पनि बाहिर गएनौ भने गाउँभरिका टोलभरिका बच्चाले तिमीहरूको खेलौना चोरिदेलान् है!'

बाउको कुरा सुन्नेबित्तिकै केटाकेटीहरू घरबाहिर निस्के। उनीहरू सबैको ज्यान जोगियो। जहिले पनि ईश्वरले आफ्ना प्यारा मानवजातिलाई चेतावनी दिइरहेका हुन्छन् तर ईश्वरका सन्तानले भने ईश्वरको आशय कहिल्यै पनि बुझ्ने प्रयास गर्दैनन्।

***अच्युत कोइराला***

**न्यूज २४ दैनीकमा आफ्ना लेख तथा रचना प्रकाशित गर्नु परेमा**
**artical@news24dainik.com मा पठाउन सक्नुहुनेछ।**

*–सम्पादक*

## पाठक-मञ्च

# वासुदेवले देखाएको बाटो



नेपालमा राजनीति गर्नु भनेको सत्ता र शक्तिमा पुग्नु हो र त्यसपछि सम्पत्ति आर्जन गर्नु भन्ने जस्तो भइसक्यो। तर, सबै राजनीतिकर्मीहरू यही मेसोमा मिसिएका छैनन्। त्यसमा एकजना राजनीतिकर्मी हुन्, वासुदेवशरण कोइराला। नेपाली कांग्रेसका पाका नेता एवं प्रजातन्त्र सेनानी कोइरालाले समाजमा पुऱ्याएको योगदान अतुलनीय छ। उनको राजनीतिक पाटो हेर्ने हो भने कारावास सजाय, प्रवासको संघर्ष उल्लेखनीय छन्। विपी कोइराला, सुवर्ण शमसेर लगायतका नेतासँग सांगठनिक काम पनि उनको भुल्न नसकिने पाटो हो।

सर्लाहीको लालबन्दी नगरपालिका-२, जुटपानीमा मंगलबार दिवंगत ९३ वर्षका कोइरालाको संघर्ष, त्याग र समर्पण हामी सबैका लागि प्रेरणा दिने कुरा हो। उनको योगदान राजनीतिमा मात्रै सीमित थिएन, सामाजिक तथा सांस्कृति क्षेत्रमा पनि उदाहरणीय थियो। उनले जुटपानीमा पद्म-भुवनेश्वरी नमूना वृद्ध सेवाश्रम सञ्चालन गर्दै आएका थिए। जहाँ केही बालबालिकासहित ५० भन्दा बढी वृद्धवृद्धा छन्। उनले आफ्नो घरजग्गा सोही आश्रमलाई दान गरिसकेका थिए। उनी सोही आश्रममा लामो समयदेखि बस्दै आएका थिए। बाँचुन्जेल सम्पत्ति दान गरेका उनले मृत्युपछि पनि दानलाई जारी नै राखे, किनभने उनको शरीर उनको इच्छा अनुसार बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई अध्ययन हेतु दान दिएका थिए।

महाकवि देवकोटाले जीवनको अन्तिम क्षणमा लेखे- आखिर श्रीकृष्ण रहेछ एक/न भक्ति भो, ज्ञान, न भो विवेक। महाकविको यो उक्ति हाम्रा राजनीतिकर्मीहरूका लागि हृदय खुल्ने उद्गार बनोस् भन्ने कामना कोइरालाको जीवनीबाट हामी पाउन सक्छौं। किनभने राजनीतिकर्मी कोइरालाले आफू सच्चा जनताका सेवकका रूपमा जीवन व्यतित गरे। राजनीति गरे, धनसम्पत्ति जोडेनन्। भएको पनि दान गरे। कसैलाई ठग्ने काम गरेनन्। आखिरमा एउटा राजनीतिकर्मीले गर्नुपर्ने काम त्यही नै होइन र ?

***प्रतीक भण्डारी, बर्दिबास।***

# कन्सल्टेन्सीका ठगीबाट जोगाऔं

नेपालको युवापुस्ताले अहिले विदेशगमनलाई नै आफ्नो प्रमुख लक्ष्य ठान्न थालेको छ। अभिभावकहरू पनि आफ्ना छोराछोरीलाई ऋणपान गरेर भए पनि विदेश पठाउन चाहन्छन्। आफ्नै शैक्षिक उन्नति र प्रगतिको लागि विदेश जानुलाई नराम्रो मान्न सकिन्न। पढेका योग्य नागरिकलाई कसरी देशमा फिर्ता बोलाउने र तिनलाई के कसरी व्यस्त बनाउने भन्ने राष्ट्रले सोच्ने कुरा हो। यदि देशले यस्तो गर्न सक्दैन भने देश अधोगतिमा जान सक्छ। तर आमसर्वसाधारण अध्ययनको लागि विदेश जाने क्रममै ठगी हुनु भनेको सरकारले कन्सल्टेन्सीहरूलाई नियमन गर्न नसकेको भन्ने बुझिन्छ। यस मामिलामा सरकारका गम्भीर हुनुपर्ने देखिन्छ।

गत साउनमा चितवनमा भएको घटनाले हामी सबै सचेत हुनुपर्छ भन्ने देखिएको छ। किनभने चितवनमा सञ्चालित ४५ वटा कन्सल्टेन्सी र भाषा प्रशिक्षण संस्था बन्द गर्न स्थानीय प्रशासनले निर्देशन दिइसकेको छ। अनुमति नलिइ चलाइएका त्यस्ता संस्था बन्द गर्न जिल्ला प्रशासन कार्यालय चितवनले निर्देशन दिएको हो। जो आफैं कानूनी दायरामा छैन त्यस्ता संस्थाले कसरी कानूनी हिसाबमा चल्छन् भन्ने पनि प्रश्न आउँछ। फेरि यो त युवाहरूलाई विदेशमा पठाउने काम हो, जहाँको बारेमा ती युवाले धेरै कुरामा अनभिज्ञ हुन्छन्। चितवनमा यस्तो हालत छ भने काठमाडौंमा चलेका सबै कन्सल्टेन्सी र भाषा कक्षा निमयसंगत छन् त भन्ने अर्को प्रश्न पनि स्वभाविक रूपमा उठ्छ। अब यिनको नियमन कसले गर्ने हो, शिक्षा मन्त्रालयले गर्ने हो कि, महानगरको शिक्षा शाखाले गर्ने हो ? त्यो गर्नुपऱ्यो र जनतालाई ठगिनबाट जोगाउनुपऱ्यो।

राजधानी काठमाडौंमा यसबारेमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले कामकारबाही अघि बढाएको समाचार आएको थियो। जस अनुसार विभागले कन्सल्टेन्सीको अनुगमन गर्दा धेरै त बिनादर्ता चलेका रहेछन्। विभागले गत असार




३२ देखि साउन २६ गतेसम्म अनुगमन गर्दा २०२ वटा कन्सलटेन्सीमा आधाभन्दा बढी नै बिनादर्तामा चलिरहेका रहेछन्। विभागले अनुगमन गरेका कन्सल्टेन्सीमध्ये ५५ वटालाई न्यूनतम ५० हजारदेखि बढीमा दुई लाख रुपियाँसम्म जरिबाना तिराएको भन्ने समाचार पनि सार्वजनिक भएको थियो। विभागले शिक्षा मन्त्रालयमा दर्ता गर्नुपर्ने प्रावधानमा हाल आएर प्रदेश सरकारले पनि दर्ता अनुमति दिँदा समस्या भएको कुरा बताएको छ। त्यो त सरकारी प्रक्रियाको कुरा हो, त्यसमा आमजनताले केही जान्ने कुरा हुँदैन। संघीय मन्त्रालयले मात्रै दर्ता गर्ने हो कि प्रदेशमात्रै दर्ता गर्ने हो त्यो सरकारी तवरबाट निर्क्योल हुनुपऱ्यो। जनता ठगिनुभएन।

हामी सर्वसाधारणले ध्यान दिनुपर्ने कुरा के हो भने, वैदेशिक शैक्षिक परामर्श सेवा उपलब्ध गराउँदा फ्री भिसा, रोजगारीको ग्यारेन्टी तथा डिपेन्डेन्ट भिसा उपलब्ध गराइनेजस्ता प्रलोभन फस्न हुँदैन। त्यस्तै, शिक्षा मन्त्रालयको अभिलेखमा कायम नरहेका विश्वविद्यालय तथा शिक्षण संस्थामा अभिलेखीकरणसम्बन्धी प्रक्रिया पूरा नगरी विद्यार्थीलाई अध्ययनका लागि सिफारिस गरको छ कि भन्नेमा पनि सचेत हुनुपर्दछ। आमसर्वसाधारणले पनि संस्थाको वैधानिकता बुझेर काम गर्नुपर्छ, नत्र बेकारमा पछुताउनुपर्ने हुनसक्छ ।

***हितेष सापकोटा, भरतपुर***

### युरोपमा डढेलो

# आठ लाख हेक्टरभन्दा बढी जमिनको रुख बुटा नष्ट



**एजेन्सी, भदौ ४**

युरोपमा यस वर्ष डढेलोका कारण अत्यधिक क्षति भएको छ। युरोपेली आयोगअन्तर्गतको संयुक्त अनुसन्धान केन्द्रका अनुसार सन् २०२५ को अगस्टसम्म करिब ८ लाख ९५ हजार हेक्टर जमिन डढेलोले नष्ट गरिसकेको छ। यो अघिल्लो वर्षको तुलनामा चार गुणा बढी हो।

केवल एक साताको अवधिमा मात्रै करिब चार लाख ३९ हजार हेक्टर जमिनमा डढेलो फैलिएको तथ्यांकले आगो तीव्र गतिमा बढिरहेको संकेत गर्छ। अहिलेसम्म ३० हेक्टरभन्दा बढी फैलिएको १७ सय ३६ वटा ठूला डढेलो युरोपका विभिन्न भू-भागमा भएको तथ्यांक छ। यो डढेलोको संख्या गत वर्षको तुलनामा ११ सय ८५ ले बढी हो।

यस वर्ष डढेलोबाट युरोपभर अनुमानित तीन करोड १९ लाख टन कार्बन डाइअक्साइड वायुमण्डलमा उत्सर्जन भएको छ। अघिल्लो वर्षको तुलनामा यो झण्डै तीन गुणा बढी हो। वायुमण्डलमा निरन्तर कार्बन डाइअक्साइड वृद्धिको स्थितिले जलवायु परिवर्तनको जोखिमलाई अझ गम्भीर बनाएको छ।

संयुक्त अनुसन्धान केन्द्रका अनुसार, अघिल्ला १९ वर्षको औसतमा डढेलोबाट हरेक वर्ष करिब दुई लाख ४४ हजार हेक्टर जमिन जलेर नष्ट हुने गरे पनि यो वर्षको क्षति त्यसभन्दा धेरै माथि पुगेको छ।

मौसम पूर्वानुमान अनुसार आगामी दिनहरूमा स्पेन, फ्रान्स, इटाली, ग्रीस र बाल्कन क्षेत्रहरूमा डढेलोको जोखिम केही घट्न सक्ने अनुमान गरिएको छ। उता आयरल्यान्ड, बेलायत, बेल्जियम, नेदरल्यान्ड, जर्मनीको उत्तर भाग, पोल्यान्ड, डेनमार्क, स्विडेन र फिनल्यान्डमा भने डढेलोको जोखिम 'धेरै उच्चदेखि अत्यन्तै उच्च' हुने चेतावनी दिएको छ। यस्तै, अष्ट्रिया, हंगेरी र रोमानियाको डान्युब नदी आसपासका क्षेत्रहरूमा पनि डढेलोको खतरा बढ्ने अनुमान छ।

युरोपमा हरेक वर्ष औसत ६० हजारभन्दा बढी डढेलोका घटना हुने गर्छन्। जसबाट करिब पाँच लाख हेक्टर जमिन प्रभावित हुने गरेको छ। यस्ता डढेलोले मानवीय, जैविक र आर्थिक पक्षमा गम्भीर असर पार्ने गरेको छ। जसका कारण हरेक वर्ष झन्डै २ अर्ब युरो बराबरको आर्थिक क्षति हुने गरेको अनुसन्धान केन्द्रले जनाएको छ।

# दिल्लीकी मुख्यमन्त्री गुप्तामाथि दुर्व्यवहार गर्ने पक्राउ





**एजेन्सी, भदौ ४**

दिल्लीकी मुख्यमन्त्री रेखा गुप्तालाई एकजनाले सार्वजनिक कार्यक्रममा थप्पड हानेका छन्। थप्पड हान्ने एक व्यक्तिलाई पक्राउ गरिएको छ।

बुधबार बिहान सार्वजनिक सुनवाइका क्रममा मुख्यमन्त्रीमाथि थप्पड प्रहार गरेका हुन्। दुर्व्यवहार गर्ने व्यक्ति भारतको पश्चिमी राज्य गुजरातका ४१ वर्षीय राजेश खिमजी हुन्। दिल्ली प्रहरीले उनलाई हिरासतमा राखी सोधपुछ गरिरहेको छ।

दिल्ली प्रहरीका अनुसार आक्रमणकारीले मुख्यमन्त्रीलाई थप्पड हाने र त्यसपछि हात र कपाल समातेर लुछे। यस घटनामा मुख्यमन्त्रीलाई सामान्य चोट लागेको प्रहरीले जनाइएको छ।

हिन्दुस्तान टाइम्सका अनुसार रेखा गुप्ता जनतालाई सम्बोधन गर्दै गुनासो सुन्दै गर्दा आक्रमणकारी अचानक अगाडि आएका थिए। उनले मुख्यमन्त्रीलाई कागजको टुक्रा दिएर चर्को स्वरमा कुरा गरेको, अपशब्द प्रयोग गरेको र त्यसपछि थप्पड हानेको प्रत्यक्षदर्शीहरूले बताएका छन्।

आक्रमणकारीकी आमाले आफ्ना छोरा 'कुकुरप्रेमी' भएको र पछिल्लो समय दिल्लीमा बेवारिसे कुकुर हटाउने विषयमा भएको विवादले देशभर प्रदर्शन चर्किरहेका छन्। त्यसकै असरले छोरा मानसिक रूपमा विचलित भएको उनले बताएकी छिन्।

मुख्यमन्त्रीले एक दिनअघि मात्र सबै सम्बन्धित अधिकारीहरूलाई कुकुरप्रेमीहरूको भावनामा चोट पुग्ने कुनै कदम नचलाउन कडा निर्देशन दिएकी थिइन्।

मुख्यमन्त्रीमाथिको आक्रमणपछि सर्वपक्षीय रूपमा निन्दा भइरहेको छ। विभिन्न पार्टीका नेताहरूले महिला नेतामाथि सार्वजनिक कार्यक्रममा भएको आक्रमण लोकतान्त्रिक मूल्य र सामाजिक सद्भावविरुद्ध भएको बताएका छन्।

# इरानबाट फर्किंदै गरेका अफगानी सवार बस दुर्घटना, ७९ को मृत्यु



**एजेन्सी, भदौ ४**

उत्तर-पश्चिम अफगानिस्तानको हेरात प्रान्तमा मंगलबार राति भएको बस दुर्घटनामा कम्तीमा ७९ जनाको ज्यान गएको छ। मृत्यु हुनेमा १९ जना बालबालिका छन्। अफगानिस्तानको गृहमन्त्रालयका प्रवक्ता अब्दुल मतीन कानीले जानकारी दिँदै दुर्घटनामा दुई जना घाइते भएको बताए।

बस इरानबाट अफगानिस्तान फर्कंदै गरेको थियो। हेरातको सडकमा बस एक ट्रक र मोटरसाइकलसँग ठोक्किँदा ठूलो आगलागी भएको थियो। धेरै यात्रुहरू घटनास्थलमै जलेर मृत्यु भएका थिए।

अफगानिस्तानमा सडक दुर्घटना सामान्य बनिरहेको छ। दुर्घटनाहरूको मुख्य कारण कमजोर सडक संरचना, सुरक्षा सतर्कता नअपनाइने, र चालकहरूको लापरवाही मानिन्छ।

गत केही महिनामा मात्रै करिब १८ लाख अफगानीहरू इरानबाट जबरजस्ती फर्काइएका छन्। यस्तै, पाकिस्तानबाट १ लाख ८४ हजारभन्दा बढी र टर्कीबाट पनि ५ हजारभन्दा बढी अफगानीहरू निर्वासित गरिएको छ। साथै, करिब १० हजार अफगानी बन्दीहरू विशेषगरी पाकिस्तानबाट फिर्ता ल्याइएको अफगानी शरणार्थी तथा पुनस्थापना मन्त्रालयले जनाएको छ।

तालिबान सरकारद्वारा छिमेकी देशहरू इरान र पाकिस्तानलाई गैरकानुनी रुपमा अफगानी नागरिकहरूलाई देशनिकाला गरेको भन्दै आलोचना गरिएको छ। मन्त्रालयका अनुसार अझै करिब ६० लाख अफगानी नागरिक विभिन्न देशहरूमा शरणार्थीका रूपमा बसोबास गरिरहेका छन्।

# ह्वाइट हाउसले टिकटक चलाउने



**एजेन्सी, भदौ ४**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यालय (ह्वाइट हाउस) ले सामाजिक सञ्जाल एप टिकटकमा आफ्नो आधिकारिक अकाउन्ट सुरु गरेको छ। नयाँ अकाउन्ट सुरु भएको केही घण्टामै यो अकाउन्ट निकै चर्चामा आएको छ।

मंलबार सार्वजनिक गरिएको पहिलो पोस्टमा 'अमेरिका हामी फिर्ता भएका छौं! के छ टिकटक?' शीर्षकसहितको २७ सेकेन्डको भिडियो क्लिपमा ट्रम्प आफ्ना समर्थकहरूसँग जोडिएका छन्। भिडियोमा सन् २०१६ मा भएको रिपब्लिकन नेसनल कन्भेन्सनमा दिइएको उनको भाषणको अडियो पनि समावेश गरिएको छ। अकाउन्ट सार्वजनिक भएको एक घण्टा नपुग्दै ४५ सयबढी फलोअर्स पुगेको थियो भने केही घण्टामै यो संख्या ५७ हजार नाघेको छ। चुनावी अभियानको बेला प्रयोग गरिएको ट्रम्पको पुरानो टिकटक अकाउन्टमा ११०.१ मिलियन फलोअर्स छन। सो अकाउन्टमा उनले अन्तिम पोस्ट २०२४ नोभेम्बर ५ (चुनावको दिन) मा गरेका थिए।

**टिकटकमाथि कानूनी अन्योल**

टिकटक चीनको बाइटडान्स कम्पनीको स्वामित्वमा रहेको एप हो। जसलाई अमेरिका भित्र सुरक्षा जोखिमको रूपमा हेरिएको छ। ट्रम्पले आफ्नो पहिलो कार्यकालमा टिकटकलाई प्रतिबन्ध लगाउने आदेश जारी गरेका थिए। आदेश अनुसार बाइटडान्सले कुनै अमेरिकी कम्पनीलाई नबेचे एप बन्द गरिने भनिएको थियो। तर कानूनी चुनौतीका कारण त्यो आदेश तत्काल कार्यान्वयन भएन।

राष्ट्रपति पदमा दोहोरिएपछि ट्रम्पले टिकटकलाई विकल्प खोज्ने समय दिँदै ७५-७५ दिनका लागि दुईपटक समयसीमा थप गरेका छन्। पहिलोपटक जनवरी २० मा र दोस्रोपटक अप्रिल ४ मा। पछिल्लो पटक जुन १९ मा नयाँ कार्यकारी आदेश जारी गर्दै उनले टिकटकलाई ९० दिनको थप समय दिएका छन्। यो समयसीमा सेप्टेम्बर १७, २०२५ मा समाप्त हुनेछ।

सामाजिक सञ्जालमा ट्रम्पको प्रभाव अत्यन्त बलियो देखिन्छ। एक्स (ट्विटर) मा उनका १०८.५ मिलियन, ट्रुथ सोशल (उनकै स्वामित्वमा रहेको प्लेटफर्म) मा १०.६ मिलियन, र टिकटकमा ११० मिलियन फलोअर्स छन्।

त्यसको तुलनामा ह्वाइट हाउसका आधिकारिक अकाउन्टहरूमा एक्समा २.४ मिलियन र इन्स्टाग्राममा ९.३ मिलियन फलोअर्स मात्रै छन्।

# किम यो जोङ्द्वारा दक्षिण कोरियासँग सम्बन्ध सुधारको प्रयासलाई फेरि अस्वीकार

एजेन्सी, भदौ ४

उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उनकी शक्तिशाली बहिनी किम यो जोङले दक्षिण कोरियासँग कूटनीतिक सम्बन्ध सुधार्न खोजिएको प्रयासलाई फेरि ठाडो अस्वीकार गरेकी छिन्। उत्तर कोरियाली सरकारी सञ्चारमाध्यमहरूले बुधबार सार्वजनिक गरेको वक्तव्यमा उनले दक्षिण कोरियालाई कहिल्यै पनि विश्वासिलो कूटनीतिक साझेदारको रूपमा नस्वीकार्ने बताएकी हुन्।

उनको यो भनाइ हाल दक्षिण कोरिया, अमेरिका र जापानबीच चलिरहेको संयुक्त सैनिक अभ्यासको प्रतिक्रिया स्वरूप आएको हो। उत्तर कोरियाले यी अभ्यासहरूलाई सधैं आफ्ना विरुद्ध गरिएको आक्रमणको तयारीको रूपमा लिने गरेको छ। यो वक्तव्यले उत्तर कोरियाको रणनीतिमा नयाँ मोडका रुपमा पनि हेर्न थालिएको छ। उत्तर कोरियाले अब दक्षिण कोरियासँग मेलमिलापको लक्ष्य त्यागेर स्थायी शत्रुको रूपमा हेर्ने नीति लिएको भनि विश्लेषकहरूले चर्चा गरेका छन्।

गत वर्ष किम जोङ उनले आफ्नो देशको संविधान संशोधन गर्दै दक्षिण कोरियालाई 'स्थायी शत्रु' घोषणा गरेका थिए। उनले दक्षिणसँगको शान्तिपूर्ण एकताको लक्ष्य पनि औपचारिक रूपमा परित्याग गरेका थिए।

सन् २०१९ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको वार्ता असफल भएपछि किम जोङ उनले आणविक कार्यक्रमलाई अझ तीव्र रूपमा अघि बढाएका छन्। अहिले उनी रुससँगको सम्बन्धमा केन्द्रित देखिन्छन् र नयाँ 'शीतयुद्ध' को अवधारणा अँगालिरहेका छन्।

यता दक्षिण कोरियामा युन सुक योलको पदच्युतिपछि सत्तामा आएका नयाँ उदारवादी राष्ट्रपति ली जे म्योङले दुई कोरियाबीचको संवाद पुनः सुरु गर्ने पहल गरेका छन्। पदभार ग्रहण गरेसँगै उनले उत्तरलाई शान्तिपूर्ण सन्देश पठाउँदै उत्तर कोरियालाई उत्तेजित बनाउन सीमा क्षेत्रमा गरिने प्रचारप्रसार कार्य बन्द गराएका छन्।

तर किम यो जोङको पछिल्लो अभिव्यक्तिले उत्तर कोरियाले हाललाई कुनै पनि संवादको ढोका बन्द राख्न खोजेको देखिन्छ।


## आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC

**तपसिलमा उल्लेखित ऋणीलाई कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**

**सूचना प्रकाशित मिति : २०८२/०५/०५ गते**

यस फाइनान्सको शाखा कार्यालय पेप्सीकोला काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने ब्याज तथा किस्ता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिदा समेत कर्जा रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखत तथा प्रचलित कानून बमोजिम कर्जा असुल्ने क्रममा धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपसिल बमोजिमको सम्पत्ति बेचबिखन गरी कर्जा रकम असुल उपर गरिलिनेछ। सोबाट समेत असुल उपर हुनुपर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानुन अनुसार तपाँइ ऋणीको अन्य चल अचल सम्पत्ति तथा जायजेथाबाट समेत फाइनान्सले आफ्नो लेना असूल उपर गरि लिनेछ। साथै, ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिईनेछ। तपाई ऋणीबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला। उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा सूचीकृत गरिने व्योहरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपशिल**

| ऋणीको विवरण | व्यक्तिगत जमानी दिनेहरुको विवरण |
|---|---|
| **नाम : काजी बले थापा**<br>बुबा : धन बहादुर थापा<br>बाजे : बल सुन्दर थापा<br>ना.प्र.नं. : १६४/०४६, जि.प्र.का., भक्तपुर<br>जारी मिति : २०४६/०४/३०<br>ठेगाना : कटुञ्जे ०१, भक्तपुर<br>हाल : सुर्यविनायक न.पा. ५, भक्तपुर | **क) नाम : शुष्मा थापा**<br>बुबा : काजी बले थापा<br>बाजे : धन बहादुर थापा<br>ना.प्र.नं. : ८/९७६, जि.प्र.का., भक्तपुर<br>जारी मिति : २०४८/०७/१३<br>ठेगाना : कटुञ्जे ०१, भक्तपुर<br>हाल : सुर्यविनायक न.पा. ५, भक्तपुर |
| **ख) नाम : मिश्री थापा**<br>बुबा : पुर्ण बहादुर सिलवाल<br>पति : काजिबले थापा<br>ससुरा : धन बहादुर थापा<br>ना.प्र.नं. : ७६२५, जि.प्र.का., भक्तपुर<br>जारी मिति : २०४२/०३/२३<br>ठेगाना : कटुञ्जे ०१, भक्तपुर<br>हाल : सुर्यविनायक न.पा. ५, भक्तपुर | **ग) नाम : प्रकाश सेर्पाइली सुनार**<br>बुबा : कालो सुनार<br>बाजे : शंकर प्रसाद सुनार<br>ना.प्र.नं. : ५०३२, जि.प्र.का. काठमाण्डौ।<br>जारी मिति : २०५६/०७/१८<br>ठेगाना : का.म.न.पा. ३२, काठमाण्डौं |

**धितो सुरक्षणको विवरण :**

मालपोत कार्यालय भक्तपुरमा काजि बले थापाको नाममा दर्ता कायम रहेको भक्तपुर जिल्ला कटुञ्जे वडा नं. १ ख स्थित कित्ता नं. ४०३२ को क्षेत्रफल १७४.८८ व.मि को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत।

१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२, www.icfc.com.np


# शौचालयबाट रोग सर्छ ?

सार्वजनिक शौचालय प्रयोग गर्दा धेरैलाई एउटै डर हुन्छ - कतै यहाँबाट रोग त सर्दैन? विशेष गरी दिनभर सयौंले प्रयोग गरेको शौचालयको सीटमा बस्नपर्‍यो भने मनमा शंका हुनु स्वाभाविक हो। कतिले सीटमा टिस्यु ओछ्याएर बस्ने गर्छन्, कतिले त उठेरै पिसाब फेर्छन्।

सैद्धान्तिक रूपमा केही रोगहरू शौचालयको सीटबाट सर्न सक्ने भए पनि, व्यवहारमा यस्तो सम्भावना अत्यन्तै न्यून हुन्छ। विशेषगरी गोनोरिया, क्लामाइडिया जस्ता यौनजन्य रोगहरूका जीवाणुहरू शरीरबाहिर चिसो र कडा सतहमा लामो समय टिक्न सक्दैनन्। त्यस्तै, रगतबाट सर्ने रोग वा मूत्रनली संक्रमण पनि सीटबाट सर्ने सम्भावना अत्यन्त न्यून छ।

मानव पपिलोमा भाइरस (एचपीभी) जस्तो केही भाइरस भने सतहमा केही लामो समय बाँची रहन सक्छन्। यस्तो भाइरस एक हप्तासम्म टिक्न सक्छ, तर शरीरमा छालाको कुनै चोट वा चिरा नभई संक्रमण हुने सम्भावना निकै कम हुन्छ।

धेरैजसो मानिस शौचालयको सीटमा टिस्यु ओछ्याएर बस्दा आफू सुरक्षित हुने ठान्छन्। तर टिस्यु वा सीट कभरहरू छिद्रयुक्त हुने भएकाले तिनले सूक्ष्म जीवाणु रोकेर राख्न सक्दैनन्।

शौचालय प्रयोग गर्दा सबैभन्दा बढी जोखिम हातबाट हुन्छ। फ्लस, ढोका, सिङ्क, साबुन डब्बा, तौलिया डिस्पेन्सर लगायतमा थुप्रै किसिमका जीवाणु र भाइरस हुन्छन्। यस्ता सतह छोइए र हात नधोइए पछि अनुहार वा मुख छुँदा रोग सर्ने सम्भावना हुन्छ। नोरोभाइरसजस्ता भाइरसहरू त थोरै मात्रामा पनि शरीरमा पसे संक्रमण गराउन सक्छन्। यस्ता भाइरस सतहमा हप्तौंसम्म बाँची रहन सक्छन्।

फ्लस गर्दा शौचालयको कमोडभित्रको दिसा वा पिसाबका स-साना कणहरू हावामा उड्छन् र वरिपरिका सतहमा फैलिन्छन्। वैज्ञानिकहरूले यसलाई 'ट्वाइलेट स्नीज़' भन्छन्। ती कणहरू भित्ता, लुगा, शरीर वा फोनमा टाँसिन सक्छन्। ढक्कन लगाएर फ्लस गर्न केहीको सुझाव छ।

शौचालय प्रयोग गर्दा केही सजिला उपायहरू अपनाउन सकिने विज्ञहरूको सुझाव छ। हात कम्तीमा २० सेकेन्ड साबुन-पानीले धुने, धोएपछि स्यानिटाइजर प्रयोग गर्ने, शौचालय भित्रका सतहहरू नछुने, मोबाइल नचलाउने र फ्लस गरेपछि शौचालयबाहिर निस्कने गर्नुपर्छ।

त्यसैले शौचालयको सीटबाट रोग सर्ने सम्भावना अत्यन्तै न्यून छ। स्वच्छता र सावधानी अपनाए कतिपय हानिकारक संक्रमणबाट बच्न सकिने विज्ञहरू बताउँछन्।


**संस्थापक शेयर खरिद गर्न चाहनुहुने संस्थापक शेयरधनी महानुभावहरुलाई जरुरी सूचना**

(प्रकाशित मितिः २०८२/०५/०५)

यस कम्पनीको संस्थापक शेयरधनीहरुले आफ्नो नाममा रहेको संस्थापक शेयर विक्रि गर्ने इच्छा जाहेर गरी यस कम्पनी समक्ष निवेदन दिनुभएकोमा उक्त निवेदन संचालक समितिको बैठकमा पेश हुँदा रित पुऱ्याई खरिद विक्रि गर्ने प्रकृया अघि वढाउने निर्णय भएकोले सो संस्थापक शेयर खरिद विक्रिमा साविकका संस्थापक शेयर धनीहरुलाई प्राथमिकता दिनुपर्ने विद्यमान व्यवस्था भएको हुँदा यस कम्पनीको सम्पूर्ण संस्थापक शेयर धनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अतः कुनै संस्थापक शेयरधनीलाई संस्थापक शेयर खरिद गरी लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कम्पनीको प्रधान कार्यालय कमलादी, काठमाडौंमा निवेदन दिनुहुन अनुरोध छ। सो समयभित्र प्राप्त निवेदनका आधारमा शेयर खरिद विक्रि प्रकृया अघि वढाइने व्यहोरा समेत सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदछौं।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

**Head Office:** Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167, 5903698
info@reliancenepal.com.np | www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

# रोहिणी इन्धन डिपोको निर्माण मंसिरदेखि, डीपीआर तयार



काठमाडौं, भदौ ४

लुम्बिनी प्रदेशको पेट्रोलियम भण्डारण क्षमता बढाउन प्रस्तावित रोहिणी इन्धन भण्डारण डिपोको निर्माण आगामी मंसिरदेखि सुरु गरिने भएको छ। नेपाल आयल निगमले भण्डारण क्षमता अभिवृद्धि आयोजना अन्तर्गत रुपन्देहीको भलवारी इन्धन भण्डारण डिपोलाई जिल्लाकै रोहिणी र ओमसतिया गाउँपालिकामा साढे २५ बिघा क्षेत्रफलमा स्थानान्तरण लागेको हो।

आगामी असोजमा बोलपत्र आह्वान गरेर कात्तिकभित्र ठेकेदार छनोट प्रक्रिया पूरा गरी मंसिरदेखि आयोजना स्थलमा परिचालन गर्ने योजना रहेको भण्डारण क्षमता अभिवृद्धि आयोजनाका प्रमुख प्रदीपकुमार यादवले बताए। उनले भैरहवामा अवस्थित अहिलेको इन्धन डिपो अन्तर्राष्ट्रिय मापदण्डविपरीत तथा कम क्षमताको रहेकाले नयाँ ठाउँमा स्थानान्तरण गर्न लागिएको बताए।

'भदौ महिनाभित्र बजेट पास हुन्छ। असोज महिनामा बोलपत्र आह्वान गर्छौं,' उनले भने, 'कात्तिकमा ठेक्का सम्झौता गरेर निर्माणमा जान्छौं।' उनले यो इन्धन डिपोको इन्जिनियरिङ, प्राक्युरमेन्ट एण्ड कन्स्ट्रक्सन (ईपीसी) मोडलमा ठेक्का सम्झौता गरिने पनि बताए। यो इन्धन डिपो निर्माण सम्पन्न गर्न ५ अर्ब ७९ करोड ३० लाख ३४ हजार ९ सय ४१ रुपैयाँ लागत अनुमान गरिएको छ। रोहिणी र ओमसतियामा प्रस्तावित नयाँ प्रविधियुक्त अत्याधुनिक सुविधा सम्पन्न पेट्रोलियम इन्धन डिपोको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार भएको छ। काठमाडौं विश्वविद्यालय (केयू) को कन्सल्टेन्सी सेवा विभागले आयोजनाको डीपीआर तयार गरी बुधबार निगमलाई हस्तान्तरण गरेको छ।

काठमाडौंमा बुधबार आयोजित कार्यक्रममा केयूको कन्सल्टेन्सी विभागका प्रमुख विवेक बरालले आयोजना प्रमुख यादवलाई रोहिणी डिपोको डीपीआर हस्तान्तरण गरेका हुन्। निगम र केयूको कन्सल्टेन्सी विभागबीच डीपीआर निर्माण गर्न २०८१ साल मंसिर १२ गते सम्झौता भएको थियो। केयूको कन्सल्टेन्सी विभागले ९ महिनामा डीपीआर तयार गरी निगमलाई बुझाएको हो। निगमसँग लामो समयको सहकार्यपछि इन्धन भण्डारण डिपोको डीपीआर तयार गरेको बरालले बताए। 'हामीले निगमसँग जोडिएर सन् २०१७ देखि नै विभिन्न काम गरिरहेका थियौं। यसैक्रममा पोखरा भण्डारण डिपोको काम गर्ने अवसर मिल्यो,' उनले भने, 'अहिले अत्याधुनिक इन्धन भण्डार डिपोको डीपीआर नै तयार गरेर निगमलाई बुझायौं। यसले केयूबाट उत्पादन भएको जनशक्तिले जस्तोसुकै काम गर्न सक्ने प्रमाणित गरेको छ।'

यो आयोजनाको डीपीआर निर्माण गर्ने क्रममा भारतीय विज्ञहरूको सहयोग लिएको पनि उनले बताए। यस प्रकारका काम गर्दै जाँदा स्वदेशमै दक्ष जनशक्ति उत्पादनमा ठूलो योगदान पुग्ने उनको भनाइ छ।

विदेशी परामर्शदाता लगाएर लागत र समयमात्रै बढाउनुभन्दा स्वदेशी जनशक्तिबाट नै कम समयमा डीपीआर बनाएर काम गर्दा प्रभावकारी हुने यादवले बताए। 'विगतमा विदेशी परामर्शदाताले बनाइदिएको डीपीआरको हिसाबले निगम चल्नुपर्ने बाध्यता थियो। तर, अहिले केयू र त्रिभुवन विश्वविद्यालयबाट उत्पादन भएको जनशक्तिले नै उत्कृष्ट डीपीआर तयार गरिरहेकाले अब विदेशीको मुख ताक्नुपर्ने छैन,' उनले भने।

आयोजनाअन्तर्गत पेट्रोल भण्डारणका लागि २ हजार १ सय किलो लिटर क्षमताका २ वटा भर्टिकल ट्यांक तथा ७६० किलोलिटर क्षमताको एउटा भर्टिकल ट्यांक निर्माण गरिनेछ। यी भर्टिकल ट्यांकको कुल क्षमता ४ हजार ९ सय ६० किलोलिटर हुनेछ। यस्तै, डिजेल भण्डारणका लागि ४ हजार ५ सय किलोलिटर क्षमताका ३ वटा भर्टिकल ट्यांक निर्माण गरिनेछ। यी ट्यांकको जडित क्षमता १३ हजार ५ सय किलोलिटर हुनेछ।

मट्टीतेल भण्डारणका लागि पनि ७६ किलोलिटर क्षमताका ३ वटा भर्टिकल ट्यांक निर्माण गरिनेछ। यी ट्यांकको कुल क्षमता २ सय २८ किलोलिटर हुने निगमले जनाएको छ। डिपो भित्र अग्नी सुरक्षा प्रणालीका लागि २१ सय किलोलिटर क्षमताको दुईवटा पानी ट्यांकी पनि निर्माण हुनेछन्। यी ट्यांकीमा ४ हजार २०० किलोलिटर पानी भण्डारण गर्न सकिनेछ। इन्धन लोडिङ सेडमा ८ वटा 'वे' र अनलोडिङ सेडमा पनि ८ वटा 'वे' निर्माण हुनेछन्।

- **डिपोको कुल लागत ५ अर्ब ७९ करोड ३० लाख ३४ हजार ९४१ रूपैयाँ छ**
- **पेट्रोल भण्डारणका लागि २,१०० किलोलिटर क्षमताका २ वटा भर्टिकल ट्यांक तथा ७६० किलोलिटर क्षमताको एउटा भर्टिकल ट्यांक निर्माण हुनेछ, जसको कुल क्षमता ४,९६० किलोलिटर हुनेछ**
- **डिजेल भण्डारणका लागि ४,५०० किलोलिटर क्षमताका ३ वटा भर्टिकल ट्यांक निर्माण गरिनेछ, जसको जडित क्षमता १३,५०० किलोलिटर हुनेछ**

निर्माण हुने भण्डारणगृहमा लुम्बिनी प्रदेशको १ महिनालाई धान्ने माग बराबरको पेट्रोलियम पदार्थ भण्डारण गर्न सकिने निगमका उपनिर्देशक रामहरि निरौलाले बताए। उनले अहिले आयोजना स्थलमा पूर्वतयारीका कामहरू भइरहेको बताए।

पूर्णरूपले अटोमेसनमा आधारित इन्धन डिपो निर्माणका लागि जग्गा विकास, पर्खाल, पहुँच मार्ग, इन्धन भण्डारणगृह, पेट्रोलियम पदार्थको प्रवाह तथा फायर फाइटिङ प्रणालीको पाइपिङ निर्माण, विद्युतीय कार्य, प्रशासनिक भवन, कन्ट्रोल भवन, प्रयोगशाला भवन, बिलिङ तथा स्टोर भवन, कार्यालय प्रमुख तथा कर्मचारी आवासगृह, महिला तथा पुरुष आर्मीको लागी छुट्टाछुट्टै आवास गृह, ट्यांकर चालक आराम गर्ने संरचना, सुरक्षा पोष्ट, ट्यांकर पार्किङ क्षेत्रलगायतका संरचनाहरू डिपो हाता भित्र निर्माण हुनेछ।

निगमले इन्धन डिपो निर्माण गर्न रोहिणी र ओमसतिया गाउँपालिकामा साढे ११ बिघा जग्गा खरिद गरिसकेको छ। थप साढे ८ बिघा जग्गा निगमको स्वामित्वमा ल्याउन गृह मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालय रुपन्देहीबाट आवश्यक प्रक्रिया अगाडि बढिसकेको निगमले जनाएको छ।

यस्तै, यो जग्गामा प्रवेश गर्ने मूलबाटोसँग जोडिएको करिब साढे ५ बिघा पनि जग्गा प्राप्ति ऐन, २०३४ अनुसार प्राप्ति गर्न प्रक्रिया थालनी भइसकेको यादवले जानकारी दिए। निगमले आयोजना स्थल रोहिणी नदी किनारको भूमि सम्याउने र नदी किनारमा ग्याबियन जाली, रिटेनिङ वाल निर्माण गरी जग्गाको संरक्षण गर्ने कार्य सम्पन्न भइसकेको जनाएको छ। निगमका अनुसार आयोजना स्थलमा कार्यालय भवन निर्माण गरी सञ्चालनमा ल्याइसकिएको छ। साथै, चारै किल्लामा सुरक्षा गार्ड पोष्ट निर्माण गरी सुरक्षाकर्मीसमेत परिचालन गरी जग्गाको संरक्षण गर्ने कार्य भइरहेको छ।

नाडा अटो शो २०२५

# नयाँ ब्राण्डका गाडीमा अफरै अफर

काठमाडौं, भदौ ४




भृकुटीमण्डमा जारी १७औं संस्करणको नाडा अटो शो २०२५ मा विभिन्न ब्राण्डका नयाँ गाडी सार्वजनिक भइरहेका छन्। नेपालका लागि आधिकारिक बिक्रेता कम्पनीहरूले अटो शोको मौका छोपेर दैनिक नयाँ ब्राण्डका गाडी सार्वजनिक गरिरहेका छन्।

नाडा अटो शोमा लञ्च भइरहेका यी गाडी बिक्रीमा ग्राहकका लागि आकर्षक मूल्य राखेर अफर तथा छुट दिएका छन्। सिजी होल्डिङ्स कम्पनीले जापानी ब्राण्डको सुजुकीको ई-भिटारा विद्युतीय गाडी सार्वजनिक गरेको छ। नेपालका लागि आधिकारिक बिक्रेता सिजी होल्डिङ्सले नाडा अटो शोको मौका छोप्दै यो ब्राण्डको गाडी नेपाली बजारमा लञ्च गरेको हो। बिक्रेता कम्पनीका अनुसार यो गाडीले एक पटकको चार्जमा अधिकतम ५ सय किलोमिटरको रेन्ज दिनेछ।

यस्तै, डोङफेङ नामीले नाडा अटो शोको अवसर पारेर नामी भिगो कार (नामी-०६) सार्वजनिक गरेको छ। यो कारको मूल्य ४१ लाख ९९ हजार रुपैयाँ तोकिएको छ।

नाडा अटो शोमा आउने ग्राहकलाई यो गाडी खरिद गर्नका लागि बुकिङ गर्दा खरिद मूल्यमा एक लाख रुपैयाँ छुट दिने अफर लागु गरेको छ। यो गाडी प्रतिघन्टा ३५० किलोमिटर दौडिने बिक्रेता कम्पनीको दाबी छ।

यसैगरी, सिप्रदी ट्रेडिङले नै टाटा सफारी कारहरू लञ्च गरेको छ। सिप्रदी ट्रेडिङले टाटा सफारीका ३ वटा भेरिएन्टका कार नाडा अटो शोमा लञ्च गरी नेपाली बजारमा भित्र्याएको हो।

यस्तै, सिजी मोटर्सले एक्सपेङ एक्स-९ गाडी नाडा अटो शोका अवसरमा लञ्च गरी नेपाली बजारमा भित्र्याएको छ। लक्जरी कारको भेरिएन्टमा पर्ने यो ब्रान्डको कारको सुरुवाती मूल्य २ करोड २० लाख तोकिएको छ। यो कारको रेन्ज ४ सय ८० किलोमिटर रहेको कम्पनीले जनाएको छ।

यसैगरी, आधिकारिक बिक्रेता साइमेक्स इंकले बिवाइडी एटो-टु गाडी नाडा अटो शोमा लञ्च गरेको गरेको छ। यसअघि नै एटो-वान गाडी भित्र्याइसकेकोमा नाडा अटो शोका अवसरमा एटो-टु गाडी भित्र्याएको हो। यो ब्राण्डको गाडीको मूल्य ४३ लाख ९९ हजार रुपैयाँ तोकिएको छ। यो गाडीले ३ सय ४५ किलोमिटर रेन्ज प्रदान गर्ने बिक्रेता कम्पनीले जनाएको छ।

यसैगरी, एमएडब्लूले लुमिन ब्राण्डको विद्युतीय गाडी लञ्च गरेको छ। ३ सय १ किलोमिटर रेन्ज दिने यो विद्युतीय गाडीको मूल्य २२ लाख ९९ हजार रुपैयाँ तोकिएको छ। यो गाडी मूल्यका हिसाबले अन्य ब्राण्डका गाडीको तुलनामा सस्तो हुने बिक्रेता कम्पनीको दाबी छ।

यसैगरी, ठाकुर मोटर्सले जेनपेङ ब्रान्डका गाडी नाडा अटो शोमार्फत नेपाली बजारमा लञ्च गरेको छ। यो ब्राण्डका गाडीको मूल्य १८ लाख ९९ हजार रुपैयाँ तोकिएको छ। यो गाडी पनि अन्य ब्राण्डको तुलनामा सस्तो हुने दाबी गरिएको छ।

### पुराना गाडीदेखि रोबोटसम्म प्रदर्शनी

नाडाका महासचिव सुरेन्द्रकुमार उप्रेतीले 'गो फर मोर' नारा दिइएको र यसको अर्थ प्रदर्शनीमा अरुभन्दा धेरै र नयाा चिज पाउन सकिन्छ भन्ने भएको बताए। सन् १९९८ देखि सुरु भएको नाडा अटो शोले आकार र प्रभाव दुवै बढाउँदै लगेको उनले बताए। हरेक संस्करणमा प्राविधिक रुपान्तरण र नयाँ अफरसहित गतिशिलता दिइएकाले परिवर्तन हुँदै गएको बताए।

दर्शकलाई यसपटक युनिट्री रोबोट्सको चार पांग्रे रोबोट र दीपलको फ्लाइङ कारले लोभ्याइरहेको छ। उप्रेतीले आफू पनि यी प्रविधिमै सबैभन्दा उत्साहित भएको बताए। 'मानिसहरू आउँछन्, अवलोकन गर्छन्, अनि 'ओहो, यहाँ त यस्तो सुविधा पनि रहेछ' भन्छन्। यो नै हाम्रो उपलब्धि हो,' उनले भने।

दर्शकलाई यसपटक युनिट्री रोबोट्सको चार पांग्रे रोबोट र दीपलको फ्लाइङ कारले लोभ्याइरहेको छ। उप्रेतीले आफू पनि यी प्रविधिमै सबैभन्दा उत्साहित भएको बताए। 'मानिसहरू आउँछन्, अवलोकन गर्छन्, अनि 'ओहो, यहाँ त यस्तो सुविधा पनि रहेछ' भन्छन्। यो नै हाम्रो उपलब्धि हो,' उनले भने।

नाडा अटो शोलाई नेपालकै अटो ट्रेन्ड्सको 'ब्यारोमिटर' मानिन्छ। उप्रेतीका अनुसार उद्घाटन दिनमै १९ हजारभन्दा बढी दर्शकले भ्रमण गरेका छन्।

## सेरेसको अफर




काठमाडौं (संवाददाता)- नाडा अटो शो २०२५लाई रोचक बनाउन भन्दै सेरेसले आफ्ना ग्राहकका लागि 'विशेष थ्रीएक्स अफर' सार्वजनिक गरेको छ। यो अफर नाडा प्रदर्शनी अवधिभर रहने कम्पनीले जनाएको छ।

ग्राहकलाई बढी मूल्य र निश्चिन्तता दिने उद्देश्यसहित अफर सार्वजनिक गरिएको कम्पनीले जनाएको छ। कम्पनीले तीन वर्षको पूर्ण बीमा कभरेज, तीन गुणासम्म नगद छुट र बुकिङ रकमलमा तीन गुणासम्म फाइदा पुग्नेगरी अफर सार्वजनिक गरेको हो।

ग्राहकले यस अफरमार्फत अधिकतम ६ लाख रुपैयाँसम्मको लाभ लिन सक्नेछन्। अटोमोबाइल मन पराउनेहरूका लागि सेरेस ब्रान्डका आकर्षक गाडीहरू नजिकैबाट अवलोकन गर्ने यो अनुपम अवसर हुने पनि कम्पनीले जनाएको छ। सेरेस स्टलमा आगन्तुकहरूले सेरेस एसयुभी हेर्न पाउनेछन्। आधुनिक डिजाइन, अत्याधुनिक प्रविधि र वातावरणमैत्री प्रदर्शनसहितको सेरेस ३ नयाँ ईभी हो। जसलाई कम्पनीले भविष्यको मोबिलिटीको प्रतीक भनेको छ।

सेरेसले कोरालापास हुँदै ४ हजार ६ सय ६० मिटर उचाइमा अवस्थित लोमान्थाङ पुगेर पहिले नै इतिहास रचेको छ। यो कठिन यात्रालाई सफलतापूर्वक सम्पन्न गर्ने सेरेस नेपालको पहिलो ईभी हो। यस उपलब्धिले सेरेस वास्तवमै नेपालकै लागि बनेको हो भन्ने कुरालाई पुष्टि गर्नुका साथै यो कठोर भौगोलिक परिस्थितिहरू सहजै सामना गर्न सक्षम छ भन्ने पनि प्रमाणित गरेको छ।

नाडा अटो शो २०२५ मा सेरेसको स्टल भिजिट गर्नुहोस्, ड्राइभिङको भविष्यलाई अनुभव गर्नुहोस् र अधिकतम ६ लाख रुपैयाँसम्मको सीमित अवधिको अफरको लाभ लिन कम्पनीले अनुरोध गरेको छ।

# जिली एक्स फाइभ र जिली एयर ब्राण्ड सार्वजनिक

काठमाडौं, भदौ ४



विश्वप्रसिद्ध चिनियाँ विद्युतीय गाडीको ब्रान्ड जिली एक्स फाइफ र जिली एयर नेपाली बजारमा सार्वजनिक गरिएको छ। राजधानीको भृकुटीमण्डपमा मंगलबारदेखि सुरु भएको नाडा अटो शोमा यी ब्राण्ड बिक्रीमा राखिएका छन्।

ब्राण्ड सार्वजनिक भएसँगै 'जिली एक्स फाइभ म्याक्स' र 'प्रो'का साथै 'जिली एयर अल्ट्रा' तथा 'लाइट' अत्याधुनिक सुविधाहरू र आकर्षक छुटसहित टेष्ट ड्राइभ र बिक्रीमा राखिएको कम्पनीले जनाएको छ। ड्रिम्स स्मार्ट चाइनाको अधिकृत आयातकर्ता एलआरआर मोटर्सले नेपालमा जिली एक्स फाइभ विद्युतीय गाडी भित्राएको हो। एलआरआर मोटर्स जिली अटो ग्रुप नेपालको लागि आधिकारिक आयातकर्ता हो।

प्रदर्शनीमा कम्पनीले अटोप्रेमी र खरिदकर्ताहरूका लागि विशेष छुट योजना पनि घोषणा गरेको छ। अब ग्राहकहरूले आकर्षक जिली एक्स फाइभ म्याक्स ६४ लाख ९९ हजार रुपैयाँमा खरिद गर्न सक्नेछन्। यो मूल्य वास्तविक मूल्य भन्दा ३ लाख रुपैयाँ कम हो।

त्यस्तै, स्टाइलिश जिली एक्स फाइभ प्रोको मूल्य ५४ लाख ९९ हजार रुपैयाँ तोकिएको छ। यसको वास्तविक मूल्य ५८ लाख रहे पनि नाडा अटो शोमा आउने ग्राहकलाई छुट अफर दिइने कम्पनीले जनाएको छ।

त्यसैगरी, जिली एयरका प्रिमियम मोडलहरूमा पनि आकर्षक छुट योजना ल्याइएको छ। सुरुमा ६८ लाख रुपैयाँ मूल्य पर्ने जिली एयर अल्ट्रा अहिले नाडा अटो शोमा खरिद गरेमा ६४ लाख ९९ हजार रुपैयाँमा पाउन सकिनेछ।

यस्तै, सुरुमा ५४ लाख रुपैयाँ मूल्य भएको जिली एयर लाइट ४९ लाख ९९ हजार रुपैयाँमा खरिद गर्ने अवसर ग्राहकले गर्नेछन्। यी विशेष अफरहरूसँगै, एलआरआर मोटर्सले स्टाइल, फिचर र दिगोपनामा रुचि राख्ने नेपाली उपभोक्ताहरूमाझ ई-मोबिलिटीलाई अझ सहज र आकर्षक बनाउन लागेको छ।

यसैगरी, एलआरआर मोटर्सलेजिली एक्स फाइभ र जिली एयर दुवै मोडल खरिद गर्ने ग्राहकहरूका लागि विशेष बुकिङ योजना पनि घोषणा गरेको छ। २ लाख रुपैयाँको ननरिफण्डेबल बुकिङ गर्ने खरिदकर्ताले छुटसहितको मूल्य सुनिश्चित गर्नुका साथै आइफोन १६ प्रो म्याक्स वा एक तोला सुन, वा १ लाख ८० हजारसम्मको नगद छुटमध्ये कुनै एक पाउने अवसर प्राप्त गर्नेछन्।

यो सीमित अवधिको अफरले ग्राहकलाई थप मूल्य प्रदान गर्नेतर्फको कम्पनीको प्रतिबद्धता झल्काउने तथा ई-मोबिलिटीलाई अझ आकर्षक बनाउने कम्पनीको विश्वास लिएको छ।

## मुक्तिनाथ क्यापिटलले विभिन्न कम्पनीका संस्थापक शेयर बिक्री गर्दै

काठमाडौं (संवाददाता)- मुक्तिनाथ क्यापिटलले विभिन्न कम्पनीका संस्थापक शेयर बिक्री गर्ने छएको छ। क्यापिटलले लघुवित्त वित्तीय संस्था र वाणिज्य बैंकका संस्थापक समूहका गरी कुल चार लाख चार सय ४० कित्ता शेयर शिलबन्दी बोलपत्र प्रक्रियामार्फत बिक्री गर्न लागेको हो।

क्यापिटलले मेरो माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाको एक लाख ७२ हजार तीन सय ७२ कित्ताको न्यूनतम मूल्य ३०० रुपैयाँमा बिक्री गर्न लागेको छ। शेयर किन्न इच्छुक लगानीकर्ताले न्यूनतम पाँच हजार कित्ताका लागि आवेदन दिन सक्नेछन्। यस्तै स्वावलम्बन लघुवित्त वित्तीय संस्थाको ८४ हजार ६५ कित्ताको न्यूनतम मूल्य तीन सय ७५ रुपैयाँमा बिक्री गर्ने भएको छ। यो लघुवित्तको शेयर किन्न इच्छुक लगानीकर्ताले न्यूनतम पाँच हजार कित्ताका लागि आवेदन दिन सक्नेछन्।

कालिका लघुवित्त वित्तीय संस्था लिमिटेडको सात हजार नौ सय ६८ कित्ता न्यूनतम मूल्य तीन सय ३० रुपैयाँमा बिक्री गर्ने भएको छ। यो कम्पनीको शेयर किन्न इच्छुक लगानीकर्ताले न्यूनतम एक हजार कित्ताका लागि आवेदन दिनुपर्नेछ। यस्तै, नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको एक हजार तीन सय १५ कित्ता प्रतिकित्ता एक सय रुपैयाँ न्यूनतम मूल्यमा बिक्री गर्ने भएको छ। यो बैंकको शेयर किन्न इच्छुक लगानीकर्ताले बिक्रीमा राखिएका सबै कित्ताका लागि आवेदन दिनुपर्नेछ।

बिक्रीमा राखिएको शेयर खरिद गर्न इच्छुक योग्य व्यक्ति, कम्पनी तथा संघ-संस्थाले तोकिएको शर्तका अधीनमा रही शिलबन्दी फाराम भरी काठमाडौंको नारायणचौर स्थित मुक्तिनाथ क्यापिटल लिमिटेडको कार्यालयमा २०८२ भदौ २४ गते अपराह्न ३ बजेभित्र बुझाउनुपर्नेछ। प्राप्त बोलपत्रहरू मिति २०८२ साल भाद्र २५ गते बिहान ११ बजे खोलिने कार्यालयले जनाएको छ।

यस शिलबन्दी बोलपत्र प्रक्रियामा साविकका संस्थापक शेयरधनीहरूलाई पहिलो प्राथमिकता दिइनेछ र बाँकी रहेका शेयरहरू उच्चतम दर अंकित गर्ने योग्य बोलपत्रदाताहरूलाई बिक्री गरिने क्यापिटलले जनाएको छ।

मुक्तिनाथ क्यापिटल लिमिटेडले सम्पूर्ण प्रक्रिया नेपाल राष्ट्र बैंकको प्रचलित नियमावलीअनुसार गर्ने पनि जनाएको छ।

## दराजको सातौं सेलर समिट




काठमाडौं (संवाददाता)- अनलाइन मार्केटप्लेस 'दराज'द्वारा ललितपुरको सानेपा स्थित हेरिटेज गार्डेनमा सातौं वार्षिक सेलर समिट आयोजना गरेको छ। साउन ३० गते 'ह्याप्पी सेलिंग' भन्ने नारासहित आयोजना गरिएको सो कार्यक्रममा देशभरिबाट ४७० जना बिक्रेता सहभागी भएका थिए। बिक्रेताको सशक्तीकरणको उद्देश्यसहित आयोजना गरिँदै आएको सेलर समिट यस वर्ष अझ परिष्कृत गरिएको कम्पनीले जनाएको छ। दराजले विक्रेताको अनुभवलाई सहज, पहिचानलाई एकीकृत, संलग्नतालाई थप गहिरो, योगदानलाई अझ व्यापक मान्यता दिने र व्यापारलाई सबल बनाउने उद्देश्य सहित समिटमा आवश्यक श्रोतहरू प्रदान गर्ने व्यवस्था गरेको थियो।

कार्यक्रममा दराज नेपालका प्रबन्ध निर्देशक आँचल कुँवरले दराजको सफलताको प्रमुख आधार नै बिक्रेताको समर्पण र लगनशीलता भएको बताए। उनले स्थानीय साना तथा मझौला उद्यम (एसएमई) व्यवसायलाई अझ सक्षम बनाउन, लाखौं उपभोक्तासम्मको पहुँच दिलाउन र उनीहरूलाई आवश्यक डिजिटल उपकरण उपलब्ध गराउन दराज प्रतिबद्ध रहेको पनि बताए।

कार्यक्रममा दराज नेपालको नेतृत्व टोलीले पनि विक्रेताहरूसँगको सहकार्यले कसरी कम्पनीको वृद्धि र नेपालमा इ-कमर्सको विस्तारमा उल्लेखनीय भूमिका खेलेको छ भन्ने बारे आफ्ना अमूल्य दृष्टिकोणहरू राखेका थिए। कार्यक्रममा २२ जना उत्कृष्ट बिक्रेता तथा एफिलिएटहरूलाई सम्मान गरिएको थियो। कम्पनीका अनुसार उनीहरूको लगनशीलता, नवीनता र ग्राहकलाई सधैं पहिलो प्राथमिकता दिइएकाले दराजमा सफलतापूर्वक व्यापार गर्न सकेको बताए। दराज नेपालले यस अवसरलाई बिक्रेताको उपलब्धि मात्र नभई, भविष्यका सहकार्य र साझा सफलताका लागि नयाँ अध्यायको सुरुवातका रूपमा समेत प्रस्तुत गरेको देखिन्छ। कम्पनीले आगामी दिनमा पनि आफ्ना बिक्रेताहरूको दिगो वृद्धिमा सशक्त बनाउँदै नेपालको ई-कमर्स उद्योगलाई अझ सबल बनाउन निरन्तर प्रतिबद्ध रहने प्रतिबद्धता जाहेर गरेको छ।

सन् २०१५ मा स्थापित भएको मार्केटप्लेस 'दराज', दक्षिण एसियाकै अग्रणी ई-कमर्स प्लेटफर्म हो। यसले पाकिस्तान, बंगलादेश, श्रीलंका, नेपाल र म्यानमारमा आफ्नो सेवा उपलब्ध गराउँदै आइरहेको छ।

# पर्यटकलाई जोगाउन चुनौती

**पोखरा, भदौ ४**

गत वर्ष मुक्तिनाथलगायत अन्नपूर्ण क्षेत्रमा १८ जना पर्यटकको मृत्यु भएपछि पर्यटकहरूलाई लेकलाग्ने समस्याबाट कसरी जोगाउने भन्ने चुनौती देखिएको छ। यसै सन्दर्भमा उच्च हिमाली क्षेत्रमा जाने पर्यटकहरूलाई लेक लाग्ने समस्याबाट कसरी सुरक्षा दिन सकिन्छ भन्ने विषयमा छलफल गरिएको छ। पदयात्रा र धार्मिक पर्यटक पुग्ने क्षेत्रमा उनीहरूलाई कसरी सुरक्षित बनाउन सकिन्छ भन्ने विषयमा घरपझोङ गाउँपालिका र होटल संघ पोखराले कार्यक्रम आयोजना गरेका हुन्।

पछिल्ला वर्ष तराईका जिल्ला र सीमा पारीका भारतीय शहरबाट आउने पर्यटकहरू एकै दिन मुक्तिनाथको दर्शन गर्न जाँदा उनीहरूलाई लेक लाग्ने लगायतका समस्या हुन थालेपछि सरोकारवालाहरूले यसतर्फ चासो बढाएका हुन्। समुद्री सतहबाट एक सय मिटर हाराहारी उचाइमा रहेको तराई क्षेत्रबाट एकै दिन ३,७१० मिटर उचाइको मुक्तिनाथ क्षेत्र पुग्नु मानवस्वास्थ्यका लागि हानीकारक हुन्छ।

कार्यक्रममा धारणा राख्दै यस विषयमा नीति निर्माण तहबाटै सुधार गर्न आफूले पहल गर्ने गण्डकी प्रदेश सभा सदस्य विकल शेरचनले बताए। होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले नेपालले अब पर्यटकको संख्यालाई भन्दा पनि गुणस्तरलाई ध्यान दिनुपर्ने सुझाए। भारतीय पर्यटक एकै दिन मुक्तिनाथ पुग्दा एक त मुस्ताङ र पोखरा बसाइ छोट्टिने अर्को सुरक्षा जोखिम बढ्ने



हुँदा एक रातको बसाइ आवश्यक छ भन्ने सन्देश दिनुपर्ने उनको राय थियो।

होटल संघ नेपालका केन्द्रीय सदस्य एवं होटल संघ पोखराका सल्लाहकार परिषद्का संयोजक भरतराज पराजुलीले पर्यटकलाई सुसूचित गर्न सकिँदा उनीहरूको बसाइ अवधि लम्ब्याउन सकिने बताए। यसका लागि पोखरामा एउटा पूर्वाधारयुक्त सूचनाकेन्द्रको आवश्यकता रहेको उनले औंल्याए। होटल संघ नेपाल गण्डकीका अध्यक्ष हरिप्रसाद शर्मा गैह्रेले पर्यटकलाई हतारमा उचाइमा पुऱ्याएर जोखिममा पार्ने प्रवृत्तिलाई निरुत्साहित पार्नुपर्ने बताए। यस विषयमालाई सरकारी पक्षबाट बेवास्ता हुनु दुःखद् भएको उनको धारणा थियो। आयोजक संस्था घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले छोटो समयमा एकैपटक होचो भूभागबाट २८०० मिटर माथिको उचाइमा पुग्नु जोखिमपूर्ण हुने बताउँदै यो विषय धेरै पर्यटकले थाहा नपाएको हुनसक्ने भन्दै पर्यटकलाई आराम गर्दै, समय लिएर न्यानो कपडाका साथ उच्च भूभागमा जान सूचित गर्नुपर्ने बताए।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) का प्रमुख डा. रविन कडरियाले अन्नपूर्ण क्षेत्र साहासिक पर्यटन क्षेत्र भएकाले पर्यटकलाई त्यही अनुसारको तयारी गरेर आउने वातावरण बनाउन सरोकारवालाहरू मिलेर काम गर्नुपर्ने धारणा राखे।

# गोरखा ब्रुअरीलाई 'व्यावसायिक सुरक्षा पुरस्कार'

काठमाडौं (संवाददाता)- गोरखा ब्रुअरी प्रालिले कार्यस्थल सुरक्षा र कर्मचारी कल्याणप्रति देखाएको प्रतिबद्धताका लागि श्रम तथा व्यावसायिक सुरक्षा विभागले सम्मान गरेको छ। कम्पनीलाई नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको विभागले 'प्रान्त नं. ४ व्यावसायिक सुरक्षा पुरस्कार' प्रदान गरेको हो।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत सिंह भण्डारीले पुरस्कार प्रदान गरेको कम्पनीले जनाएको छ। पुरस्कारमार्फत गोरखा ब्रुअरीले आफ्ना उत्पादन र सञ्चालन प्रक्रियामा उच्चतम स्तरको सुरक्षा मापदण्ड कायम गर्न गरेको प्रयासलाई मान्यता दिइएको हो।

गोरखा ब्रुअरीका पीपल एण्ड कल्चर निर्देशक दिपेशमान श्रेष्ठले कर्मचारीको



सुरक्षा सधैं प्राथमिकतामा रहने बताए। उनले भने, 'सम्मानले हाम्रो सम्पूर्ण टिमको निरन्तर परिश्रमलाई प्रतिविम्बित गरेको छ, जसले सुरक्षित, स्वस्थ र उत्पादक कार्य वातावरण सुनिश्चित गर्छ। हाम्रो शून्य-दुर्घटना संस्कृतिको लक्ष्यमात्र होइन, यो हाम्रो दैनिक कार्यशैली हो।'

कम्पनीले विगतदेखि प्राथमिकतामा राख्दै आएको सुरक्षा संस्कृति, नियमित तालिम, निवारक उपायहरू र राष्ट्रिय श्रम सुरक्षा नियमावलीप्रति गरिएको दृढ पालना उजागर भएको कम्पनीले जनाएको छ।

# महालक्ष्मीको लाभांश क्षमतामा वृद्धि

**काठमाडौं, भदौ ४**

महालक्ष्मी विकास बैंकले आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासमा अधिकांश वित्तीय सूचकहरूमा सुधार गरेको छ। बैंकले प्रकाशित गरेको वित्तीय विवरणअनुसार गत आर्थिक वर्ष ५० करोड तीन लाख रुपैयाँ नाफा आर्जन गरको छ। नाफासँगै लाभांश वितरण क्षमतामा पनि वृद्धि भएको छ। बैंकले प्रतिशेयर लाभांश वितरण क्षमता ११.५१ प्रतिशत पुगेको जनाएको छ।

आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्म बैंकले ५६ अर्ब २२ करोड निक्षेप संकलन गरी ४५ अर्ब ८५ करोड कर्जा परिचालन गरेको छ। कर्जा परिचालनमा बैंकले अघिल्लो आर्थिक वर्षको तुलनामा ५.०५ प्रतिशत वृद्धि गरेको छ। साथै आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्म बैंकको शेयरधनी कोषमा प्रतिफल ११.७९ प्रतिशत रहेको छ भने कर्जा निक्षेप अनुपात ८३.९८ प्रतिशत रहेको छ। बैंकको खराब कर्जा अनुपात ४.८६ प्रतिशत छ जुन नेपाल राष्ट्र बैंकले तोकेको सीमाभित्र रहेको कम्पनीले जनाएको छ। साथै बैंकको पुँजी पर्याप्यता अनुपात पर्याप्त रहेको कारणले आगामी दिनहरूमा व्यवसाय वृद्धि गर्न कुनै पुँजीगत दबाब नरहने देखिन्छ। बैंकले प्रकाशित गरेको वित्तीय विवरणअनुसार आर्थिक वर्ष २०८१/८२ असार मसान्तसम्म कोष लागत प्रतिशत ४.५६ प्रतिशत छ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा २.४७ प्रतिशत कम हो।

कोष लागत प्रतिशत कम हुँदा सोको सकारात्मक असर आधार दरमा समेत परेको छ। बैंकको आधार दर २०८२ साउन मसान्तसम्म ६.५४ प्रतिशत रहेको छ। आधार दर कम हुँदा कर्जाको ब्याजदर कम हुने भएकाले ऋणीलाई फाइदा पुग्न सक्छ।

हालै मात्र बैंकले आफ्नो मोबाइल बैकिङ एप 'महालक्ष्मी स्मार्ट साथी' मा भर्चुअल क्रेडिट कार्डको सुविधा थप गरेको छ। 'सबल बैंक, सफल सहकार्य' को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा अनवरत रूपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस बैंकको देशभर १०३ शाखा कार्यालयहरू र ८ लाखभन्दा बढी ग्राहकहरू रहेका छन्।

# बीमा प्राधिकरणका अध्यक्ष ओझा पदमुक्त

काठमाडौं (संवाददाता)- सरकारले नेपाल बीमा प्राधिकरणका सञ्चालक समितिको अध्यक्ष पदबाट शरद ओझालाई पदमुक्त गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद्को भदौ २ गते बसेको बैठकले उक्त निर्णय गरेको हो।

मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न बुधबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले छानबिन समितिको सिफारिसका आधारमा प्राधिकरणका अध्यक्षले खराब आचरण प्रदर्शन गरेको,



कार्यक्षमताको अभाव रहेको र पदीय जिम्मेवारी पालना नगरेको देखिएकाले सरकारले पदमुक्त गर्ने निर्णय गरेको जानकारी दिए।

# नेप्सेसँगै कारोबार रकम पनि घट्यो

**काठमाडौं, भदौ ४**

शेयरबजारमा बुधबार कारोबारमापक नेप्से परिसूचक ९.७० अंकले घटेर २७६७.२० विन्दुमा झरेको छ। कारोबारको अधिकांश समय हरियो बनेको बजार अन्तिम एक घण्टामा घट्दा रातो बनेर बन्द भएको हो। यसदिन परिसूचकसँगै कारोबार रकम पनि घटेको छ। पाँच अर्ब २० करोड रुपैयाँ बराबरको एक करोड ५२ लाख ६६ हजार ६१७ कित्ता शेयर किनबेच भएको छ। मंगलबार पाँच अर्ब ६३ करोडको कारोबार भएको थियो।

कारोबार भएका २५० कम्पनीमध्ये १८८ वटाको शेयरमूल्य घट्दा बजार दबाबमा परेको हो। तर पनि यसदिन ६० कम्पनीका शेयरधनीले कमाए भने दुई कम्पनीको शेयरमूल्य स्थिर रह्यो।

सूचीकृत १३ समूहमध्ये दुई वटा बढेका छन्। बाँकी सबै घटेका छन्। होटल तथा पर्यटन समूह २.०३ र म्युचुअल फण्ड ०.०६ प्रतिशत बढेको छ। बैंकिङ ०.१९, विकास बैंक ०.७६, वित्त ०.५३, जलविद्युत् ०.५८ र लगानी समूह ०.३९ प्रतिशत घटेका छन्। यस्तै, जीवन बीमा ०.३२, उत्पादन तथा प्रशोधन ०.६७, लघुवित्त ०.४०, निर्जीवन बीमा ०.५८, व्यापार १.०६ र अन्य समूह ०.१० प्रतिशत घटेका छन्।

विकास हाइड्रोपावर कम्पनी लिमिटेडको शेयरमूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा बढी पञ्चकन्या माई हाइड्रोपावर लिमिटेडको शेयर मूल्य नौ दशमलव शून्य तीन प्रतिशत घटेको छ।

सर्वाधिक शेयरमूल्य बढ्ने पाँच कम्पनीमा विकास हाइड्रोपावर, चन्द्रागिरी हिल्स, सगरमाथा जलविद्युत्, विन्ध्यावासिनी हाइड्रोपावर डेभलपमेन्ट र डादी हाइड्रोपावर छन्।

सर्वाधिक शेयरमूल्य घट्ने पाँच कम्पनीमा पञ्चकन्या माई हाइड्रोपावर, अपर स्यांगे हाइड्रोपावर, अपर हेवाखोला हाइड्रोपावर कम्पनी, युनाइटेड ईदी मिर्दी आरबी हाइड्रोपावर र बुटवल पावर कम्पनी छन्।

कारोबार रकमका आधारमा सबैभन्दा बढी नेपाल रिइन्स्योरेन्स लिमिटेडको २५ करोड नौ लाख रुपैयाँ बराबरको कारोबार भएको छ। त्यसपछि हिमालयन रिइन्स्योरेन्सको २१ करोड ७६ लाख, चन्द्रागिरी हिल्सको १९ करोड ४० लाख, युनाइटेड मोदी हाइड्रोपावरको १२ करोड ५५ लाख र राधी विद्युत कम्पनीको १२ करोड २१ लाख रुपैयाँ कारोबार भइ सर्वाधिक धेरै कारोबार हुने पाँच कम्पनीमा परेका छन्।

### प्रमुख विवरण

| | |
|---|---|
| नेप्से सूचक | २,७६७.२० |
| कारोबार रकम (रु) | ५,२००,७५३,८६८ |
| कारोबार भएको शेयर संख्या | १५,२६६,६१७ |
| कारोबार भएका कम्पनी | २५० |
| बजार पुँजीकरण | ४,६२३,८५३,१७३,४८३ |

### समूहगत सूचक

| उपसमूह | सूचक अंकमा | परिवर्तन प्रतिशत |
|---|---|---|
| बैंकिङ | १,४३६.९१ | -०.१९ |
| विकास बैंक | ५,८१४.५७ | -०.७६ |
| फाइनान्स | २,४६८.२१ | -०.५३ |
| होटल तथा पर्यटन | ७,१०३.८३ | २.०३ |
| जलविद्युत् | ३,५९४.३४ | -०.५८ |
| लगानी | १११.६७ | -०.३९ |
| जीवन बीमा | १३,०१२.४४ | -०.३२ |
| उत्पादन तथा प्रशोधन | ७,५८२.५७ | -०.६७ |
| लघुवित्त | ५,१५८.०१ | -०.४० |
| म्युचुअल फण्ड | २०.४२ | ०.०६ |
| निर्जीवन बीमा | १२,३३०.५९ | -०.५८ |
| व्यापार | ४,१२३.६९ | -१.०६ |
| अन्य | २,६०९.४५ | -०.१० |

### सर्वाधिक मूल्य बढेका पाँच कम्पनी

| कम्पनी | अन्तिम मूल्य | बढेको मूल्य | मूल्य वृद्धि प्रतिशतमा |
|---|---|---|---|
| विकास हाइड्रोपावर क.लि. | ३२१.३० | २९.२० | १०.०० |
| चन्द्रागिरी हिल्स लि. | १,०५४.३० | ७२.८६ | ७.४२ |
| सगरमाथा जलविद्युत क.लि. | ५८८.९८ | २१.७९ | ३.८४ |
| विन्ध्यावासिनी हाइड्रोपावर डेभलपमेन्ट क.लि. | ५९१.८९ | २१.३४ | ३.७४ |
| डादी हाइड्रोपावर लि. | ४३७.८७ | ११.४८ | २.६९ |

### सर्वाधिक मूल्य घटेका पाँच कम्पनी

| कम्पनी | अन्तिम मूल्य | घटेको मूल्य | घटेको मूल्य प्रतिशतमा |
|---|---|---|---|
| पञ्चकन्या माई हाइड्रोपावर लि. | ४०८.६८ | -४०.५८ | -९.०३ |
| अपर स्यांगे हाइड्रोपावर लि. | ७३१.८४ | -३५.२८ | -४.६० |
| अपर हेवाखोला हाइड्रोपावर क. लि | ५९१.२९ | -२०.८४ | -३.४० |
| युनाइटेड ईदीमिर्दी आरबी हाइड्रोपावर लि. | ६३३.७९ | -२०.१८ | -३.०९ |
| बुटवल पावर लि. | ८४१.६५ | -२१.०१ | -२.४४ |

### सर्वाधिक कारोबार भएका पाँच कम्पनी

| कम्पनी | कारोबार रकम | अन्तिम मूल्य |
|---|---|---|
| नेपाल रिइन्स्योरेन्स क.लि. | २५०,९७९,२४०.७० | १,५६९.९० |
| हिमालयन रिइन्स्योरेन्स लि. | २१७,६९५,१२३.७० | ९८७.०० |
| चन्द्रागिरी हिल्स लि. | १९४,०६६,८१३.१० | १,०६०.०० |
| युनाइटेड मोदी हाइड्रोपावर लि. | १२५,५४३,१२८.२० | ५७१.०० |
| राधी विद्युत् का लि. | १२२,१७३,५६६.६० | ७७२.०० |


कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

## कर्जा चुक्ता भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२/०५/०५**

तपसिलमा उल्लिखित तपाईँ ऋणीहरुले यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट विभिन्न शीर्षक अर्न्तगत कर्जा लिनु भई बैंक र तहाँहरुबीच भएको सहमति अनुसार तोकिएको तालिका बमोजिम कर्जाको साँवा, ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर आदि नियमित रुपमा बुझाउनु पर्नेमा नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले, बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाईँ तपसिलमा उल्लिखित ऋणी, एवं व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको **मितिले ३५ (पैंतिस) दिनभित्र** यस बैंकमा सम्पर्क राखी आफूले लिए खाएको कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला। साथै, धितो जमानी तथा व्यक्तिगत जमानीकर्ताले समेत कर्जा चुक्ता भुक्तान गर्न लगाउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ। अन्यथा धितो सुरक्षण बापत तपाईले यस बैंकको नाममा लेखी/लेखाई दिएको सम्पत्ति (घर/जग्गा/सवारी साधन) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ। कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाईँहरुले कर्जा लिंदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईँहरुको घरघरानाको अन्य चलअचल सम्पत्तिबाट असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ। साथै, तपसिलमा उल्लिखित ऋणीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा नाम समावेश गर्नको लागि तिनपुस्ते विवरण सहित सिफारिस गरी पठाईने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो/धनजमानतकर्ता तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपसिल**

| ऋणीको विवरण | धितो/धनजमानीकर्ताहरुको विवरण |
|---|---|
| **१. रिजाल सप्लायर्स**<br>**प्रा.फा.र.न: ४०९३९/०७४ ,संशोधन**<br>ठेगाना : रुपन्देही जिल्ला गैडहवा गा.पा. वडा नं.०८<br>दर्ता गर्ने कार्यालय : वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा रुपन्देही<br>स्थायी लेखा नं.: ६०७१७६४३२<br><br>**प्रोप्राइटर/धनजमानीकर्ता : जीवराज रिजाल**<br>**ना.प्र.नं.: ५/६०**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>बाबु : हरिहर रिजाल<br>बाजे : थानेश्वर<br>ठेगाना : रुपन्देही जिल्ला गैडहवा गा.पा. वडा नं.०८<br>**शाखा कार्यालय : मैनिया**<br>**कर्जा शीर्षक : साना व्यापार कर्जा (अधिविकर्ष) तथा प्रोप्राइटर जिवराज रिजालको नाममा व्यक्तिगत ईक्विटी कर्जा र ओडि कार्ड कर्जा समेत।** | **मंजु रिजाल**<br>**ना.प्र.नं.: ११९३६**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>पति : जीवराज रिजाल<br>ससुरा : हरिहर रिजाल<br>ठेगाना : रुपन्देही जिल्ला सुर्यपुरा गा.वि.स./उ.म.न.पा. वडा नं.०१, हाल गैडहवा गा.पा. वडा नं.०८<br><br>**पुष्पा रिजाल**<br>**ना.प्र.नं.: ३७-०१-७८-११०४३**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>बाबु : जीवराज रिजाल<br>बाजे : हरिहर रिजाल<br>ठेगाना : रुपन्देही जिल्ला, गैडहवा गा.पा. वडा नं.०८<br><br>**प्रगति रिजाल**<br>**ना.प्र.नं.: ३७-०१-७५-०७०३६**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>बाबु : जीवराज रिजाल<br>बाजे : हरिहर रिजाल<br>ठेगाना : रुपन्देही जिल्ला गैडहवा गा.पा. वडा नं.०८ |
| **२. हविवा पोल्ट्री फार्म**<br>**उद्योग दर्ता नं. : ९४४०/५७/१६७/४ (फवुवा विजयपुर)**<br>ठेगाना : फतुवा विजयपुर न.पा वडा नं. ०९,रौतहत<br>दर्ता गर्ने कार्यालय :घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौर<br>स्थायी लेखा नं.: ६१६१३९२४६<br><br>**प्रोप्राइटर/धनजमानीकर्ता : सदाम हुसेन**<br>**ना.प्र.नं.: ३२२०५५/२२३६**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट<br>बाबु : किताबु दिन देवान<br>बाजे : नचु देवान<br>ठेगाना : रौतहट जिल्ला लक्ष्मीनिया-दो गा.वि.स/उ.म.न.पा वडा नं.०५, हाल फतुवा विजयपुर न.पा वडा नं. ०९<br>**शाखा कार्यालय : निजगढ**<br>**कर्जा शीर्षक : सजिलो व्यवसाय कर्जा (आवधिक)**<br><br>**धितो/धनजमानीकर्ताहरुको विवरण**<br>**गैरुन नेसा**<br>**ना.प्र.नं.: ३२३०५५/१०९**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट<br>पति : किताबु दिन देवान<br>ससुरा : नचु देवान<br>ठेगाना : रौतहट जिल्ला लक्ष्मीनिया गा.वि.स/उ.म.न.पा वडा नं.०५,हाल फतुवा विजयपुर न.पा वडा नं. ०९ | **सजाद हुसेन**<br>**ना.प्र.नं.: ३२-०२-७५-०४५३६**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट<br>बाबु : किताबु दिन देवान<br>बाजे : नचु देवान<br>ठेगाना : रौतहट फतुवा विजयपुर न.पा वडा नं. ०९<br><br>**सोनिया खातुन**<br>**ना.प्र.नं.: ३२-०२-७६-००१५९**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट<br>पति : सदाम हुसेन<br>ससुरा : किताबु दिन देवान<br>ठेगाना : रौतहट फतुवा विजयपुर गा.पा वडा नं. ०९<br><br>**रोजिदा खातुन**<br>**ना.प्र.नं.: ३२-०२-७७-०४१९९**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट<br>पति : सजाद हुसेन<br>ससुरा : किताबु दिन देवान<br>ठेगाना : रौतहट फतुवा विजयपुर न.पा वडा नं. ०९ |

| ऋणीको विवरण | धितो/धनजमानीकर्ताहरुको विवरण |
|---|---|
| **३. रिजाल विविध ट्रेडर्स**<br>**प्रा.फा.र.न: ४२८२१/०७५, स्थानीय व्यापार**<br>ठेगाना : रुपन्देही जिल्ला गैडहवा गा.पा. वडा नं.०८<br>दर्ता गर्ने कार्यालय : वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देही<br>स्थायी लेखा नं.: ६०८५८६२४७<br><br>**प्रोप्राइटर/धनजमानीकर्ता : प्रगति रिजाल**<br>**ना.प्र.नं.: ३७-०१-७५-०७०३६**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>बाबु : जीवराज रिजाल<br>बाजे : हरिहर रिजाल<br>ठेगाना : रुपन्देही जिल्ला गैडहवा गा.पा. वडा नं.०८<br>**शाखा कार्यालय : मैनिया**<br>**कर्जा शीर्षक : सरल व्यापार कर्जा (आवधिक)** | **जीवराज रिजाल**<br>**ना.प्र.नं.: ५/६०**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>बाबु : हरिहर रिजाल<br>बाजे : थानेश्वर<br>ठेगाना : रुपन्देही जिल्ला गैडहवा गा.पा. वडा नं.०८<br><br>**मंजु रिजाल**<br>**ना.प्र.नं.: ११९३६**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>पति : जीवराज रिजाल<br>ससुरा : हरिहर रिजाल<br>ठेगाना : रुपन्देही जिल्ला सुर्यपुरा गा.वि.स./उ.म.न.पा. वडा नं.०१, हाल गैडहवा गा.पा. वडा नं.०८ |
| **४. रामपुकार थारु**<br>**ना.प्र.नं.: ३/११/६९३५५**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु<br>बाबु : जन्जीरे थारु<br>बाजे : शिव थारु<br>ठेगाना : कपिलवस्तु जिल्ला जयनगर उ.म.न.पा/गा.वि.स वडा नं.०१,हाल बुद्धभुमि न.पा. वडा नं.०२<br>**शाखा कार्यालय : तौलिहवा**<br>**कर्जा शीर्षक : कृषि कर्जा** | **जन्जीरे थारु**<br>**ना.प्र.नं.: ६०९ (ब)**<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु<br>बाबु : शिव थारु<br>बाजे : घिसा थारु<br>ठेगाना : कपिलवस्तु जिल्ला राजपुर नगर/गाँउ पञ्चायत वडा नं.०२, हाल बुद्धभुमि न.पा. वडा नं.०२<br>**जगनी थारुनी**<br>**ना.प्र.नं.: १६२**<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु<br>पति : जन्जीरे थारु<br>ससुरा : शिव थारु<br>ठेगाना : कपिलवस्तु जिल्ला राजपुर नगर/गाँउ पञ्चायत वडा नं.०२ , हाल बुद्धभुमि न.पा. वडा नं.०२ |
| **५. सरस्वती वादी**<br>**ना.प्र.नं. : १०२०-५२६९**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, दाङ<br>पति : रमेश वादी<br>ससुरा : शोभा राम वादी<br>ठेगाना : दाङ जिल्ला घोराही गा.वि.स/उ.म.न.पा वडा नं.०८, हाल घोराही उ.म.न.पा.वडा नं.१३<br>**शाखा कार्यालय : घोराही**<br>**कर्जा शीर्षक : विपन्न वर्ग सामुहिक कर्जा (बिना धितो)** | **सुरेश बहादुर सार्की**<br>**ना.प्र.नं. : ५२१०२०/४४९२**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, दाङ<br>बाबु : जगत बहादुर सार्की<br>बाजे : वल बहादुर सार्की<br>ठेगाना : दाङ जिल्ला घोराही गा.वि.स/उ.म.न.पा वडा नं.०८, हाल घोराही उ.म.न.पा.वडा नं.१३ |
| **६. धनमाया गुरुङ्ग**<br>**ना.प्र.नं. : २५६२८**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की<br>पति : धन बहादुर गुरुङ्ग<br>ससुरा : सर्वजीत गुरुङ्ग<br>ठेगाना : कास्की जिल्ला हंसपुर गा.वि.स वडा नं.०७, हाल पोखरा महा.न.पा.वडा नं.२७<br>**शाखा कार्यालय : अमरसिंह**<br>**कर्जा शीर्षक : विपन्न वर्ग सामुहिक कर्जा (बिना धितो)** | **धन बहादुर गुरुङ्ग (मृतक)**<br>**ना.प्र.नं. : २/२२३**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की<br>बाबु : सर्वजीत गुरुङ्ग<br>बाजे : प्रतिमान गुरुङ्ग<br>ठेगाना : कास्की जिल्ला हंसपुर गाँउ पञ्चायत वडा नं.०७, हाल पोखरा महा.न.पा.वडा नं.२७ |
| **७. शिव शंकर चौधरी**<br>**ना.प्र.नं.: ३६३०६०/२२४**<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>बाबु : जग नारायण थारु<br>बाजे : भगौती थारु<br>ठेगाना : नवलपरासी जिल्ला मनरी गा.वि.स वडा नं.०६,हाल नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) सरावल गा.पा वडा नं.०२<br>**शाखा कार्यालय : परासी**<br>**कर्जा शीर्षक : सरल अधिविकर्ष कर्जा**<br><br>**धनजमानीकर्ताहरुको विवरण**<br>**जग नारायण थारु**<br>**ना.प्र.नं.: १४३१२**<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>बाबु : भगौती थारु<br>बाजे : विधरी थारु<br>ठेगाना : नवलपरासी जिल्ला मनरी गाँउ पञ्चायत वडा नं.०६, हाल नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) सरावल गा.पा वडा नं.०२ | **दिलकुमारी देवी थरुनी**<br>**ना.प्र.नं.: १३८**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>पति : जग नारायण थारु<br>ससुरा : भगौती थारु<br>ठेगाना : नवलपरासी जिल्ला मनरी गाँउ पञ्चायत वडा नं.०६,हाल नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) सरावल गा.पा वडा नं.०२<br><br>**सुमित्रा कुमारी चौधरी थारु**<br>**ना.प्र.नं.: ३६-०१-७७-०३३१०**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)<br>पति : शिव शंकर चौधरी<br>ससुरा : जग नारायण थारु<br>ठेगाना : नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला सरावल गा.पा वडा नं.०२ |
| **८. राजु श्रेष्ठ**<br>**ना.प्र.नं.: ५७७६३**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, गोरखा<br>बाबु : खिल बहादुर श्रेष्ठ<br>बाजे : काले माइला श्रेष्ठ<br>ठेगाना : गोरखा जिल्ला मनकामना नगर/गाँउ पञ्चायत वडा नं.०३, हाल शहिद लखन गा.पा. वडा नं. ०३<br>**शाखा कार्यालय : कुमारीपाटी**<br>**कर्जा शीर्षक : सवारी कर्जा** | **पार्वती राना (मगर)**<br>**ना.प्र.नं.: ५६७६२**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, गोरखा<br>पति : राजु श्रेष्ठ<br>ससुरा : खिल बहादुर श्रेष्ठ<br>ठेगाना : गोरखा जिल्ला ताक्लुङ्ग गाँउ पञ्चायत वडा नं.०१, हाल शहिद लखन गा.पा. वडा नं. ०३ |

**नोट** : यस बैंकबाट कर्जा लिई तोकिएको तालिका बमोजिम साँवा ब्याज नियमित रुपमा नबुझाई भाखा नघाई बस्नु भएका अन्य ग्राहकहरुलाई समेत नियमित रुपमा किस्ता बुझाउनको लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ। अन्यथा ऋणी, धितो तथा व्यक्तिगत धनजमानतकर्ताको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रिकामा यसै बमोजिमको सूचना प्रकाशन गरिने व्यहोरा सूचित गरिन्छ।



# मागने राजा: थुकेको थुकलाई चाट्दिनँ

'मागने राजा' शुक्रबारबाट रिलिज हुँदैछ। फिल्म रिलिज हुँदै जाँदा आफू त्यो फिल्म हेर्न नजाने र अरूलाई पनि हेर्न जानु पनि नभन्ने मिस पबी नामले चर्चित पवित्र साँकीले टिप्पणी गरेकी छन्। न्यूज २४ टेलिभिजनमा राज श्रेष्ठसँग कुराकानी गर्दै उनले फिल्मका निर्देशक ऋषि लामिछानेले आफूलाई दुर्व्यवहार गरेको हुनाले फिल्म रिलिज भए पनि आफू फिल्म हेर्न नजाने बताएकी हुन्।

दर्शकलाई फिल्म हेर्न जान भन्नुहुन्छ ? भन्ने प्रश्नमा उनले भनिन्, 'म त जान्नँ र दर्शकलाई पनि जाऊ भन्दिनँ। थुकेको थूक हो, चाट्न जान्नँ।'

'फिल्ममा मैले ५०० टेक लिएँ भनेर बेइज्जत गर्न खोज्नुभयो,' उनले भनिन्, 'मानसिक तनाव नै भयो। कोठा थुनेर रोएँ। निर्देशकलाई मैले यस्तो नचाहिँदो कुरा फैलाउनुभयो भनेर गुनासो गरेँ। उहाँले कसले यस्तो गर्‍यो, थाहा नभएको र जसले यस्तो गर्‍यो, उसको ठेक्का लिन नसक्ने उहाँले बताउनुभयो।'

उनले आफूलाई एउटा दृश्य खिच्नका लागि तीन घण्टा लागेको बताइन्। 'तर मैले त्यो सिनमा ५०० टेक खाएको थाहा छैन,' उनले प्रस्ट्याउँदै भनिन्, 'उहाँहरूलाई थाहा भए त्यो ५०० टेकको दृश्य देखाउनुस् न त!'

यसैलाई पब्लिसिटीका लागि गसीप बनाइएकामा उनले चित्त दुखाइन्। जब बजारमा ५०० टेकका कारण फिल्मबाट निकालिएको हल्ला चल्न थाल्यो, त्यसपछि निर्देशकसँग यसबारे प्रष्टीकरण खोजेको उनले बताइन्।

आफूले फिल्मको काम गर्दै जाँदा 'कमेडी दरबार' टेलिभिजन शोमा पनि व्यस्त रहेको र टिभीलाई दिएको समयमै फिल्मका लागि बोलाइएपछि समय सार्न अनुरोध गरेको उनले बताइन्। 'उहाँहरूले टिभीलाई दिएकै समयमा सुटिङ राख्नुभयो, पछि समय मिलाउनुस् भन्दा मान्नुभएन,' उनले सम्झँदै भनिन्, 'मैले समय दिइनँ भनेर रिसाउनुभयो होला। त्यसपछि उहाँहरूले बोलाउनुभएन।'

यसपछि अचानक फिल्मबाट निकालिएको समाचार आउँदा आफू चकित परेको मीस पबीले बताइन्। यो समाचारले आफू विक्षिप्त भएको उनले बताइन्। समाचार आएपछि उनले निर्देशकसँग प्रष्टीकरण खोजेको तर उहाँबाट प्रष्ट जवाफ नआएको, उल्टै नराम्ररी थर्काएको उनले बताइन्। यो समाचारको खुलासा ठूलो टिमबाट कसैले गर्‍यो होला भन्ने निर्देशक ऋषि लामिछानेले जवाफ दिए पनि उनी सन्तुष्ट छैनन्। उनले भनिन्, 'उहाँ त टिम लिडर हो, उहाँले ती सबै कुराको नियन्त्रण गर्नुपर्ने हो।'

फिल्म प्रचारका लागि आफूलाई मोहरा बनाइएकामा उनले दुःख व्यक्त गरिन्। 'मेरो शुरुवातमा नै यस्तो ढुंगा लाग्यो,' उनले भनिन्, 'उहाँको नमीठो जवाफ सुनेर मलाई त रुन मन लाग्यो।'

निर्देशकलाई मुद्दा हाल्छु भनेर धम्क्याएको पनि उनले खुलासा गरिन्। उनले भनिन्, 'यस्ता कुराको खुलासा गर्न हुँदैनथ्यो, नभएको कुरा हल्ला मच्चाउनु हुँदैनथ्यो। म केश गर्छु भनेँ तर पछि यस्तो झञ्झटमा के लाग्नु भनेर छाडिदिएँ।'

पछि आफूले फिल्ममा कबोलिए बराबरको पैसा पनि नपाएको उनले गुनासो गरिन्। फिल्मको सुटिङ पूरा नगरेका कारण भनेर आफूलाई टिमले पैसा नदिएको तर फिल्मको डबिङ चाहिँ गरिदिएको उनले बताइन्। अहिले 'किन लाग्छ माया' फिल्ममा अनुबन्धित भएको र यसैको वर्कशपमा व्यस्त रहेको उनले बताइन्। वर्कशपका दौरानमा आफूले राम्रो काम गरेको भन्दै फिल्मको टोलीले 'यस्तो राम्रो गरिराछौ, किन नकारात्मक हल्ला फैलिएको' भनेर सोधेको पनि उनले बताइन्। उनले भनिन्, 'यस्तो गसीपले मानसिक रूपमा विक्षिप्त भइँदोरहेछ। मैले काम गरेमध्ये सबैभन्दा नराम्रो टिम यही पर्‍यो।' कमेडी शो, म्युजिक भिडियो हुँदै टिकटकबाट चर्चा कमाएकी उनले प्रचलित फिल्ममा काम गरेकी उनले टिकटक चाहिँ नजानी गरेकी थिइन्। टिकटकबाट बढी चिनिएपछि अहिले बच्चाहरूले टीभीमा देखेर चिनेकामा खुशी लागेको उनले बताइन्। आफूलाई कमेडी शोकै कारण आफ्नो ब्रान्डिङ भएकोमा खुशी व्यक्त गरिन्।



# नाता तोड्दै आमिरका भाइ



यतिबेला फैजल खान चर्चामा छन्। आमिर खानका भाइ फैजल लामो समयदेखि चर्चाबाहिर थिए। कहिलेकाहीं उनको मानसिक स्वास्थ्य राम्रो नभएको खबर आइरहन्थ्यो। अहिले भने उनले आफ्नो परिवारबाट नाता तोडिपाऊँ भनी अदालतमा मुद्दा हालेर चर्चामा आएका छन्।

विगत २० वर्षयता भएका अत्याचारहरूको शृंखलाको फेहरिस्त बोकेर आइपुगेको पत्रकार सम्मेलनमा बताएका छन्। उनलाई पागल भएको घोषित गर्दै परिवारका सबै सदस्यहरूले मानसिक अस्पताल पुर्‍याएको दाबी पत्रकार सम्मेलनमार्फत गरेका छन्। उनले आफूलाई जबर्जस्ती आफ्नी काकीसँग बिहे गराउन परिवार नै लागिपरेको बताएका छन्।

उनले पत्रकार सम्मेलन आयोजन गर्दै दाइ आमिरले सन् २००५ देखि जबर्जस्ती घरमा थुनेको र सिजोफ्रेनियाबाट पीडित भन्दै औषधी खुवाएको दाबी गरेका छन्। उनले आफू परिवारको पञ्जाबाट मुक्त हुनका लागि परिवारलाई मुद्दा हालेको र सन् २००८ देखि एक जना वकिल बञ्जारामार्फत लडिरहेको बताएका छन्। डा. हरि सेट्टीले उनको उपचारको क्रममा डाक्टरले 'तिम्रो घमण्ड तोड्ने' भन्दै दुर्व्यवहार गरेको बताए। आफूलाई सेरेनेस नामक औषधी नियमित दिएको र २० घण्टाभन्दा बढी सुतेको सुत्यै गरेपछि आफूलाई गलत उपचार गरिएको थाहा पाएको उनले बताए। एक वर्षपछि बाख्रापालन गर्न थालेका उनलाई पुनः आमिरले गार्डियनशिप लिने प्रयास गरे। सन् २००७ मा उनले सरकारी अस्पतालमा जाँच गराए।

पछि उनी पागल नभएको जेजे अस्पताल र अन्य ठाउँबाट प्रमाणित गरेको उनले प्रष्टीकरण दिएका छन्। यसअघि आमिरले यी कुरा आफ्नो परिवारको निजी मामिला भएका कारण कसैले पनि फैजलका कुरालाई नउछाल्न आग्रह गरेका थिए। सन् १९६९ मा 'प्यार का मौसम' फिल्मबाट बालकलाकार हुँदै अभिनयमा छिरेका फैजलले सबैभन्दा बढी चर्चा 'मेला'बाट पाएका थिए। सन् २००० मा रिलिज भएको उक्त फिल्म त्यो वर्षकै सबैभन्दा फ्लप फिल्म भएपछि उनको करियर डामाडोल भएको थियो। त्यसपछि उनको मानसिक स्वास्थ्य बिग्रिएको परिवारको दाबी छ।

आफू परिवारसँग नाता तोड्न अदालतमै जान लागेको बताएका फैजलको यो चर्चापछि आमिर र उनको परिवारबाट के प्रतिक्रिया आउने हो भन्नेबारे सबैको चासो छ।

# 'गुरुङ आफैंले मातृभाषा जोगाउने हो'

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले गुरुङ समुदायको मातृभाषा लोप हुँदै गएकाले मातृभाषा संरक्षण र पुस्तान्तरण अभियान घरबाट सुरु गर्नुपर्नेमा जोड दिएका छन्।

नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा बुधबार आयोजित गुरुङ भाषाको 'तमू कए' पत्रिका सार्वजनिक कार्यक्रममा मन्त्री गुरुङले बसाइँसराइका कारण गुरुङ भाषा र संस्कृति लोप हुने खतरा बढ्दै गएको बताए। कुनै समुदायको अस्तित्व उसको भाषा र संस्कृतिमा झल्किने हुँदा गुरुङ समुदायले मातृभाषा संरक्षण र पुस्तान्तरणमा विशेष पहल गर्नुपर्ने उनको भनाइ छ।

'कुनै पनि भाषाको संरक्षण घरबाटै सुरु हुन्छ,' उनले भने, 'तमू भाषा र योसँग जोडिएको मौलिक संस्कृति जोगाउने अभियान सुरु गरिहाल्नुपर्ने जरुरी छ। अहिले संरक्षणसँगै पुस्तान्तरणमा जोड दिएनौँ भने हाम्रा पुर्खाले आर्जेको कला, संस्कृति र भाषा लोप हुँदै जानेछ।'


प्रतिष्ठानले तमू भाषाको पत्रिका पहिलोपटक प्रकाशन गरेकामा धन्यवाद दिँदै मन्त्री गुरुङले यो पहल सकारात्मक देखिए पनि मुख्य भाषालाई जीवन्त राख्ने आधार परिवार र समुदाय हुनपर्नेमा जोड दिए। उनले भने, 'प्रतिष्ठानले पत्रिका निकाल्नु इतिहास हो। तर, वास्तविक भाषा संरक्षण घरबाट सुरु हुनुपर्छ र यसलाई पुस्तान्तरण गर्दै जानुपर्छ।'

मन्त्री गुरुङले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था ल्याउनुको मुख्य उद्देश्य समतामूलक समाज र समावेशी चरित्रको अभ्यास गर्नु रहेको उल्लेख गर्नुभयो। संघीय शासन प्रणालीमा सबैको स्वामित्व महसूस गराउने उद्देश्यले आरक्षण, समावेशी नीति ल्याइएको बताउँदै उनले गुरुङ समुदायले यो अवसरलाई भरपूर उपयोग गर्न नसकेको गुनासो गरे। उनले संविधानले दिएका समावेशीका अवसरलाई उपयोग गरेर राज्यको मूलधारमा पुग्न गुरुङ समुदायले जोड गर्नुपर्ने सुझाव दिए।

आदिवासी जनजाति उत्थान प्रतिष्ठानका उपाध्यक्ष रेशम गुरुङले प्रतिष्ठानमार्फत जनजातिको भाषा, संस्कृति, कला र जीवनशैलीको दस्तावेजीकरण गर्ने कार्य हुँदै आएको बताए। जनजातिलाई निजामती सेवामा पहुँच वृद्धि गर्न निःशुल्क लोकसेवा तालिम सञ्चालन गर्नुपर्नेमा जोड दिँदै उनले निजामती सेवामा गुरुङ समुदाय न्यून उपस्थिति हुनु चिन्ताको विषय भएको बताए।

नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले प्रतिष्ठानप्रति सबै समुदायको साझा अनुभूति गराउन मातृभाषाका पत्रिका प्रकाशन गर्न जरुरी रहेको बताए। यो अभियानलाई प्रतिष्ठानले ढिलै भए पनि निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे।

प्रतिष्ठानका मातृभाषा विभाग प्रमुख राजन मुकारुङले नेपालमा भएका विभिन्न मातृभाषामध्ये, चार वटा भाषाका मातृभाषा पत्रिका अहिलेसम्म प्रकाशन भएका जानकारी दिए।



# मानसिक स्वास्थ्यका कारण नायिकाको वैवाहिक जीवन बिग्रदै

सन् १९९९ ताका हलिउडमा रिलिज भएको 'आइज् वाइड सट' निकै चर्चामा थियो। पति-पत्नीबीचको मानसिक अन्तर्द्वन्द्वमाथि बनाइएको सो फिल्म रिलिज भएको केही समयपछि हलिउडकै सबैभन्दा 'हट' जोडी टम क्रुज र निकोल किडम्यानको पार पाचुके भयो । उनीहरूको पारपाचुके कसरी भयो, संसारै छक्क परेको थियो। पछि खुलासा भयो, निकोलको मानसिक समस्याका कारण टम क्रुजले पारपाचुके गरेका थिए।

किडम्यानको सो मानसिक समस्यालाई मनोवैज्ञानिकहरूले एचएसपी भनी नामकरण गरेका छन्। अत्यधिक संवेदनशील व्यक्ति (हाइली सेन्सेटिभ पर्सन- एचएसपी) को समस्या भएका महिलाहरूले अधिकांशतः 'नाटकबाज' भएको आरोप खेप्नुपर्ने हुन्छ।

वैज्ञानिकहरू भन्छन्, 'एचएसपी वास्तवमै फरक तरिकाले सोच्ने हुन्छन्।' गत वर्ष सार्वजनिक गरिएको एउटा अध्ययनले एचएसपीहरू ज्यादै संवेदनशील हुने भएकाले उनीहरूलाई मानसिक स्वास्थ्यको समस्या बढी नै हुन्छ। उनीहरू बढी चिन्ता गर्छन्, उनीहरूलाई चाँडै अवशाद (डिप्रेशन) मा पर्ने गर्छन्। १२ हजारभन्दा बढी व्यक्तिको शोधमा यो पत्ता लागेको हो।

क्विन मेरी युनिभर्सिटी अफ लन्डनका मनोचिकित्सक तथा अनुसन्धानकर्मी टम फाल्केनस्टाइन भन्छन्, 'हामीले संवेदनशीलता र विभिन्न मानसिक समस्याहरू–जस्तै डिप्रेशन, चिन्ता, पोस्ट-ट्रमाटिक स्ट्रेस डिसअर्डर (एटीएसडी), अगोराफोबिया र अवोइडेन्ट पर्सनालिटी डिसअर्डरजस्ता समस्याबीच एउटा सकारात्मक सम्बन्ध फेला पार्‍यौं। हाम्रो निष्कर्षले उपचार योजनामा संवेदनशीलतालाई ध्यानमा राख्न सकिन्छ भन्ने पत्ता लागेको छ।' उनका अनुसार, एचएसएहरूले मनोवैज्ञानिक उपचारमा कम संवेदनशील व्यक्तिभन्दा प्रायः राम्रो प्रतिक्रिया दिने सम्भावना देखिएको छ।

एचएसएलाई चिकित्सकीय परिभाषामा 'शारीरिक, भावनात्मक वा सामाजिक उत्तेजनामा केन्द्रीय स्नायु प्रणालीको उच्च संवेदनशील व्यक्ति भनिन्छ। यो शब्द १९९० दशकको मध्यतिर मनोवैज्ञानिक इलेन एरोनले लोकप्रिय बनाएकी थिइन्। उनले एचएसएहरूमा खतराबारे अत्यधिक विकसित चेतावनी प्रणाली हुन्छ। यो प्रायः वंशानुगत जीनका कारणले भएको मानिन्छ।

पछि भएका अन्य अनुसन्धानहरूले एचएसएहरूमा डोपामिनजस्ता न्यूरोट्रान्समिटरको मात्रा बढी हुने र त्यसैले उनीहरू बढ्ता उत्तेजित हुँदै प्रतिक्रिया दिने गर्छन्। केही अध्ययनमा बाल्यकालको आघातलाई पनि कारकका रूपमा उल्लेख गरिएको छ। निकोल किडम्यान मात्र होइन, हलिउडकी अर्की अभिनेत्री मिरान्डा हार्ट र हालै डेविड बोवीकी छोरी लेक्सी जोन्सजस्ता नामी व्यक्तिहरूले आफू एचएसए भएको सार्वजनिक रूपमा घोषणा गरेका थिए।

क्लिनिकल साइकोलजीकल साइन्स पत्रिकामा प्रकाशित निष्कर्षमा भनिएको छ- संवेदनशीलता र मानसिक स्वास्थ्यबीच उल्लेखनीय सम्बन्ध छ। साथै, अगोराफोबिया र अभ्वोइडेन्ट पर्सनालिटी डिसअर्डरसँग पनि मध्यम स्तरको सकारात्मक सम्बन्ध देखिन्छ।

प्रायः धेरै र गहिरो सोच्ने प्रवृत्ति, अत्यधिक उत्तेजनामा प्रतिक्रिया दिने गर्दा उनीहरूमा चिन्ता र अवशाद थप्ने गर्छ। भविष्यका परिणामबारे धेरै चिन्ता गर्ने र भविष्यमा हुने सम्भावित नकारात्मक अवस्थाहरूमाथि बढी कल्पना गर्ने प्रवृत्तिले उनीहरूमा यो रोग बढ्ने देखिएको छ। अधिकांश अवस्थामा अवशादमा वातावरणीय कारणहरूले बढी भूमिका खेल्ने वैज्ञानिकहरूले बताएका छन्।

नेपालमा पनि कतिपय नायिकाहरू चाँडै प्रतिक्रिया गर्ने, सहकर्मीहरूसँग झगडा नै गर्ने प्रवृत्ति हुन्छ। त्यस्तो हुनुमा अत्यधिक संवेदनशील व्यक्तिहरू नकारात्मक मात्र होइन, सकारात्मक अनुभवहरूबाट पनि बढी प्रभावित हुन्छन्। त्यसैले उनहिरूको वातावरण उनीहरूको मानसिक स्वास्थ्यका लागि महत्त्वपूर्ण हुने युनिभर्सिटी अफ सरेका प्राध्यापक माइकल प्लुइसको धारणा छ। त्यसो त अनुसन्धानकर्ताहरूले यो अनुसन्धानमा केही कमजोरी पनि हुन सक्ने स्वीकारेका छन्। अध्ययनमा औसत उमेर २५ वर्ष थियो र प्रायः उच्च शिक्षित युवतीहरू संलग्न थिए। अझै व्यापक स्तरमा यसको परिणाम अझै फरक देखिन सक्ने केही वैज्ञानिकहरूको धारणा छ। ताजा तथ्यांकअनुसार, कोभिड १९ को महामारीअघि भन्दा अहिले मानसिक उपचार खोज्नेको संख्या निकै बढेको छ। अहिले बेलायतमा यस्तो मानसिक उपचार खोज्नेको संख्या वार्षिक ४० लाख पुगेको छ।

हालै बेलायतको राष्ट्रिय तथ्यांक कार्यालयले प्रत्येक चारजना बालबालिकामध्ये एक जनामा मानसिक समस्या भएको देखिएको बताएको छ। यो संख्या अघिल्ला वर्षहरूमा पाँचमध्ये एक थियो। गत वर्ष बेलायतको स्वास्थ्य विभाग एनएचएसले १८ वर्षमुनिका बालबालिकालाई महामारी अघि भन्दा ५५ प्रतिशत बढीलाई उपचार गरिरहेको छ। कयौं अध्ययनहरूले महामारी र बन्दाबन्दीका कारण बालबालिकाको सामाजिक तथा भावनात्मक विकासमा ठूलो असर परेको र मानसिक समस्या अझै बढ्न सक्ने देखाएका छन्।

# बादी समुदायलाई मादल थाम्नु न छाड्नु

**विगतमा घुमन्ते जीवन बिताउँदै आएको यो समुदायको स्थायी बसोबासको सुनिश्चितता भए पनि रोजगारी अभावमा छिमेकी मुलुक भारतलाई रोजीरोटी आर्जनको थलो बनाउन बाध्य**

बल्चौरका तीर्थ बादीलाई मादल बनाउने चटारो छ। सखारै उनी काठ काट्ने औजार लिएर घरबाहिर मादल बनाउन राखिएको काठको घार मिलाउँछन्। त्यसपछि तयार भएको मादलमा खरी लगाउने, सुकाउने र डोरी कस्छन्।

नारीहरूले सौभाग्य र समृद्धिका निम्ति धार्मिक परम्परानुसार शिवपार्वतीको उपासना एवं पूजा गर्ने तीज नजिकिएसँगै उनको व्यस्तता बढेको हो। मादलको मौसममा मादल बनाउने र बेच्ने फुर्सद हुँदैन।

शिल्पी तीर्थको सानो कच्ची घर छ। समीपको अर्को कटेरोलाई उहाँले मादलको गोदाम बनाएका छन्। उनले त्यो गोदाममा बेच्नका लागि ठिक्क पारेका एक दर्जन बढी मादल राख्नु भएको छ। मादल बनाउनको लागि तयार पारेका काठका घार पनि भण्डार गर्नुभएको छ। 'एउटा मादल साधारणतया तयार गर्न ४ दिने लाग्ने गर्दछ। तर मादल बनाउँदा एक दिन घार तयार पार्ने, अर्को दिने कस्ने र खरी लगाउने गरिन्छ। खरी लगाएको मादललाई सुकाएर 'फिनिसिङ' गर्नुपर्छ,' उनले भन्नुभयो।

मादल बनाउने काठ अभाव भएको उनको गुनासो छ। रिट्ठा र आँपको काठमा कला भर्ने उनी बाख्रा, राँगाको छाला र खरीढुंगाबाट मादल उत्पादन गर्ने गरेको बताउँछन्। मादल बेचेर वार्षिक छ लाखसम्म आम्दानी हुनेगरेको छ।

'सातजनाको परिवार यसैले पालेको छु' उनले भने, 'एउटा मादले तीन हजारदेखि १५ हजार रुपैयाँसम्ममा बिक्री हुने गरेको छ। १६ वर्षदेखि मादल बनाउँदै आएको छु।' स्थानीय सरकारको सहयोग पाएमा मासिक ५० वटा मादल उत्पादन गर्न सकिने बताउँदै उनले आधुनिक बाजाले आफूहरूको पेसा संकटमा परेको सुनाए।

बल्चौरकै अर्का मादल व्यवसायी किस्न बादी पनि मादल बनाउन व्यस्त छन्। तीजमा मादलको माग बढ्ने भएकाले उनलाई चटारो छ। किस्न बादीको पनि मुख्य आयस्रोत मादल बेच्ने नै हो। बजारको आधुनिक मादलले आफ्नो पेसा नै संकटमा परेको सुनाउँदै किस्न बादी व्यावसाय सञ्चालनका लागि स्थानीय र प्रदेश सरकारसँग सहयोगको अपेक्षा गरे। उनले मादल बेचेरै वार्षिक ३/४ लाख रुपैयाँ आम्दानी गर्ने गरेको बताए।

बादी समुदायले लामो समयदेखि मादल, दमाहा ठेकी, सुल्फा, हुक्का बनाएर जीविकोपार्जन गर्दै आएको भए पनि हाल आफ्नो पेसा संकटमा परेको दुखेसो उनले गरे। उनले आफ्नो पीडा सुनाउँदै भने, 'हिजोआज वनबाट मादल बनाउने काठ ल्याउन पाइँदैन।'

बादी समुदायले परम्परागत पेसाका रूपमा मादल बनाउँदै आएकामा समाजमा आधुनिक बाजाको प्रचलन बढ्दै जाँदा परम्परागत बाजाको प्रयोग घट्न थालेपछि बादी समुदायको बाजा बनाउने पेसा संकटमा परेको लम्कीचुहा नगरपालिका-३ बल्चौरका रमेश बादीले बताए।

लम्कीचुहा नगरपालिका-३ बल्चौरमा बादी समुदायका एक सय ७१ घर छन्। विगतमा घुमन्ते जीवन बिताउँदै आएको उक्त समुदायले स्थायी रूपमा बसोबासको सुनिश्चितता भए पनि रोजगारीको अभावमा छिमेकी मुलुक भारतलाई रोजीरोटी आर्जनको थलो बनाएका छन्। यद्यपि यो समुदायका केही सदस्य मादललगायत बाजाका साथै घरेलु हतियार हँसिया, खुकुरी, बन्चरो, खुर्पा तथा कृषि औजार बनाएर परम्परागत पेसालाई निरन्तरता दिइरहेका छन्। बजार अभावमा आफूहरूलाई टिक्न कठिन भएको उनीहरूको गुनासो छ।



नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४५००७७७, इमेलः news@news24dainik.com, अध्यक्षः अनिल जोशी, प्रबन्ध निर्देशकः अदिश जोशी, प्रधान सम्पादकः तीर्थ कोइराला